




# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA



नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्

कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं

सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९

एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)



» बुधबार, भदौ २८, २०७४ » Wednesday, September 13, 2017 » www.newsofnepal.com » नेसं ११३७ ञला गाः ८ » वर्ष २३, अंक २४६ » पृष्ठ १२ » मूल्य रू. १०/–


# मापदण्डअनुसार भवन निर्माण गर्दा अवरोध

## महानगर भन्छ : भवन निर्माण नियमसंगत छ



अहिले बन्दै गरेको चार तल्ले महर्जन कम्प्लेक्स



पुरानो सात तल्ले क्लासिक होटल

ईश्वरराज ढकाल, काठमाडौं

स्वीकृत नक्साअनुसार जुद्ध सडकनजिकै निर्माणाधीन क्रिस्टल भवन मापदण्डअनुसार नै बनिरहेको काठमाडौं महानगरपालिकाले जनाएको छ। कामपाले २०७३ मंसिर २१ मा नक्सा स्वीकृति दिएपछि महर्जन विजनेस एसोसिएटले भवन निर्माण शुरु गरेको हो। तर केही स्थानीयले पुरातत्त्व विभागको मापदण्ड विपरीत भएको भन्दै विरोध जनाएपछि भवन निर्माण विवादमा तानिएको छ।

करिब ५० वटा पसलसँगै १ हजारलाई रोजगारी उपलब्ध गराउने योजनासहित निर्माणाधीन सो भवनलाई स्थानीयको नाममा केही व्यक्तिले एकलौटी रूपमा विरोध गरिरहेका छन्। हनुमानढोका दरबार क्षेत्र वरपर दर्जनौं भवन निर्माण भइरहेको भए पनि त्यसमा चासो नदेखाउने स्थानीयले क्रिस्टल भवन भत्काउन दबाब दिन थालेका छन्।

स्थानीय गणपतिलाल श्रेष्ठको नेतृत्वको टोलीले मापदण्ड विपरीत भवन निर्माण गरिरहेको आरोप लगाउँदै विभिन्न निकायमा दबाब दिन थालेका छन्। 'नक्सा पास गरेर निर्माण भइरहेको अवस्थामा एकोहोरो रूपमा दबाब दिनुको कुनै औचित्य छैन।' -एक स्थानीयले भने। तर श्रेष्ठले अन्य भवनको विषयमा पछि विचार गर्ने बताउँदै सो भवनलाई मापदण्डअनुसार नै निर्माण गर्न लगाएरै छाड्ने स्पष्ट पार्नुभयो। कामपाले नक्सा पास गऱ्यो भन्दैमा आफूहरूले विरोध गर्न नहुने भन्ने विषय गलत भएको तर्क राख्दै उहाँले भन्नुभयो- 'गल्ती कामको विपक्षमा उभिएका हौं, कसैको विरुद्धमा होइन।' कम्पनीले भने कामपाले स्वीकृत गरेको नक्साअनुसार निर्माण गरेको बताउँदै आइरहेको छ। केही स्थानीयले दुई तलासम्म अन्डरग्राउन्ड निर्माण गरेको, मापदण्ड विपरीत ३५ फिटभन्दा बढी उचाइमा निर्माण जारिराखेकोलगायतको आरोप लगाएका छन्। तर सो भवनको निरीक्षण गर्दा वेसमेन्ट दुई तला देखिँदैन।

कामपाका नक्सा महाशाखा प्रमुख रामबहादुर थापाले २ हजार स्क्वायर फिटभन्दा बढी क्षेत्रफल भएको कुनै पनि भवन निर्माण गर्दा अनिवार्य रूपमा अन्डरग्राउन्ड निर्माण गर्नुपर्ने व्यवस्था गरेकाले सोहीअनुसार निर्माण भइरहेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो- 'नक्सा पास भएपछि कसरी कानुन विपरीत हुन्छ? नक्सा पास गरी भवन निर्माण गरिरहेको कम्पनीलाई हचुवाको भरमा दोष लगाउन मिल्दैन।' उहाँले सो भवनको चार तले नक्सा पास भएको बताउनुभयो।

(क्रमशः पृष्ठ ९ मा)

आचारसंहिता उल्लंघनका घटना बढे

# उल्लंघन गर्नेमा मन्त्री अगाडि

सुनील महर्जन, काठमाडौं

स्थानीय तहको तेस्रो चरणको निर्वाचन नजिकिँदै गर्दा प्रमुख राजनीतिक दलका प्रमुख र राज्य सञ्चालनको महत्त्वपूर्ण हैसियतमा पुगेका व्यक्ति नै निर्वाचन आचारसंहिता उल्लंघन गर्ने घटनामा संलग्न रहेको पाइएको छ।

असोज २ गते २ नम्बर प्रदेशका ८ जिल्लाका १ सय ३६ स्थानीय तहमा निर्वाचन हुनेछ। प्रमुख राजनीतिक दलका नेता र मन्त्री, सांसदले आ-आफ्नो राजनीतिक दलका उम्मेदवारलाई जिताउन चुनाव प्रचारप्रसारमा सहभागी हुने क्रममा निर्वाचन आचारसंहिता उल्लंघन गरेका हुन्।

निर्वाचन आचारसंहिता उल्लंघनका घटनाको प्रकृतिमा चुनाव प्रचारप्रसारका क्रममा चुनाव चिह्न अंकित टोपी, टिसर्ट र झोलाको प्रयोग, सरकारी गाडीको प्रयोग, मोटरसाइकल ऱ्याली गर्ने, कर्मचारीको मनपरी सरुवालगायत रहेका छन्। त्यसैगरी आचारसंहिता उल्लंघनका घटनामा टिसर्ट, झोला, स्टिकर, गम्छा, सल, खादाजस्ता जिन्सी सामग्रीमा आफ्ना निर्वाचन चिह्न अङ्कित गरी मतदातालाई वितरण गर्ने स्थानीय तहका गाउँसभा/नगरसभा/जिल्लासभालाई नीति, बजेट तथा कार्यक्रममा विशिष्ट अतिथिका रूपमा सरकारका मन्त्री, व्यवस्थापिका-संसद्का सदस्यले उद्घाटन गर्ने खालका कार्य रहेका छन्।

नेकपा (एमाले)का वरिष्ठ नेता एवम् पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले सो पार्टीको निर्वाचन चिह्न सूर्य अंकित टोपी लगाएर गत भदौ १२ गते सोमबार वीरगन्जमा निर्वाचनको प्रचारप्रसारमा संलग्न हुनु भएयता निर्वाचन आचारसंहिता उल्लंघनका घटनाले तीव्रता पाएका हुन्।

यससँगै आयोगले निर्वाचन आचारसंहिता उल्लंघन गरेको भन्दै गत शनिबार संघीय मामिला तथा स्थानीय विकास मन्त्रीसमेत रहनुभएका उपप्रधानमन्त्री विजयकुमार गच्छदार, जलस्रोत राज्यमन्त्री अमर पुनदेखि गृहमन्त्री जनार्दन शर्मासमेतलाई स्पष्टीकरण सोधिसकेको छ।

त्यसैगरी आयोगले मंगलबार व्यवस्थापिका संसद्का उपसभामुख गंगाप्रसाद यादवलाई आचारसंहिता उल्लंघन गरेकामा स्पष्टीकरण सोधेको आयोगका प्रवक्ता नवराज ढकालले *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो।

निर्वाचनको प्रचारप्रसारमा सप्तरी जिल्लामा उपसभामुख यादवले भारतीय नम्बर प्लेटका गाडी प्रयोग गरी निर्वाचन आचारसंहिता उल्लंघन गरेको आयोगले जनाएको छ। 'व्यवस्थापिका संसद्को उपसभामुख पदमा आसीन व्यक्तिले यसरी आचारसंहिता विपरीत चुनाव प्रचारप्रसार गरेबापत यहाँलाई कारबाही हुनुपर्ने हो होइन? २४ घण्टाभित्र आयोगसमक्ष स्पष्टीकरण पेस गर्न निर्देशन दिइएको छ।' -आयोगले उपसभामुख यादवलाई पठाएको पत्रमा भनिएको छ।

सरकार, राजनीतिक दलका नेता र सांसदबाटै आचारसंहिता उल्लंघनका घटनाले तीव्रता पाउनुले स्वच्छ निर्वाचनमा प्रभाव पार्ने आयुक्तहरू बताउँछन्।

(क्रमशः पृष्ठ ९ मा)

# दर्ज्यानी चिह्न पाखुराको सट्टा काँधमा



काठमाडौं, (नेस)

नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका जवानदेखि वरिष्ठ हवल्दारले पाखुरामा लगाउँदै आएको दर्ज्यानी चिह्न अब काँधमा लगाउने भएका छन्।

यसअघि पाखुरामा लगाउँदै आएको चिह्न बेलाबेलामा हराउने, आन्दोलनमा जाँदा प्रहरी जवान तथा प्रहरी वरिष्ठ हवल्दारको दर्ज्यानी चिह्न हराउने क्रम बढेको भन्दै दुवै संगठनले अब ती दर्ज्यानी चिह्न कुममा नै लगाउने व्यवस्था गरेको हो।

(क्रमशः पृष्ठ ९ मा)

# कुपोषित बालकलाई उपचार गर्न आर्थिक समस्या

कालीबहादुर मल्ल
कालिकोट

जिल्लामा कडा खाले कुपोषणका बिरामी भेटिन थालेका छन्। जिल्ला खाद्यान्नमा आत्मनिर्भर नहुँदा कडा कुपोषणका बिरामी भेटिन थालेका हुन्। जिल्लामा कुपोषणका कारण धेरै बालबालिकाको मृत्युसमेत भइसकेको छ।

जिल्लाको तिलागुफा नगरपालिका ११ का गोगन विकका ४ वर्षीय छोरा नयाराम विकलाई कडाखालको कुपोषणको लक्षण देखिएको स्वास्थ्य चौकी इन्चार्ज दुर्गाप्रसाद आचार्यले बताउनुभयो। 'सोमबार स्वास्थ्य चौकीमा उपचार गराउन आएका विकमा कडा खालको कुपोषण देखिएको छ', उहाँले भन्नुभयो- 'स्थानीय स्वास्थ्य संस्थामा उपचार हुन नसकेपछि थप उपचारका लागि जिल्ला अस्पतालमा रिफर गरेका छौं।'

(क्रमशः पृष्ठ ९ मा)



# डीआईजी सिलवालद्वारा राजीनामा

काठमाडौं, (नेस)

नेपाल प्रहरीका डीआईजी नवराज सिलवालले राजीनामा दिनुभएको छ।

आईजीपी नियुक्ति प्रकरणमा मंगलबार सर्वोच्च अदालतले उहाँको मागदाबी पूरा नहुने भन्दै रिट खारेज गरेपछि उहाँले राजीनामा दिनुभएको हो।

सिलवालले ३० वर्षे प्रहरी सेवामा रहँदा कयौंपल्ट प्रहरी संगठनको गरिमालाई उच्च राख्ने काम गरे पनि सरकारले आफ्नो योगदानको कुनै मूल्यांकन नगरेको भन्दै प्रहरी सेवामा रहिरहन ठीक नलागेको बताउनुभएको छ।



सञ्चारकर्मीसँग संक्षिप्त प्रतिक्रिया दिँदै सिलवालले जीवनभर आफूले कानुनको परिपालना गरेको तर आफूमाथि राज्यबाटै योजनाबद्धरूपमा आक्रमण भएको बताउनुभयो।

(क्रमशः पृष्ठ ९ मा)




महानगर

युरोप यात्रा ७

# बेल्जियममा नेपालीका अभिभावक



बेल्जियम पुग्ने जोकोही नेपालीले सबैभन्दा पहिले चिन्ने, जान्ने र खोज्ने नाम हुन् रवीन्द्रमान श्रेष्ठ र उहाँकी धर्मपत्नी रजनी प्रधान। झन्डै तीन दशकअगाडि नै बेल्जियम पुगेर त्यहाँको रैथानेजस्तै भइसकेकाले र बेल्जियम पुग्ने जोकोही नेपालीलाई हार्दिकताका साथ स्वागत गर्ने कारणले मात्र यी दम्पती यति चर्चित भएका भने होइनन्। बेल्जियमको राजधानी ब्रसेल्समा रहेर पनि लामो समयदेखि नेपाल र नेपालीको पहिचानका लागि समर्पित हुँदै आएका कारण श्रद्धास्वरूप त्यहाँ पुग्ने नेपालीहरू यी श्रेष्ठ दम्पतीलाई भेट्न लालायित हुने गरेका रहेछन्।

बेनेलक्सका लागि युरोपियन इकोनोमिक चेम्बर अफ ट्रेड कमर्स एन्ड इन्डस्ट्रिज ईईसी नेपालका प्रतिनिधि रवीन्द्रमान श्रेष्ठ गैरआवासीय नेपालीहरूको संस्था एनआरएनए बेल्जियम र सनातन धर्म सेवा परिषद् बेल्जियमका संस्थापक अध्यक्ष पनि हुनुहुन्छ। बेल्जियमस्थित नेपाल व्यापार संघ, विश्व नेवाः संघ, कपिलवस्तु अभियान आदि संस्थाका सल्लाहकार श्रेष्ठ हाल बेल्जियम-नेपाल मैत्री संघका उपाध्यक्ष पदमा समेत कार्यरत हुनुहुन्छ। यति धेरै पद र जिम्मेवारीबाटै अनुमान लगाउन सकिन्छ कि बेल्जियममा उहाँहरूको मान, सम्मान, विश्वास र लोकप्रियता कति रहेछ भन्ने कुरा।

श्रेष्ठकी धर्मपत्नी रजनी प्रधानले पनि सन् २०१३ र २०१५ गरी दुईपटक गैरआवासीय अन्तर्राष्ट्रिय महिलाको सफलतापूर्वक सहसंयोजकको जिम्मेवारी निर्वाह गरिसक्नुभएको छ। हाल उहाँ विश्वभर छरिएका एनआरएन महिलाहरूको फोरम गठन गरी 'एक नेपाली एक युरो' को नारा दिएर गरिब नेपाली महिलालाई सीपमूलक तालिम दिने प्रोजेक्टका लागि सहयोग जुटाउनमा व्यस्त हुनुहुन्छ।

टेस्ट ट्युबबाट तीन सन्तान जन्माउने नेपालीको कीर्तिमान राख्ने पनि आफूहरू नै भएको बताउँछन् यी दम्पनी। टेस्ट ट्युबबाट सन् १९९४ मा उनीहरूको पहिलो सन्तान जन्मिएको थियो। अहिले २४ वर्ष पुगिसकेका पहिलो सुपुत्र आदित्यमान श्रेष्ठ टेस्ट ट्युबबाट विदेशमा जन्मिएका पहिलो नेपाली हुन् भन्ने यी दम्पतीको दाबी छ। पछि छोरीको चाहनाले आफूसँग बाँकी रहेको एउटा अण्डालाई टेस्ट ट्युबमार्फत् जन्माउन चाहे पनि जुम्ल्याहा छोरा जन्मेको बताउनुहुन्छ, रवीन्द्रमान श्रेष्ठ।

बेल्जियममा रहेर पनि अधिकांश समय नेपालको संस्कृति, धर्म, कला, नेपाली खाना, भाषा, पर्यटन प्रवर्द्धनका लागि समय खर्चिरहने समाजसेवी दम्पती रवीन्द्रमान श्रेष्ठ र रजनी प्रधानसँग ब्रसेल्सस्थित उहाँहरूकै निवासमा गरिएको कुराकानीको सारसंक्षेप :

**तपाईंहरू बेल्जियममा कहिले र किन आउनुभएको थियो ?**

हामी सन् १९९१ मा अध्ययनको सिलसिलामा बेल्जियम आएका थियौं। म यसअघि त्रिभुवन विश्वविद्यालय र त्रिचन्द्र कलेजमा भूगर्भशास्त्रको प्राध्यापक थिएँ। त्रिभुवन विश्वविद्यालयले नै दुई वर्षका लागि फ्री युनिभर्सिटी अफ ब्रसेल्समा पोस्ट ग्राजुएटको अध्ययन गर्न छात्रवृत्तिमा मलाई यहाँ पठाएको हो।

**नेपाललाई त्यस्तो माया गर्ने बौद्धिक व्यक्तित्वका धनी तपाईं नेपाल नफर्किएर किन यतै बस्नुभएको त?**

शुरूमै गहिरो प्रश्न गर्नुभयो। म एउटा समस्या परेर यतै बस्न बाध्य भएको हुँ। विवाह गरेको धेरै वर्षसम्म पनि सन्तान भएनन्। नेपालमा रहँदा वरिष्ठ चिकित्सक डा. भोला रिजाललगायत धेरै डाक्टरलाई जचाएँ, सल्लाह लिएँ, तर कतैबाट पनि समस्या समाधान नभएपछि हामी एकदमै निराश भएका थियौं। बेल्जियम पुगेको केही समयमै यहाँका वरिष्ठ प्रसूति विज्ञ डाक्टरहरूलाई जचायौं। उनीहरूले रजनीको सबै समस्या बुझिसकेपछि टेस्ट ट्युबबाट बच्चा जन्माउन सकिने सल्लाह दिए। बेल्जियममा त्यस बेलै विकास भइसकेको यो प्रविधिको सदुपयोग नेपालमा लिन नसकिने देखिएपछि सन्तान-सुखकै लागि भए पनि हामी यहाँ अड्किन बाध्य भएका हौं।

**सन्तान प्राप्तिपछि त नेपाल फर्कन सक्नुहुन्थ्यो होला नि?**

बच्चा नर्मल हिसाबले जन्मिएको थिएन। तसर्थ बच्चालाई फलोअपका लागि चिकित्सककोमा नियमितरूपमा गइरहनुपर्ने हुन्थ्यो। उता अध्ययन पनि चलिरहेकै थियो। बच्चा हुर्काउन नेपालमा चिकित्सकीय सुविधा पनि नहुने भएकाले बरु हामी यहाँबाट क्यानाडा गयौं।

**बच्चा हुर्काउनका लागि मात्रै क्यानाडा जानुभएको त ?**

बेल्जियममा अध्ययन गर्दा एक चिनियाँसँग मेरो गहिरो मित्रता कायम भयो। अध्ययनपछि उनी क्यानाडा गएर त्यहीं सेटल भएका रहेछन्। उनी सधैं क्यानाडा आउन प्रोत्साहित गरिरहन्थे। त्यहाँको विकास र व्यवस्थाबारे पनि प्रशंसा गरिरहेका हुन्थे। त्यसैले अध्ययन सकिएपछि आफ्नो र बच्चाको भविष्य हेरेर क्यानाडा गएका हौं।

**अहिले त फेरि बेल्जियममै हुनुहुन्छ नि ?**

हामी ब्रसेल्स छोडेर क्यानाडाको टोरन्टोमा गएका थियौं। काठमाडौंमा देशभरिबाट मान्छे ओइरेजस्तो टोरोन्टोमा पनि संसारभरबाटै मान्छे ओइरिने रहेछन्। ब्रसेल्सजस्तो शान्त ठाउँमा बसिरहेका हामी, टोरन्टोमा त उकुसमुकुस नै हुने। त्यहाँको शिक्षा नीति र संस्कृति पनि हामीसँग पटक्कै नमिल्ने। स्कुलमा बच्चाहरूलाई दिइने शिक्षा त झन् अत्यन्तै अव्यावहारिक रहेछ। स्कुल पुग्दा बच्चाको अनुहार अलि अँध्यारो देखियो भने तुरुन्तै अभिभावकलाई बोलाइहाल्ने। स्कुलमा गएर चाहिने-नचाहिने स्पष्टीकरण दिनुपर्ने। बच्चाले अभिभावकविरुद्ध उजुरी दियो भने त झन् प्रहरी आएर आमा-बाबुबाट बच्चा नै खोसेर लाने रहेछ। बच्चालाई स्वतन्त्र छोड्नुपर्ने कानुनले गर्दा सधैं चिन्ता लिइरहनुपर्ने भएकाले पनि हामीलाई क्यानाडामा बस्न प्रेरित गरेन। अनि सन् १९९९ मा हामी नेपालमै फर्क्यौं।

**जन्मभूमि नेपालमा फर्किसकेर पनि फेरि के कुराले तपाईंहरूलाई बेल्जियममा आएर बस्न बाध्य गरायो ?**

युरोपका धेरै देश अत्यन्तै व्यवस्थित समाजवादले चलेका छन्। त्यसमध्ये एउटा देश बेल्जियम पनि हो। बेल्जियमको नागरिक भइसकेपछि आफ्ना नागरिकप्रति यहाँको सरकार अत्यन्तै जवाफदेही भएर काम गरिरहेको हुन्छ। मेरो छोरो यहीं जन्मेको र लामो समयदेखि बेल्जियम सरकारको सम्पर्कमा नरहेकाले यहाँको सरकारले उसको खोजी गर्दै नेपालसम्म आइपुग्यो। बेल्जियम प्रशासनको अनुमतिबेगर बच्चालाई नेपालमा राख्न नसकिने भएपछि हामीलाई फेरि घुमिफिरी बेल्जियममा नै फर्कन बाध्य गराएको हो।

**यहाँ बेल्जियम फर्केपछि पहिलो काम के गर्नुभयो त?**

पहिले नै लामो समय यहाँ बसिसकेकाले भावनात्मक कारणले पनि हामीलाई ब्रसेल्स बस्न गाह्रो भएन। नेपालमा भए-गरेका स्थायी जागिरसमेत छोडेर आएका कारण फेरि यहाँ जागिर खोजिरहन मन लागेन। त्यस बेला नेपालमा बन्ने कार्पेट, पस्मिना, ज्वेलरी र हस्तकलाका सामानको युरोपमा धेरै ठूलो माग थियो। त्यसैले यहाँ यसैको व्यवसाय गरियो। पछि भारत, थाइल्यान्ड, बंगलादेशजस्ता देशबाट यस्तै प्रकारका नक्कली र मेसिनले बन्ने सामानहरू आउन थालेपछि हामीले प्रतिस्पर्धा गर्न सकेनौं। फेरि हातबाट बन्ने हाम्रा उत्पादनहरू महँगो हुने भएकाले हाम्रा सामानको माग विस्तारै घट्दै गयो। पछि नेपालमा उत्पादन हुने चाउचाउ, मदिरा, चिउराजस्ता खाद्यवस्तु मगाएर व्यापार गर्न थाल्यौं। अहिले पनि हामी यहाँ यही व्यवसाय गरिरहेका छौं।



आफ्ना तीन छोराहरूसँग श्रेष्ठ दम्पती ।

**आफ्नै व्यवसायमा व्यस्त हुँदाहुँदै पनि सामाजिक कार्यमा कसरी लाग्नुभयो?**

युरोपमा छरिएर बसेका नेपालीलाई संगठित गरी आफ्नै देशका लागि केही गर्न पाए हुन्थ्यो भन्ने सोच आइरहन्थ्यो। यही बीचमा एनआरएनको धारणा आयो। आफ्नो सोचसँग एनआरएनको उद्देश्य मिल्न गएकाले हामी दम्पती नै यसलाई संगठित गर्नेतिर लाग्यौं। यहाँ बसोबास गरिरहेका नेपालीले पनि हौसला दिँदै मलाई नै एनआरएन बेल्जियमको पहिलो अध्यक्ष बनाए। सन् २००४ मा यहाँ एनआरएनको स्थापना गरेपछि पोर्चुगल, इटली, स्पेन, लक्जेमबर्गजस्ता युरोपका अन्य मुलुकमा पनि गएर एनआरएन स्थापना गर्न सहयोग गर्‍यौं। यससँगै एनआरएनका पहिलो संस्थापक अध्यक्ष उपेन्द्र महतोको अग्रसरतामा यसलाई संसारव्यापी बनायौं। फेरि तपाईंलाई राम्ररी थाहा छ, युरोपमा आएर बस्नु त्यति सजिलो छैन। यहाँ १०औं वर्षअघि नेपालबाट शरणार्थीका रूपमा आएकाहरूले स्थायी बसोबासका लागि कानुनी हैसियत प्राप्त गर्न सकिरहेका छैनन्। भाषाको उस्तै समस्या छ। राम्रो काम पाउन उत्तिकै गाह्रो छ। यसरी विभिन्न कारणले अल्झिरहेका नेपालीहरूलाई सहयोग गर्दागर्दै समाजसेवी बनियो।

**युरोपका धेरै ठाउँमा नेपालमा उत्पादन हुने चाउचाउ र अन्य खाद्य पदार्थ देख्यौं। यो कतै तपाईंहरूले नै सप्लाइ गर्नुभएको त होइन?**

तपाईंको अनुमान बिल्कुल सही छ। हामीले युरोपका विभिन्न देशमा गएर एनआरएन स्थापना गर्ने क्रममा नेपालमा उत्पादन हुने खाद्यवस्तु कतै देखेनौं। यसभन्दा अघि हामीले सन् २००६ मा पहिलोपटक बेल्जियममा वाईवाई चाउचाउ ल्याएर बेचिसकेका थियौं। यससँगै पेय पदार्थसहित फापरदेखि मसलासम्मका वस्तु नेपालबाट आयात गरेर युरोपका धेरै देशमा वितरण गर्न थाल्यौं। नेपालबाट चाउचाउहरू मगाएर बेचेपछि नै युरोपमा पनि चाउचाउ खाने चलन शुरू भएको भन्दा हुन्छ। आफ्नो देशको उत्पादन यहाँ ल्याएर बिक्री गरी प्रवर्द्धन गर्न पाउँदा अत्यन्तै आत्मसन्तुष्टि मिल्दो रहेछ।

**नेपाली संस्कृति र कलाक्षेत्रको उत्थानका लागि पनि यहाँहरू जोडतोडले लागिरहनुभएको देखियो नि ?**

हामी काठमाडौंको कोर एरिया थहिंटी, ठमेलमा जन्मे-हुर्केको मान्छे। तपाईं त झन् काठमाडौंको मुटु काष्ठमण्डपमै हुर्केको नेवार। काठमाडौं उपत्यकाको इन्द्रजात्रा, म्हपूजा, गाईजात्रा हेरेर हुर्केका मान्छे। संस्कृति भनेपछि तपाईं-हामी हुरुक्कै हुने मान्छे हौं। त्यसैले सन् २००४ मा यहाँ बेल्जियममा पासा पुचः नामको संस्था गठन गरी म्हपूजादेखि नेवारहरूका अन्य चाडपर्व मनाउन शुरू गरियो। अहिले विश्व नेवा संघको नाममा यो क्रम विश्वभर फैलिएको छ। हाल यस संस्थाका अध्यक्ष अमेरिकामा बसोबास गरिरहनुभएका सिजन श्रेष्ठ हुनुहुन्छ भने बेल्जियमको नेवा पासा पुचःको अध्यक्षमा भीम जोशी हुनुहुन्छ। म यी संस्थाका संस्थापक अध्यक्ष तथा सल्लाहकारमा छु।

**रवीन्द्रजी, तपाईं बेल्जियमको सनातन धर्म सेवा परिषद्का पनि संस्थापक अध्यक्ष हुनुहुँदो रहेछ। क्रिस्चियन धर्मावलम्बीहरूको बाहुल्यता रहेको देशमा हिन्दु धर्मका लागि के गर्दै हुनुहुन्छ?**

हामी हिन्दुहरू संसारको जुन कुनामा पुगे पनि देवी-देवताको पूजा गरिरहेका हुन्छौं। बेल्जियममा पनि मेरै अग्रसरतामा हिन्दुत्व जोगाउन विसं २०६६ मा सनातन धर्म सेवा परिषद् नामको संस्था खोलेको थिएँ। हाल म यसको अध्यक्ष पनि हुँ। हामीले यहाँ हरेक वर्ष शिवरात्रि पर्व मनाउने गरेका छौं। यहाँ अर्को हिन्दु फोरम पनि छ। यस संस्थाले लामो समयदेखि बेल्जियममा हिन्दु धर्मलाई मान्यता दिलाउन बेल्जियम सरकारसँग पहल गरिरहेको छ। सनातन धर्म सेवाका तर्फबाट यस संस्थाको अभियानलाई सफल बनाउन हामी पनि लागिरहेका छौं। बेल्जियमका जस्टिस मिनिस्टर कोयन जिन्सले हामीलाई सरकारबाट मान्यता दिलाउने आश्वासन पनि दिइसक्नुभएको छ। यहाँ केही बुद्ध धर्म मान्नेहरू पनि भएकाले बुद्ध धर्मले भने सरकारी मान्यता पाइसकेको छ। सरकारी मान्यता पाएका धर्मलाई सरकारले छुट्टै बजेट तर्जुमा गर्नुपर्ने भएकाले प्राविधिकरूपमा हिन्दु धर्मले सरकारी मान्यता पाउन केही समय लागेको हो।

**तपाईंहरूले बेल्जियममा नेपाली भाषा सिक्नका लागि छुट्टै स्कुल खोलेको भन्ने पनि सुनेको थिएँ। हो त ?**

तपाईंले ठिकै कुरा सुन्नुभएको रहेछ। यहाँ जन्मिएका पछिल्ला पुस्ताका केटाकेटीले नेपाली बोल्न त के, बुझ्ने छोडिसके। एकपटक बेल्जियममा जन्मेका नेपालीले पशुपतिनाथको दर्शन गर्न जाँदा थाहा नभएर भित्रै क्यामरा लिएर गएछ। यहाँ फोटो खिच्न नहुने भन्दै प्रहरीले क्यामरा खोसेपछि नेपाली बोल्न नआएर विदेशी भाषा बोल्दा उल्टो हामीलाई उल्लु बनाउने भन्दै ठूलो हप्काइ खानुपरेछ। यो कुरा थाहा पाएपछि नयाँ पुस्ताले कम्तीमा आफ्नो राष्ट्र भाषा त जानेकै हुनुपर्छ भनी स्कुल खोल्न मैले नै पहल गरेको हुँ। विस्तारै युरोपका अन्य देशमा पनि यस्तो स्कुल खोल्ने प्रयास भइरहेको सुनें। खुसी लागेको छ।

**तपाईंलाई त बेल्जियमका लागि नेपाली पर्यटन दूत पनि मान्दा रहेछन् ?**

नेपालमा पर्यटक भित्र्याउन यहाँ अथक् प्रयास गरेको छु। भेटेसम्मका बेल्जियनहरूलाई नेपालबारे जानकारी गराउँदै नेपाल भ्रमण गर्न प्रोत्साहित गरिरहन्छु। मैले पठाएका बेल्जियनहरू नेपालीको आतिथ्यता र मनमोहक प्राकृतिक दृश्यहरूबाट प्रभावित भएको पाएको छु। यहाँ फर्केपछि उनीहरू मलाई धन्यवाद दिँदै नेपाललाई हामीले दोस्रो घर बनायौं भनी प्रफुल्ल हुन्छन्।

**नेपालका कैयौं चर्चित कलाकारहरू तपाईंहरूलाई बेल्जियमका अभिभावक नै ठान्छन्। तपाईंहरूले नेपाली कलाकारलाई कसरी मोहित गर्नुभयो?**

यसरी मोहित नै हुने गरी त केही गरेजस्तो लाग्दैन। हो, हामी नेपाली कलाकारहरूले पनि बलिउडका कलाकारहरूले जस्तै संसार घुमून् भन्ने चाहन्छौं। उनीहरूको प्रतिभा र कीर्ति संसारभर फैलियोस् भन्ने हाम्रो उद्देश्य हो। साथै युरोपमा छरिएर रहेका नेपालीहरूलाई एकताबद्ध गर्न सजिलो होस् भन्नका खातिर पनि नेपालका ख्यातिप्राप्त कलाकारहरूलाई यहाँ ल्याएर कार्यक्रमहरू गर्ने गरेका हौं। ख्यातिप्राप्त कलाकार मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यको टिमलाई मात्र युरोपमा तीनपटक बोलाएर कार्यक्रम सञ्चालन गरिसकेका छौं। यसै गरी रामकृष्ण ढकाल, कुन्ती सुन्दास, गौरी मल्ल, जुनु रिजाल, हेमन्त शर्मादेखि दीपकराज गिरी, दीपाश्री निरौलालगायत सयौं कलाकार बोलाएर युरोपमा विभिन्न कार्यक्रम गरिसकेका छौं। यस्ता कार्यले अवश्य पनि कलाकारमा हौसला जगाएको हुनुपर्छ।

**अब एकपटक भाउजू रजनीको कुरा गरौं न त। हामीले हेर्दा भाउजू त झन् बढी व्यस्त देखिनुहुन्छ नि। चौबीसै घण्टा टेलिफोनमा झुन्डिरहनुहुन्छ, होइन त भाउजू?**

त्यसो त केही होइन पुष्करजी। बूढोकै कामलाई सघाउने हो। बूढो सामाजिक र संघसंस्थाहरूको काममा नै बढी व्यस्त हुनुहुन्छ। त्यसैले मैले उहाँको व्यापारमा सघाउनुपर्ने हुँदा बढी व्यस्तजस्तो देखिएको होला। व्यापारको सबै अर्डर फोनबाटै आउने गर्छ, के गर्नु र !

**अनि हामीले सुन्दा त तपाईं एनआरएनकै बढी कुरा गरिरहनुहुन्छ नि ? फेरि भाउजूले त विवाहपछि पनि थर परिवर्तन गर्नुभएको रहेनछ त ?**

ए त्यो त यस्तो हो। अहिले म एनआरएनअन्तर्गत गैरआवासीय अन्तर्राष्ट्रिय महिला विभागकी सह-संयोजक भएर काम गरिरहेकी छु। यस संस्थामार्फत् नेपालका सुदूरपश्चिमका विकट ठाउँहरू डोटी, कैलाली, कञ्चनपुरमा पुगेर गरिब महिलाको आङ खस्ने रोगको निःशुल्क उपचार गरिसकेका छौं। यसबाट हालसम्म ५ सय महिला लाभान्वित भइसकेका छन्। भूकम्प गएका बेलामा सिन्धुपाल्चोकमा गएर केही लुगा पनि बाँडेका थियौं। सोलुखुम्बुमा पनि ६ सयभन्दा बढी महिलालाई खास्टोसहित केही लुगा बाँडेका थियौं। यस्तै प्रोजेक्टका लागि रकम संकलन गर्ने भनेर अहिले युरोपका देशहरूमा एनआरएन महिला फोरम गठन गर्ने अनि युरोपमा स्थायी बसोबास गरिरहेका नेपालीहरूबाट प्रतिव्यक्ति एक युरो उठाउने अभियानमा लागिरहेकाले पनि व्यस्त भएकी हुँ।







लोकप्रिय नेपाली कलाकारहरूसँग श्रेष्ठ दम्पती ।

मेरो श्रीमान् अति नै समझदार हुनुहुन्छ। विवाहपछि पनि माइतीको पहिचान नगुमोस् भनी उहाँकै इच्छाअनुसार मेरो थर परिवर्तन नगरिएको हो।

**तपाईं हाल एनआरएनको महिला सह-संयोजक हुनुहुन्छ। तपाईंको सम्झनामा अहिलेसम्म गरेका उल्लेखनीय कामहरू के-के छन् जस्तो लाग्छ ?**

अहिले रोजगारीका लागि विदेशमा पुगेका नेपालीले धेरै दुःख झेलिरहेका र कतिपय महिलामाथि यौनशोषण भएका समाचार आइरहेका छन्। त्यसैले हाम्रो उद्देश्य भनेको सकेसम्म महिलाहरूले विदेशिनु नपरोस् भन्ने हो। सीपमूलक तालिम लिएर स्वदेशमै आयआर्जन गर्न सकून् भन्ने हाम्रो उद्देश्य हो। त्यसैले हामीले फेडरेसन अफ विमन इन्टरप्रेनर्स एसोसिएसन अफ नेपाल भन्ने संस्थासँग मिलेर २० जनाभन्दा बढी महिलालाई सीपमूलक तालिम दिइसकेका छौं। पैरवी नेपाल भन्ने संस्थासँग मिलेर पनि यस्तै प्रकृतिका कामहरूलाई अगाडि बढाइरहेका छौं।

**यी सबै काम गर्न यहाँस्थित नेपाली राजदूतावासले कत्तिको सहयोग पुऱ्याउने गरेको छ ?**

नेपाली राजदूतावासको सहयोगविना कसरी अगाडि बढ्न सकिन्छ र ? यहाँको राजदूतावासले नेपाली समुदायले गरेका कुनै पनि काममा अहिलेसम्म असहयोग गरेको हामीलाई थाहा छैन। यसमा पनि हालसालै आउनुभएका राजदूत लोकबहादुर थापाले त एक कदम अगाडि बढेर नेपालको बजार विस्तार गर्नमा समेत अथक् प्रयास गरिरहनुभएको छ।

**धेरै कुरा गरियो। अब त हाम्रो एम्सटर्डम जाने बस पनि छुट्ने बेला भइसक्यो, तैपनि एउटा अन्तिम प्रश्न गरिहालौं। तपाईंहरू एनआरएनसँग शुरूदेखि नै आबद्ध हुनुहुन्थ्यो, शुरूमा नेपालीहरूमा यो संस्थाप्रति जति आशा र आस्था थियो, अहिले त्यति भएको देखिँदैन। काम कम, हल्ला बढी गर्छ भन्ने आरोप छ, यसमा तपाईंहरूको भनाइ के छ ?**

एनआरएनप्रति लागिरहेको यस्तो लाञ्छनालाई हामी अस्वाभाविक मान्दैनौं। हो, हामीले पनि सुन्ने गरेका छौं- एनआरएन पाँचतारे होटलमा करोडौं खर्च गरी सभा-सम्मेलन गर्छन्, ठूला-ठूला कुरा गर्छन् र केही नगरी फर्कन्छन्। हामी नेपालीले के कुरा बिर्सनुहुँदैन भने, एनआरएनहरूले चाहेका भए यसको सम्मेलन नेपालमै नगरी अन्त पनि गर्न सक्थे। तर, उनीहरू आफ्नै देशको मायाले सधैं नेपालमै सम्मेलन गरिरहेका छन्। विदेशमा बसेपछि नेपालको माया झनै हुँदो रहेछ। नेपालमा हुने बैठकहरूमा भाग लिन लाखौं रुपियाँ खर्च गरेर धेरै नेपाली परिवारसहित जाने गरेका छन्। यसबाट नेपालमा भित्रिने राजस्वबारे कमैले ध्यान दिने गरेजस्तो लाग्छ।

मलाई लाग्छ, अहिलेसम्म एनआरएनको अर्बौं रुपियाँ नेपालमा लगानी भइसकेको छ। भूकम्पको बेला विदेशमा बस्ने नेपालीहरूले करोडौं रकम उठाएर पठाएका छन्। गाउँ-गाउँमा स्कुल बनाइदिएको छ। लाप्राकजस्तो विकट ठाउँमा करोडौं रुपियाँ खर्च गरेर घरहरू निर्माण गर्न एनआरएनका अध्यक्ष शेष घले आफैं लागिपर्नुभएको छ। विदेशमा बस्ने केही धनी नेपालीलाई हेरेर धेरै अपेक्षा पनि त गरिदिनुभएन नि ! तपाईं त धेरै विदेश घुमिसक्नुभएको मान्छे, कति दुःख छ विदेशमा बस्ने नेपालीहरूलाई सर्भाइभ हुन ? अहो ! १२ बज्न लागिसकेछ। यहाँ त समयमै बस हिँड्छ, नेपालमा जस्तो होइन। जाऔं-जाऔं।

*प्रस्तुति : पुष्करलाल श्रेष्ठ*




GAJABKO
OFFERS FOR YOU
SAMSUNG S8
Rs. 88,900
HTC U Play
Rs. 49,999
MI MIX
Rs. 94,999
MICROMAX CANVAS 2
Rs. 15,300
Market Rate Rs. 2000
Our Rate Rs. 1800
Market Rate Rs. 1500
Our Rate Rs. 900
Market Rate Rs. 700
Our Rate Rs. 550
Market Rate Rs. 800
Our Rate Rs. 500
Market Rate Rs. 1500
Our Rate Rs. 1000
Market Rate Rs. 1200
Our Rate Rs. 850
Market Rate Rs. 1200
Our Rate Rs. 900
Market Rate Rs. 800
Our Rate Rs. 550
Market Rate Rs. 1900
Our Rate Rs. 1550
Market Rate Rs. 2500
Our Rate Rs. 2200
Market Rate Rs. 20,000
Our Rate Rs. 14,925
Market Rate Rs. 600
Our Rate Rs. 520
Market Rate Rs. 1800
Our Rate Rs. 1600
Market Rate Rs. 350
Our Rate Rs. 300
Market Rate Rs. 3000
Our Rate Rs. 2200
GoldStar
Market Rate Rs. 1100
Our Rate Rs. 1000
www.facebook.com/gajabko
www.twitter.com/gajabko
www.instagram.com/gajabko
+977-1-4771406
gajabko.com
soon to be
Nepal's largest online store.

# विचार

मेरा प्यारा सैनिकलाई संसारका कुनै सेनासँग लडाउन रत्तिभर पनि डर मान्दिनँ तर गोरखा सैनिकको नाम सुन्नासाथ मेरो मुटु थर्कमान हुन्छ।

– जर्मन सम्राट कैजर विलियम

धनी र गरिबबीचको फरक कति थोरै छ, एकै दिनको भोक र एकै घण्टाको प्यासले दुवैलाई समान बनाइदिन्छ।

– खलिल जिब्रान

## सम्पादकीय

नेपाल समाचारपत्र
NEPAL SAMACHARPATRA

### निर्वाचन आचारसंहितामा कडाइ गर

आगामी असोज २ गते प्रदेश नम्बर २ मा हुने स्थानीय तहको निर्वाचनका लागि राजनीतिक दलहरु चुनावी प्रतिस्पर्धामा छन् । उम्मेदवारी दर्ता गराएसँगै राजनीतिक दलहरु आ–आफ्नो पक्षमा मतदाता तान्ने चुनावी अभियानमा व्यस्त रहेका छन् । निर्वाचनमा जसले जनताको मन जित्न सक्छ, जसले जनतालाई फाइदा हुने नीति तथा कार्यक्रम ल्याएर पारित गर्ने प्रतिबद्धता जनाउँछ, जनताले उसैलाई मतदान गर्ने हुन् । निर्वाचनको प्रतिस्पर्धामा रहेका राजनीतिक दलभित्रका केही पहुँचवाला उम्मेदवारले मतदातालाई प्रभावमा पार्न भोजभतर खुवाउने प्रवृत्ति बढ्दै गएको छ । साथै मन्त्रीहरु निर्वाचन आचारसंहिता विपरीत पार्टीका उम्मेदवाहरुलाई भोट माग्दै हिंडेको देखिन्छ । सरकारका मन्त्रीहरु नै खुलेआमरुपमा आ–आफ्नो पार्टीलाई भोट माग्दै हिंडनु गलत हो । यस्ता क्रियाकलाप तत्काल रोक्न निर्वाचन आयोग गम्भीर भएर लाग्नुपर्छ ।

निर्वाचन आयोगले जारी गरेको निर्वाचनसम्बन्धी आचारसंहिता सबैका लागि हो, एउटा पार्टी र व्यक्तिलाई होइन । निर्वाचनमा भाग लिएका सबै राजनीतिक दललाई आचारसंहिता लाग्छ । निर्वाचन आचारसंहिता लागू गरेर मात्र निर्वाचन आयोगको दायित्व र जिम्मेवारी पूरा हुँदैन । निर्वाचनको क्रममा कुन राजनीतिक दलका कुन उम्मेदवारले कहाँ निर्वाचन आचारसंहिता उल्लंघन गरिरहेका छन् ? त्यसको प्रभावकारी अनुगमन गर्ने काम निर्वाचन आयोगको हो । जनतालाई आर्थिक प्रलोभन, भोजभतरको प्रभावमा पारेर भोट आफ्नो पक्षमा पार्न खोज्ने राजनीतिक दल र उम्मेदवारहरुलाई कडाभन्दा कडा कारबाही गर्नुपर्छ । निर्वाचन आचारसंहिता केवल देखाउने आवरण मात्र नहोस् । निर्वाचन आचारसंहिता विपरीत क्रियाकलाप गर्ने राजनीतिक दल र उम्मेदवारहरुलाई निगरानीमा राखेर काम गर्नुपर्छ। निर्वाचन आचारसंहिता कार्यान्वयन गर्ने सरकारले पनि प्रभावकारी भूमिका खेल्नुपर्छ ।

हरेक निर्वाचनमा निर्वाचन आयोगले निर्वाचनका लागि मतदातालाई प्रभावमा पार्ने काम नहोस् भनेर निर्वाचन आचारसंहिता लागू गर्ने गर्छ। तर राजनीतिक दल र उम्मेदवारहरुले एक कानले सुन्दै अर्को कानले उडाउँदै आएका छन् । निर्वाचनमा शक्ति र पहुँच हुनेहरुले निर्वाचन आचारसंहिता उल्लंघन गर्दा कारबाही नभएर नै गलत ढंगले काम गर्नेहरुले प्रश्रय पाउँदै आएका छन् । निर्वाचन आयोगले व्यक्ति, पहुँच र शक्ति हेरेर मात्र हुँदैन, सबैलाई उही नजरले हेरी आचारसंहिता उल्लंघन गर्नेलाई कानुनी दायरामा ल्याउनुपर्छ । स्वच्छ, स्वतन्त्र, पारदर्शी ढंगले निर्वाचन सम्पन्न गराउनु निर्वाचन आयोगको दायित्व र कर्तव्य पनि हो ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख–रचना एवम् छोटा पाठक–पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# रूप अनेक, बचन १०१



बालकृष्ण मैनाली

> मेयर पदमा निर्वाचित भएपछि निर्वाचित हुनुपूर्व जनता तथा आममतदातालाई दिएका राम्रा/नराम्रा, गर्न सक्ने/नसक्ने कार्यहरुको प्रतिबद्धताले अहिले मेयर आफैं अप्ठ्यारो परिस्थितिको सामना गर्न बाध्य भएका छन्। हे जनता, मलाई जिताऊ, म १०० दिनमा १०१ वटा विभिन्न काम जसरी भए पनि पूरा गर्छु भनी जनतालाई दिएको गलत बाचा र प्रतिबद्धताको परिणाम हो यो।

हेदर्हिर्दै प्रदेश नं. २ देखिबाहेकका अन्य प्रदेशहरुमा स्थानीय निर्वाचन भएको पनि सय दिन बितिसकेछ। निर्वाचित प्रतिनिधिहरुलाई सयदिने हनिमुनको समय किन प्रदान गर्ने गरिन्छ ? यससम्बन्धमा यो आलेखकर्ताको बुझाइ यस्तो छ- जनताको समस्या सम्बोधन गर्ने सपथ खाएर निर्वाचित हुने जनप्रतिनिधिहरुले आफू निर्वाचित भएको स्थानमा पूर्वावस्थामा के-कस्ता कार्यहरु भएका थिए र राम्रा/नराम्रा कस्ता प्रवृत्तिहरु हुने गरेका थिए, यसको टिपोट गर्नुपर्छ। साथै यो सय दिनको अवधिमा त्यस निकायमा रहेका मानवीय स्रोतहरुले निर्वाचित जनप्रतिनिधिहरुलाई के-कस्ता सहयोग/असहयोग गर्ने जर्मको गरे आदि कुराको फेहरिस्त तयार गर्नुपर्छ। त्यसपछि लक्षित जनसमुदायको समस्या सम्बोधनका लागि आफ्नो रणनीति तयार गर्नुपर्छ। यो सयदिने अवधिमा गर्ने यही हो। सय दिनको हनिमुनभित्र खासै ठूलो परिवर्तनको अपेक्षा जनताद्वारा गरिँदैन तर जनताको समस्याको सार्थक सम्बोधनका लागि कम्तीमा प्रारुप तयार भएको सन्देश आउनुपर्ने विषयमा चाहिँ जनताले अपेक्षा गरेकै हुन्छन्। सय दिनभित्र ठूलो परिवर्तनको आशा देखाउने दलका नेतृत्व हुन्। नत्र कसैले पनि स्थिर राजनीति भएको अवस्थामा र पाँच वर्षभित्र पनि पूरा गर्न नसकिने काम अस्थिर राजनीति भएको अवस्थामा त्यो पनि तीन महिना दश दिनमा गर्छु भनेर जनतालाई झुक्याउँदैन।

नेपाललगायत अन्य अविकसित देशहरुमा थुप्रै विसंगति र भष्ट्राचारले गिजोलेको अवस्थालाई दृष्टिगत गरी थोरै समयमा हुनसक्ने पनि र हुन नसक्ने पनि दुवैलाई जोडेर प्रतिबद्धतामार्फत जनता तथा आममतदातालाई रणभुल्लमा पारी मतदाताको मत आफूसित आकर्षित गर्ने काम गरिन्छ। यसको अवलम्बन नेपालमा पनि विगतदेखि हुँदै आएको छ। दलहरु जनताको सेन्टिमेन्टलाई आफ्नो दल र आफूलाई फाइदा हुने खालको नगदमा रुपान्तरण गर्न अभ्यस्त भैसकेका छन्। के कुरालाई मतदातासमक्ष पस्किँदा मतदाताले त्यसको गहनतम अध्ययन नै नगरी आँखा चिम्लेर आफू र आफ्नो दललाई मत हाल्छन् भनी गम्भीरतापूर्वक ध्यान दिने गर्दछन्। यसपालिको स्थानीय निर्वाचनमा २ नं. प्रदेशदेखि बाहेक अन्य स्थानमा एमाले अग्रपंक्तिमा देखिनु यसैको ज्वलन्त उदाहरण हो।

प्रसंग काठमाडौं महानगरपालिकाका मेयरले सय दिन बिताएका प्रतिवेदन सार्वजनिकसम्बन्धी हो। मेयरले सय दिनसम्म गरेका कामहरुबारे सार्वजनिक गरिएको प्रतिवेदनबारे छापा तथा विद्युतीय सञ्चारमाध्यमहरुमा टिकाटिप्पणी शुरु भएका छन्। एकातिर विरोधी दलहरुले आ-आफ्नो धर्मअनुरुप विरोध गर्ने जमर्को गरेका छन् भने अर्कोतिर जनमानस तथा आममतदाताहरुबाट पनि मेयरले गरेका कार्य र कार्यशैलीको विरोध गर्ने कामको शुरुवात गरेका छन्। मेयर पदमा निर्वाचित भएपछि निर्वाचित हुनुपूर्व जनता तथा आममतदातालाई दिएका राम्रा/नराम्रा, गर्न सक्ने/नसक्ने कार्यहरुको प्रतिबद्धताले अहिले मेयर आफैं अप्ठ्यारो परिस्थितिको सामना गर्न बाध्य भएका छन्। हे जनता, मलाई जिताऊ, म १०० दिनमा १०१ वटा विभिन्न काम जसरी भए पनि पूरा गर्छु भनी जनतालाई दिएको गलत बाचा र प्रतिबद्धताको परिणाम हो यो। अनि त्यस्तै बेलैमा होस पुऱ्याएर जनताको मन जित्ने कार्यलाई प्राथमिकता नदिएर र आलेखमार्फत प्राप्त असल सल्लाह र सुझावलाई तिरष्कार गर्दै असल सुझावलाई गम्भीररुपमा नलिएको पनि परिणाम हो यो।

मेयर साहेबले शुरुवाती दिनमै गरेका मोबाइल खरिद निर्णय र गाडीबारे गरिएको निर्णय विवादास्पदको घेरामा पर्न गए। अनि त्यस्तै जथाभावी सडक खनेकोले वर्षातको समयमा पानी जम्न गएको कारणबाट निम्तेको दुर्घटनाबाट भएको बालिकाको मृत्यु अनि अर्को बालिकाको सोही प्रकृतिको दुर्घटनाबाट भएको उद्धारको विषयलाई लिएर वर्षाको बेलामा भएको खाल्डाखुल्डी पुर्ने कुरालाई मेयरज्यूबाट आएको असहज अभिव्यक्तिको कारणबाट आमजनमानसलगायत स्वयं उहाँलाई मत प्रदान गर्ने मतदाताहरुसमेत रुष्ट बन्न पुगेको यथार्थता पनि आफ्नो ठाउँमा विद्यमान छँदै छन्। वास्तवमा सय दिनभित्र पूरा गर्न नसकिने १०१ कामको प्रतिबद्धता आवश्यक छँदै छैन र थिएन पनि। सय दिनभित्र कम्तीमा महानगरवासीलाई धुवाँ-धूलोबाट मात्र मुक्त गराएको भए र त्यसको अनुभूति महानगरवासीलाई दिन सकेको भए एकातिर उहाँ आफू स्वयं साधुवादको कोटीमा पर्नुहुन्थ्यो भने अर्कोतिर आफ्नो दल र ती दलका स्थानीय कार्यकर्ताहरुमा नौलो जोश-जाँगरको अनुभूति जागृत गराउँथ्यो। यस मामिलामा भने मेयर साहेब सफल देखिनुभएन।

कुनै पनि दलबाट उम्मेवार बनी निर्वाचित भएर निर्वाचित प्रतिनिधिको हैसियतले गर्ने असल र जनमुखी काम कारबाहीबाट स्वयं निर्वाचित प्रतिनिधि र उसँग सम्बन्धित दल मात्र होइन, उनीहरुका स्थानीय कार्यकर्तासम्ममा गहिरो सम्बन्ध राख्छ भन्ने कुरालाई सदैव हेक्का राख्नुपर्ने हुन्छ। मेयर निर्वाचित हुँदा स्थानीय कार्यकर्तामा बढेको मनोबल मेयरले गरेका प्रतिबद्धता पूरा नभएका कारण अहिले खस्केको प्रतीत भएको छ।

मेयर साहेबबाट सार्वजनिक गरिएको प्रतिवेदनलाई हेर्दा र पढ्दा के कुरामा विमति देखिँदैन भने, यही तालले कामविनाको (यतिवटा र उतिवटा काम शुरु भैसकेको मात्र भनेर) प्रतिवेदनलाई सार्वजनिक गर्दै जाने हो र जनताले महसुस हुने खालको काम नहुने हो भने जनताको थप आक्रोशको सामना गर्नुपर्ने कुरामा विमति देखिँदैन। दलीय आधारमा निर्वाचनमा भाग लिए तापनि निर्वाचित भैसकेपछि सबै तहतप्काका जनता अनि सबै दलका कार्यकर्ताको हृदयमा बस्न सक्षम जनप्रतिनिधि नै वास्तविक जनप्रतिनिधि मानिन्छन्। यस कुरालाई भने कामनपाका मेयर साहेबले आत्मसात् गरिएको अनुभूति जनतालाई दिन सक्नुभएन। यहाँ त उल्टै आफूसँगै निर्वाचित भएका उपमेयरसँगको सम्बन्ध पनि बिग्रँदै गएर बैठक नै बहिष्कार गर्नेसम्मका घटनाहरु घटे, जुन लोकतन्त्रको जग हल्लाउने काममा सहायक हुनसक्छ। सही अर्थमा भन्नुपर्दा, मेयर साहेबको यो सय दिन मानसम्मान, फूलमाला र खादा ग्रहण गर्नेमा नै बित्यो भन्दा अत्युक्ति हुनेछैन।

काठमाडौं महानगरपालिकालगायत यसका अन्य वडाहरुमा निर्वाचित अधिकांश जनप्रतिनिधिहरुसँग पनि आमजनसमुदाय रुष्ट हुने प्रक्रिया जारी रहेको छ। प्रायको गुनासो महानगरपालिकाले कुनै कुराको व्यवस्थित नै गर्न सकेन र उल्टै एउटै कर दुई निकायमा बुझाउनुपर्ने अवस्था सृजना गऱ्यो भन्ने आरोप लाग्न थालेका छन्। घरजग्गा कर यसको ज्वलन्त उदाहरण हो। एकातिर नेपाल सरकारले त्यही घरजग्गा कर करदाताले हामीलाई बुझाउनुपर्छ भन्छ, यता महानगरपालिकाका वडाहरु हामीलाई बुझाउनुपर्छ भन्छन्। एउटा सामान्य विषय जुन करदाताले कर तिर्ने कुरामा त सरकारी निकायबीच समन्वय गर्न नसक्ने निर्वाचित पदाधिकारीहरुबाट अरु विकासको के आशा गर्ने भन्ने प्रश्न उठ्न थालेको छ। यो प्रश्न नाजायज पनि होइन।

मेयर साहेबको प्रतिवेदन पढेर एकातिर मतदाता अहिले तीनछक पर्न थालेका छन् भने अर्कोतिर सार्वजनिक भएको प्रतिवेदनमा यसो भएको कारणले यो काम हुन सकेन अथवा त्यसो नभइदिएको कारणले मैले प्रतिबद्धता जनाएका कुराहरु पूरा हुन सकेनन् भन्ने खालका कुरालाई इंगित गर्दै आफ्नै अभिव्यक्तिमार्फत अन्यलाई दोषारोपण गर्ने प्रयास गरेका छन्। खाल्डाखुल्डी पुर्न दिएको प्रधानमन्त्रीको निर्देशनलाई खाली निर्देशन दिने बजेटचाहिँ नदिने भनेर सामान्य खाल्डो पुर्ने कामबाट पनि महानगरपालिका पन्छिएको जनताले यति चाँडै बिर्सेका छैनन्। झन् प्रतिवेदनले त यी कुराको स्मरणलाई ताजा नै बनाउने काम गरेको छ।

सार्वजनिक भएको प्रतिवेदनले एकातिर ऐन नबनेको कारणले र तोकिएका २२ वटा अधिकार प्रस्ट नभएकाले सबै काम गर्न सकिएन भन्दै गुनासो सार्वजनिक गर्छ, अर्कोतिर १०१ काममध्ये ८६ वटा काम अघि बढिसकेको पनि भन्छ। त्यसै गरेर काठमाडौं महानगरपालिकाभित्र संकलित फोहोरमैला व्यवस्थापनको सिलसिलामा व्यवस्थापन गर्दै आइरहेको साइटमा अवरोध भएको भन्ने सूचना पनि प्रकाशित गर्छ। यसरी जनप्रतिनिधिहरुबाटै एक-आपसमा बाझिने खालका कुराहरु आउन थालेका छन्। यस किसिमको क्रियाकलापले जनप्रतिनिधिहरुको जनतासँगको दूरी अझै बढ्दै जानेछ। देखिएका, भएका र अनि आउने समस्यालाई समाधान गर्छु भनेरै मत मागेको कारणले जनप्रतिनिधिहरुलाई जनताले निर्वाचित गरी पठाएको होइन। यदि हो भने जनप्रतिनिधिले नै समस्या देखाउन मिल्छ र ? भन्ने प्रश्न उठ्न थालेको छ। समस्या समाधान गर्न सक्ने अवस्थामा पनि जनप्रतिनिधिले नै समस्या देखाउने हो भने जनप्रतिनिधिको हैसियतले पदमा कदापि बसिरहन हुँदैन र मिल्दैन पनि।

जनतासँग कसम खाई, जनताको समस्या समाधान गर्छु भनी निर्वाचित भएर आइसक्दा पनि समस्यामाथि समस्या थपेर झन् समस्या देखाउने हो भने जनतासँग माफी मागी राजीनामा दिनु उपयुक्त हुने विषयमा जोडदार आवाज उठ्न थालेको छ। अब पनि यस विषयलाई समयमै गम्भीर भएर सम्बोधन नगर्ने हो भने निर्वाचित जनप्रतिनिधिविरुद्ध जनता सडकमा ओर्लिने अवस्था आउन सक्छ। जनता सडकमा ओर्लिसकेको अवस्थामा थेग्न ज्यादै हम्मे पर्छ। आन्दोलनको नेतृत्व गरेका नेताहरुलाई यो कुरा स्मरण गराइराख्नुपर्दैन।

करहरु सानो पनि नछोड्ने, जसरी पनि असुल्ने अनि महानगरवासीलाई सुविधाको नाममा एउटा निःशुल्क पार्किङको व्यवस्थापन पनि गर्न नसक्ने, दिसा गर्दा पनि कर तिर्नुपर्ने, मूत्र त्याग गर्दा पनि कर तिर्नुपर्ने अनि त्यसै गरी जनजीविकाको सवालमा एउटा सिफारिश लिन पनि अवैध दस्तुरदेखि बाहेक कुन सिफारिशको कति दस्तुर भनी वडा-वडामा राखिएका बोर्ड हेरी शुल्क बुझाउनुपर्ने महानगरपालिकाका बासिन्दा सम्भवतः हामी मात्रै पर्छौं होला। यस अर्थमा अहिलेको अवस्थामा निर्वाचित प्रतिनिधिहरुविरुद्ध आएका विरोधहरु राजनीतिक विरोधहरु मात्र हुन् भनेर चुप लागी बस्ने स्थितिचाहिँ निर्वाचित जनप्रतिनिधिहरुलाई छैन। यस कुरालाई जनप्रतिनिधिले समयमै मनन गरी सो अनुसार काम कारबाहीमा अगाडि बढ्नु सबैका लागि हितकर हुन्छ।

(लेखक मैनाली अधिवक्ता हुनुहुन्छ।)

## पाठक पत्र

### अख्तियार किन मौन ?

अनियमितता गर्नेलाई खबरदारी गर्ने र सुशासन कायम गर्ने उद्देश्यले बनाइएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यति बेला आफैं गलत काम गरेको छ। आफ्नो काम सही ढंगले नगर्नु पनि अनियमितता र भ्रष्टाचार हो। नेपाल आयल निगमले जग्गा खरिद गर्दा करोडौं रुपियाँ अनियमितता गरेको विषय सार्वजनिक भएको डेढ महिना बित्दा पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिनमा तत्परता नदेखाउनु विडम्बनापूर्ण मात्रै छैन, सन्देहपूर्णसमेत छ। अख्तियारले आफैं छानबिन अघि बढाउन सक्ने भए पनि जग्गा खरिदको अनियमितताका विषयमा उपभोक्ता हित संरक्षण मञ्चले उजुरी नै दिएको थियो।

संसद्को सार्वजनिक लेखा समितिले अनियमितता ठहर गर्दै अनुसन्धान गरी कारबाही गर्न अख्तियारलाई निर्देशन दिएको पनि एक महिना हुन लागेको छ। संसद्कै उद्योग वाणिज्य तथा उपभोक्ता हित सम्बन्ध समितिको अध्ययनले समेत जग्गा खरिदमा अनियमितता भएको देखाएको छ। तर यो विषयमा छानबिन गर्ने जिम्मेवार प्रमुख निकाय अख्तियार भने उदासीन छ, न त सरकारले कारबाहीको प्रक्रिया अगाडि बढाएको छ। यसबाट सवा अर्ब रुपियाँभन्दा बढी अनियमितता भएको अनुमान गरिएको यो प्रकरणमा संलग्नले उन्मुक्ति पाउने संशय सिर्जना भएको छ। सरकारी स्वामित्वको निगमले इन्धन भण्डारणका लागि झापा, सर्लाही, चितवन र रुपन्देहीमा जग्गा किन्दा खोला र बगर क्षेत्रलाई समेत अस्वाभाविक रूपले बढी मूल्य तिरेर अनियमितता गरेको हो।

संसद्को उद्योग वाणिज्य तथा उपभोक्ता हित सम्बन्ध समितिले पूर्वाधार तयार गर्दा सकेसम्म सरकारी जग्गा नै खोज्न निर्देशन दिए पनि निगमले निजी जग्गा किनेको थियो। सरकारी कम्पनीले जग्गा प्राप्ति ऐन २०३४ को प्रावधान विपरीत निगमले सीधै टेन्डरमार्फत खरिद गरेको हो। बिचौलिया प्रयोग गरेर चलनचल्तीको मूल्यभन्दा बढीमा जग्गा किनिनुले नै यो प्रकरण सन्देहपूर्ण रहेको संकेत गर्छ। निगमका प्रबन्ध निर्देशक गोपालबहादुर खड्का आफैं विवादित पृष्ठभूमिका हुन् र उनले विगतका विभिन्न प्रकरणमा उन्मुक्ति पाउँदै आएका पनि हुन्। त्यही कारण पनि उनी बल मिच्याइँ ढंगले जग्गा खरिद गर्न प्रेरित भएका हुन सक्छन्।

कुनै सार्वजनिक पदमा बसेका व्यक्तिले यसरी जथाभावी गर्दा पनि राज्ययन्त्रहरूमा अस्वाभाविक मौनता देखिनु विडम्बनाको विषय हो। निगमले विभिन्न जिल्लामा जग्गा खरिद गर्दा तयार भएको फाइल अध्ययनले नै जग्गा दलाल प्रयोग गरी प्रचलित मूल्यको तुलनामा महँगोमा खरिद गरेको पुष्टि गर्छ। यसको यथार्थपरक अनुसन्धान हुने हो भने अनियमितताको आकार २ अर्बभन्दा बढी पुग्ने स्थलगत अध्ययनमा संलग्न सांसदहरूको भनाइ छ। भैरहवामा जग्गाधनीलाई प्रतिकठ्ठा ३ लाख रुपियाँ थमाएर १० लाख ७६ हजार रुपियाँका दरले किनिएको छ। त्यो जग्गाको चलनचल्ती मूल्य डेढ लाख रुपियाँ मात्र रहेको स्थानीयको दाबी छ। चितवनमा प्रतिकठ्ठा डेढ लाखदेखि ९ लाखसम्म पर्ने जग्गा निगमले १४ लाख रुपियाँसम्म तिरेर किनेको छ। यस्तै, सर्लाहीमा जग्गाधनीलाई बढीमा प्रतिकठ्ठा २ लाख ७५ हजार दिएर निगमलाई ९ लाख ६० हजारका दरले किनाइएको छ। झापामा पनि चलनचल्तीको भन्दा दोब्बर मूल्यमा जग्गा किनिएको छ। निगमले चारजना बिचौलियामार्फत १ सय २७ जनाको जग्गा किनेको पुष्टि भइसकेको छ।

जग्गा खरिद प्रकरणमा निगमका पदाधिकारी, कर्मचारीसँगै सम्बन्धित गाविसका सचिव, मालपोत कार्यालयका कर्मचारीलगायतको मिलेमतो आशंका गरिएको छ। नियमअनुसार निगमले सञ्चालक समितिको अनुमतिमा जग्गा खरिद गर्नुपर्छ। निगम सञ्चालक समितिमा आपूर्ति सचिव नै अध्यक्ष हुन्छन्। यस प्रकरणमा आपूर्ति मन्त्रालयका तर्फबाट पनि छानबिन भएको छैन। सरकारी स्वामित्वको निगमलाई डुबाउने नियतले राखिएको यो प्रकरणमा संलग्न आशंका गरिएका पदाधिकारी तथा कर्मचारीमाथि तत्काल गम्भीर छानबिन हुनुपर्ने हो। तर एक महिनाअघि छानबिन शुरु गरेको जनाएको अख्तियार यसप्रति गम्भीर देखिएको छैन। यति ठूलो रकम जोडिएको विषयमा प्रमुख राजनीतिक दलहरूको मौनता पनि रहस्यपूर्ण छ।

जग्गा खरिद प्रकरणमा उन्मुक्ति दिलाइयो भने निगम अनियमित कार्यमा थप प्रोत्साहित हुने जोखिम छ। किनभने यसअघि ट्यांकर खरिद, तेल आपूर्ति ठेक्कालगायत विषयमा सम्बन्धित निकायले आँखा चिम्लिदिएकैले निगमका पदाधिकारी तथा कर्मचारीले जग्गा खरिदमा नियम-कानुन छलेर यति ठूलो रकम अनियमितता गर्ने आँट गरेका हुन सक्छन्। त्यसैले यो प्रवृत्तिलाई नियन्त्रण गर्नसमेत अख्तियारले कसैको दबाब र प्रभावमा नपरी जग्गा खरिद प्रकरणका आरोपितलाई जति सक्दो छिटो निलम्बन गरेर गहन छानबिन अघि बढाउनुपर्छ। यसमा अन्य सरोकारवाला निकायले पनि सहयोग गर्नुपर्छ। अख्तियारले यसो गरेन भने अब यसको निष्पक्षतामा शंका उब्जने र यसको विश्वास हराउने निश्चित छ। टार्गेट गरेर पक्राउ गर्ने पारा र ठूला माछा छाड्ने प्रवृत्तिले जनता निराश छन्।

*- हरिप्रसाद उपाध्याय, काभ्रे / हाल : दिल्ली, भारत*

## सामाजिक सञ्जाल



सांसदलाई पेन्सन वाहियात कुरा हो। राजनीतिमा पेन्सन भन्ने शब्दावली हुंदैन। यो विषय संसद्मा प्रवेश हुनै सक्दैन, चिन्ता नगरौं।

**Rabindra Adhikari**
**@RabindraADH**



केन्द्र सरकारका ५४ मन्त्रीलाई तलब खुवाउन अभाव हुन्छ भने झन्डै ९ सयको हाराहारीमा रहने माननीयलाई पुसबाट के घाँस खुवाएर पाल्ने ?

**MadhavPrasad Tiwari**
**@madhavrajtiwari**



मनभरि पीडा बोकी रमाउनुको के अर्थ ?
सन्तुष्टिविनाको धन कमाउनुको के अर्थ ?

**निरु थापा**
**@NiruThapa9**

२०७४, भदौ
बुधबार
२८

एनएएसले २४सै घण्टा आकस्मिक एम्बुलेन्स सेवा यी सबै क्षेत्रहरुमा सञ्चालन गरिरहेको छ। आकस्मिक एम्बुलेन्स सेवा दिनका लागि नि:शुल्क फोन गर्न सकिने टोल फ्रि नम्बर १०२ मा फोन गर्नुपर्नेछ। संस्थाले सरकारले तोकेको न्यूनतम शुल्कमा आकस्मिक एम्बुलेन्स सेवा प्रदान गरिरहेको छ।



# कांग्रेस प्रदेश नम्बर २ मा केन्द्रित

**नेपाल समाचारपत्र**

काठमाडौं

पहिलो र दोस्रो चरणको स्थानीय तहको निर्वाचनमा अनपेक्षित हार व्यहोरेको नेपाली कांग्रेसले असोज २ गते तेस्रो चरणको निर्वाचनमा अपेक्षाअनुसार विजयी हासिल गर्न सबै शक्ति प्रयोग गर्ने भएको छ। पहिलो र दोस्रो चरणको निर्वाचनमा भएको हारको क्षतिपूर्तिका लागि कांग्रेसका सम्पूर्ण शीर्ष नेता प्रदेश नम्बर २ को निर्वाचनमा केन्द्रित भएका छन्।

पहिलो र दोस्रो चरणको निर्वाचनमा कांग्रेसको प्रमुख पदमा एमालेभन्दा ५० सिटले कम छ। पहिलो चरणमा कांग्रेसले १ सय ५ स्थानमा विजयी हासिल गरेको थियो भने दोस्रो चरणमा १ सय २२ स्थानमा विजयी हासिल गरेको थियो। एमालेले पहिलो चरणमा १ सय २५ र दोस्रो चरणमा १ सय ५१ तहमा प्रमुख पदमा विजयी हासिल गरेको थियो। तेस्रो चरणको निर्वाचनअन्तर्गत प्रदेश नम्बर २ मा पर्ने आठ जिल्लाको १ सय २७ तहमा निर्वाचन हुँदै छ। यसमा एमालेलाई पछि पार्दै स्थानीय तहमा पहिलो दल बन्ने प्रयासमा रहेको कांग्रेसका शीर्ष नेताहरू आसन्न निर्वाचनको सन्दर्भमा आयोजित चुनावी सभामा भाग लिन तराई जाने भएका छन्।

प्रदेश नम्बर २ मा हुने निर्वाचनका लागि प्रधानमन्त्रीसमेत रहनुभएका कांग्रेस सभापति शेरबहादुर देउवाले चुनावी सभामा भाग लिने कार्यक्रमसमेत तय भइसकेको छ। प्रधानमन्त्री देउवा असोज २ गते हुने निर्वाचनकेन्द्रित चुनावी सभामा संवोधन गर्न ८ वटै जिल्लामा जाँदै हुनुहुन्छ। भोलि मंगलबार निर्वाचन प्रचारप्रसारमा निस्कनुहुने प्रधानमन्त्री देउवा भदौ ३० गते मात्र राजधानी फर्कने कार्यक्रम तय भएको छ।

प्रधानमन्त्री देउवाको भोलि सप्तरीको राजविराजमा हुने आमसभालाई सम्बोधन गर्ने कार्यक्रम रहेको छ। देउवासंगै कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल, महामन्त्री डा. सशांक कोइरालालगायतका शीर्ष नेताको पनि सहभागिता रहने छ। राजविराजको सभामा सहभागी भएलगत्तै शीर्ष नेताहरूसहित प्रधानमन्त्री देउवा सिराहको जिरो माइलमा हुने चुनावी प्रचार सभामा भाग लिन जाने कार्यक्रम रहेको छ। योलगत्तै प्रधानमन्त्रीसहित कांग्रेसका नेताहरू जनकपुर प्रस्थान गर्नेछन्।

जनकपुरको सम्बोधनपछि प्रधानमन्त्री देउवा सोही दिन अपरान्ह महोत्तरीको बर्दिवास प्रस्थान गर्नुहुनेछ। उहाँको भदौ २९ गते सर्लाही र रौतहटका चुनावी कार्यक्रमलाई सम्बोधन गर्ने कार्यक्रम रहेको छ। उहाँले सर्लाहीको मलंगवामा दिउँसो १ बजे हुने आमसभालाई सम्बोधन गर्नुहुनेछ र अपरान्ह ४ बजे रौतहटको गौरमा हुने आमसभालाई सम्बोधन गर्नुहुनेछ।

रौतहटको कार्यक्रमलाई सम्बोधन गरेपछि पार्टी सभापति एवम् प्रधानमन्त्री देउवा वीरगन्ज प्रस्थान गर्नुहुने कार्यक्रम छ। भदौ ३० गते बिहान प्रधानमन्त्री देउवाले पर्साका कार्यकर्ताहरूसंग भेटघाट गर्नुहुनेछ। उहाँले दिउँसो १ बजे बाराको कलैयामा आयोजना हुने चुनावी सभालाई सम्बोधन गर्नुहुनेछ। कलैयाको सम्बोधनपछि प्रधामन्त्री देउवाले सोही दिन पर्साको वीरगन्जमा आयोजना हुने चुनावी सभालाई अपरान्ह २ बजे सम्बोधन गर्नुहुनेछ। प्रधानमन्त्री देउवा सोही दिन काठमाडौं फर्कने कार्यक्रम रहेको छ।

नेपाली कांग्रेसले प्रदेश नम्बर २ को स्थानीय तहको निर्वाचनमा कांग्रेसले १ सय २७ मध्ये १ सय तहमा विजयी हासिल गर्नसक्ने भन्दै यसअघि रणनीति तय गरेको थियो। पहिलो र दोस्रो चरणमा गरेर हामी एमालेभन्दा करिब ५० सिटले पछि परेका छौं भन्दै कांग्रेस नेता विमलेन्द्र निधिले भन्नुभयो- 'कांग्रेस पहिलो पार्टी बन्न तेस्रो चरणमा १ सय सिट जित्ने तयारीका साथ अघि बढ्नुपर्छ। मधेसको मुद्दा लिएर कांग्रेस आन्तरिक रूपमा एकतावद्ध भएर अघि बढे प्रदेश नम्बर २ मा कांग्रेसले १ सय स्थानीय तहमा विजय हात पार्न सकिने उहाँको दाबी थियो।

## एम्बुलेन्स सर्भिस अब बुटवलमा

काठमाडौं, (नेस)

नेपाल एम्बुलेन्स सर्भिसले दक्ष स्वास्थ्यकर्मीहरुसहितको एम्बुलेन्स सेवा बुटवलमा शुभारम्भ गरेको छ। बुटवलमा शुभारम्भ भएको सेवाको उद्घाटन नेपाल एम्बुलेन्स सर्भिसका उपाध्यक्ष तथा लायन्स डिस्ट्रिक्ट ३२५ बीर२ का डिस्ट्रिक्ट गर्भनर रञ्जित आचार्य र अर्घाखाँची सिमेन्टका प्रबन्ध निर्देशक राजेश अग्रवालले संयुक्त रूपमा गर्नुभएको थियो।

बुटवल र भैरहवामा संस्थाले २४सैं घण्टा पूर्णउपकरणसहितको आकस्मिक एम्बुलेन्स सेवा लायन्स डिस्ट्रिक्ट ३२५ बीर नेपालको सहकार्यमा प्रदान गर्नेछ। यो सेवाका लागि स्थानीय सहकार्य तथा वित्तिय सहयोग सोरवे फाउन्डेसन र अर्घाखाँची सिमेन्टले गरेको छ। यो सेवा लिनका लागि बुटवल, भैरहवा तथा वरिपरिका सेवाग्राहीले आकस्मिक एम्बुलेन्स सेवाको १०२ नम्बरमा फोन गर्नुपर्ने हुन्छ।

नेपाल एम्बुलेन्स सर्भिसका उपाध्यक्ष रञ्जित आचार्यले 'हामी पश्चिम नेपालको बुटवलमा यो सेवा शुरु गरेका छौं अब यसलाई देशका अन्य भागमा पनि लैजाने बताउनुभयो। लायन्स डिस्ट्रिक्ट ३२५ बीर र अर्घाखाँची सिमेन्टका साथमा सहकार्य गर्दै जनताहरुलाई एम्बुलेन्स सेवा प्रदान गर्न पाउनु निकै खुसीको क्षण हो। हाम्रो मूल उद्देश्य 'सेभिङ लाइभ्स एलङ दि वे' का साथमा सेवाग्राहीहरुलाई आकस्मिक उपचार सेवा निरन्तर प्रदान गर्न पाउँदा हामीले भाग्यमानी भएको महशुस गरेका छौं। हामी भविष्यका बारेमा निकै उत्साहित भएका छौं, हामी अझ धेरै सकारात्मक परिवर्तन र सेवाहरु प्रदान गर्न थप सहकार्य गर्नेछौं।'

हालसम्म नेपाल एम्बुलेन्स सर्भिसले काठमाडौं उपत्यका, चितवन र पोखरासहित वरिपरिको क्षेत्रमा एम्बुलेन्स सेवा प्रदान गरिरहेको छ। यसले नयाँ शहरहरुमा पनि सेवा सञ्चालन गर्ने प्रयास गरिरहेको छ। यसका साथै एनएएसले काठमाडौं उपत्यका, चितवन र पोखरामा अन्तर्राष्ट्रिय स्तरको आकस्मिक स्वास्थ्य सेवापूर्ण उपकरणयुक्त ११ वटा एम्बुलेन्सद्वारा प्रदान गर्दै आएको छ, जुन अब बुटवलमा पनि शुरू भएको छ।

एनएएसले २४सैं घण्टा आकस्मिक एम्बुलेन्स सेवा यी सबै क्षेत्रहरुमा सञ्चालन गरिरहेको छ। आकस्मिक एम्बुलेन्स सेवा दिनका लागि नि:शुल्क फोन गर्न सकिने टोल फ्रि नम्बर १०२ मा फोन गर्नुपर्नेछ। संस्थाले सरकारले तोकेको न्यूनतम शुल्कमा आकस्मिक एम्बुलेन्स सेवा प्रदान गरिरहेको छ।

महाविनाशकारी भूकम्पको समयमो आकस्मिक एम्बुलेन्स सेवामार्फत ७ दिनमा ६७८ जनाको जीवन उद्धार गर्न सफल भएको थियो। भविष्यमा संस्थाले देशभरि नै सेवा सञ्चालन गर्ने लक्ष्य लिएको छ। स्ट्यान्डफोर्ड मेडिकल युनिटले एनएएसलाई प्राविधिक सहयोगीका रूपमा सहयोग गर्दै आइरहेको छ र ईएमटीज आकस्मिक मेडिकल प्राविधिकहरुलाई अन्तर्राष्ट्रिय स्तरको तालिम प्रदान गरिरहेको छ।

## सात लाखको सुन बरामद



काठमाडौं, (नेस)

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको पार्किङ एरियाबाट भक्तपुरको बालकोट-३ का राजन बस्नेतलाई करिब ७ लाख ३१ हजार ७ सय ७५ रुपियाँबराबरको १ सय ५० ग्राम तौल हुनआउने ३ थान सुनका बालासहित सोमबार प्रहरीले पक्राउ गरेको छ।

कतार एयरवेजमा कतारको दोहाबाट काठमाडौं आएका बस्नेतलाई जाँच गर्ने क्रममा उनको साथमा रहेको झोलामा अवैध रुपमा लुकाई छिपाई लैजान लागेको अवस्थामा उक्त सुन फेला परेपछि उनलाई प्रहरीले पक्राउ गरेको हो।

बरामद सुन र बस्नेतलाई आवश्यक कानुनी कारबाहीका लागि त्रिभुवन विमानस्थल भन्सार कार्यालय काठमाडौंमा पठाइएको प्रहरीले जनाएको छ।

## एपीएफ प्रवक्तामा पाण्डे



काठमाडौं, (नेस)

सशस्त्र प्रहरी बल नेपालको प्रवक्तामा सशस्त्र प्रहरी नायब महानिरीक्षक बाबुराम पाण्डे ल्याइएको छ।

सशस्त्र प्रहरी बल नेपालका प्रवक्ता पाण्डेलाई मोबाइल नम्बर ९८५१२७२००७ मा सम्पर्क गर्न सकिने सशस्त्र प्रहरी बलले जनाएको छ।

## 'नेपाललाई साम्प्रदायिक द्वन्द्वमा फसाउने षड्यन्त्र भइरहेको छ'

**नेपाल समाचारपत्र**

भक्तपुर

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले नेपाललाई दीर्घकालीन रूपमा साम्प्रदायिक द्वन्द्वमा फसाउने षड्यन्त्र प्रयास भइरहेको बताउनुभएको छ। मंगलबार तराईका बाढीपीडितलाई एमाले ललितपुर क्षेत्र नम्बर ३ ले संकलन गरेको राहत रकम बुझ्दै अध्यक्ष ओलीले नेपालको जातीय, भाषिक र साँस्कृतिक विविधतामा खेलेर द्वन्द्वको बीउ रोप्नेप्रति सचेत हुनुपर्ने बताउनुभयो।

उहाँले अहिलेको चुनावी माहौल तातिरहेका बेला प्रदेश नम्बर २ मा द्वन्द्वको खेती गर्नेहरू सक्रिय भइरहेको बताउनुभयो। द्वन्द्वको पक्षमा रहेकालाई जनताले निर्वाचनमार्फत परास्त गरेर सहिष्णु समाज निर्माणको आधार तय गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

एमाले ललितपुर क्षेत्र नम्बर ३ को राहत संकलन समितिका संयोजक रघुनाथ महर्जनले ओली निवास बालकोटमा पुगी बाढीपीडितका लागि ३ लाख २५ हजार ७ सय ८० रुपियाँ बुझाउनुभएको ओलीका स्वकीय सचिव अनिश दाहालले बताउनुभयो।

सो रकम नेकपा एमाले केन्द्रीय कार्यालयले सञ्चालन गरेको प्राकृतिक विपत्ति कोषको खातामा जम्मा गरेर छिट्टै बाढीपीडितसमक्ष पुऱ्याइने अध्यक्ष ओलीले बताउनुभयो।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
**राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र**
**टेकु, काठमाडौ,** फोन नं. ४२५४२७१

**सिलबन्दी वोलपत्र आव्हानको सूचना**

**सूचना प्रकाशित मितिः २०७४।०५।२८**

यस केन्द्रको चालु आ. ब. २०७४/०७५ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमका क्रियाकलापहरु गर्नु परेको हुँदा सो कार्य गर्न इच्छुक ईजाजत प्राप्त फर्म/एजेन्सी/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी वोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. संचालन गर्नु पर्ने क्रियाकलापः

| | क्रियाकलाप | धरौटी रकम | फाराम दस्तुर |
|---|---|---|---|
| १.१ | **स्वास्थ्य प्रवर्धन को लागि मेरो वर्ष २०७४, म स्वस्थ मेरो देश स्वस्थ प्रवर्धन कार्यक्रम सम्बन्धी टेलिभिजन सन्देश प्राइभेट टेलिभिजनबाट प्रशारण** | रु.२५००००। | रु.३००० |

२. **बोलपत्र फाराम रु.३०००।-** नगद (फिर्ता नहुने गरी) तिरी खरिद गर्नुपर्नेछ ।
३. वोलपत्र फाराम खरिद गर्नको लागि वोलपत्रदाताले २०७५ साल आषाढ मसान्तसम्म नवीकरण भएको इजाजतपत्र, स्थायी लेखा नम्बर (मूल्य अभिबृद्धिकर सहित) प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र आ.ब.२०७३।७४ को करचुक्ता भएको वा कर विवरण बुझाएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी सहित निवेदन पेश गर्नु पर्नेछ।
४. वोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिन भित्र कार्यालय समयमा यस केन्द्रबाट खरिद गर्न सकिनेछ ।
५. वोलपत्र फाराम भरी सिलबन्दी गरेर यो सूचना प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२ बजे भित्र यस केन्द्रमा बुझाउनु पर्नेछ ।
६. म्याद भित्र दर्ता भएका वोलपत्रहरु ३१ औं दिनको २:०० बजे बोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधिको रोहबरमा खोलिनेछ । प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न बाधा पर्ने छैन ।
७. वोलपत्र खरिद गर्ने र बुझाउने अन्तिम दिनमा सार्बजनिक बिदा परेमा कार्यालय खुलेको दिनलाई अन्तिम मिति मानिने छ ।
८. वोलपत्र स्वीकृत गर्ने वा नगर्ने, आंशिक रुपमा वा प्योकजमा स्वीकृत गर्ने, बोलपत्र प्रकृया पूरै रद्द गर्ने र बोलपत्र फाराममा उल्लेखित शर्तनामा पूरा नगरेको बोलपत्रदातालाई प्रतिस्पर्धामा सामेल नगराउने आदि सम्पुर्ण अधिकार यस केन्द्रमा सुरक्षित रहनेछ ।
९. यो वोलपत्रको मान्य हुने अवधि ९० दिन हुनेछ ।
१०. वोलपत्र साथ कोष तथा लेखा नियन्त्रक कार्यालय काठमाडौको धरौटी खाता नं. १७००२०३, कार्यालय कोड न. २७-३७०-१८ मा उपरोक्त शर्त नं. १ मा उल्लेख गरिए अनुसार धरौटी रकम बोलपत्रको सुचना प्रकाशन भएको मिति देखि बोलपत्र बुझाउन अन्तिम मिति भित्र धरौटि जम्मा गरी दाखिला गरेको सक्कल भौचर/बिडबण्ड पेश गर्नुपर्नेछ । बिडबण्डको हकमा वोलपत्र बुझाउने अन्तिम मिति देखि कम्तीमा १२० दिनको म्याद भएको मान्यता प्राप्त बाणिज्य बैंकको हुनुपर्नेछ । बिदेशी बैंकको ग्यारेन्टी भएमा भएमा नेपाली बैंकबाट प्रति प्रत्याभूति (Counter Guarantee) गरेको हुनुपर्नेछ ।
११. यस केन्द्रको छाप र अधिकार प्राप्त अधिकृतको दस्तखत भएको वोलपत्र फाराम खरिद गर्नु पर्नेछ ।
१२. यो वोलपत्र सम्बन्धी अन्य केहि कुराहरु बुझ्नुपरेमा यस केन्द्रमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।
१३. यो सूचनामा उल्लेख भएका कुराहरु प्रचलित ऐन नियमहरुसंग नबाझिएको हदसम्म यसै अनुसार हुने र अन्य कुराहरु वोलपत्र फाराममा उल्लेखित कुराहरु र शर्तनामा, प्रचलित ऐन नियमहरु, सार्बजनिक खरिद ऐन, २०६३ तथा सार्बजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।

## अस्ट्रोलोजर राज इन्डोनेसियामा सम्मानित




**नेपाल समाचारपत्र**

काठमाडौं

प्रसिद्ध अस्ट्रोलोजर राज इन्डोनेसियाको बालीमा सम्मानित हुनुभएको छ।

इन्डोनेसियाको बालीमा सम्पन्न विश्वभरिका ज्योतिषहरुको १८औं सम्मेलनमा नेपालका अस्ट्रोलोजर राज सबैभन्दा उच्च तहको सम्मानका रूपमा 'म्यान अफ द इयर'का रूपमा सम्मानित हुनुभएको हो।

विगत दुई दशकदेखि ज्योतिष विधामा योगदान पुऱ्याउँदै आउनुभएका राज राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा यसअघि 'बेस्ट अस्ट्रोलोजर अफ दि साउथ एसिया', 'बेस्ट अस्ट्रोलोजर अफ दि एसिया', 'ज्योतिष सम्राट्'लगायतका दर्जनौं अवार्डबाट सम्मानित भइसक्नुभएको छ। हरेक वर्ष हुने विश्वका विभिन्न स्थानमा हुने अस्ट्रोलोजी सम्मेलनमा विश्वभरिका ज्योतिषहरुको सहभागिता रहने गरेको छ।

## सिनेमा कर्नर










**माउन्ट मकालु यातायात सेवा**
**काठमाडौं-बिर्तामोड-ताप्लेजुङ**
**प्रस्थान दिउँसो २ बजे**
**केन्द्रीय कार्यालय, कलंकी**
**सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३**

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : धन नोक्सानी, मानसिक चञ्चलता, आँखामा समस्या, असन्तोष।
**वृष** : उत्तम भोजन, पुरस्कार-गिफ्ट पाइने सम्भावना, भाग्य चम्किने।
**मिथुन** : नोक्सानी, राम्रै बोले पनि उल्टो अर्थ लाग्ने, स्वास्थ्य समस्या।
**कर्कट** : धन वा सेवा-सहयोग प्राप्ति, सुख-सन्तोष, मन प्रफुल्लित।
**सिंह** : सुख-सन्तोष, हर्षविभोरका साथै गरेको काममा सफलता।
**कन्या** : राजनीतिज्ञबाट भय, इज्जत-प्रतिष्ठामा धक्का, कष्टदायक यात्रा।
**तुला** : रोगव्याधिले शिथिलता, आकस्मिक खर्च, काममा असफलता।
**वृश्चिक** : आर्थिक लाभ, आइपरेका समस्याको समाधान, अधुरा कार्य पूरा।
**धनु** : द्रव्यलाभ, खेलकुद, पठनपाठन, परीक्षामा सफलता, परिवार-सुख।
**मकर** : ग्यास्टिक-अपचजस्ता समस्याले सताउला, आलस्यता, कार्य बाधा।
**कुम्भ** : परिवारमा विवाद, झाडापखालाको सम्भावना, व्यर्थको दौडधुप।
**मीन** : पैसा प्राप्ति, सम्मानित, पुरस्कृत एवम् ठूलै उपलब्धिको सम्भावना।

# नेपाल

धौलागिरिमै पहिलो पटक सञ्चालनमा आएको प्रमाण पत्र तहको लागि कृषि र पशु विज्ञान कार्यक्रमको लागि इन्स्टिच्यूटले वर्गीकृत छात्रवृत्ति, डिप्लोमा तथा प्रमाणपत्र तहमा पूर्ण शुल्क र वर्गीकृत कोटाको समेत व्यवस्था गर्दै विद्यार्थीहरूलाई भर्नाको लागि आवेदन माग गरेको छ।

## बागलुङमा पनि कृषि र पशु विज्ञानको पढाइ

सिर्जना पन्त, बागलुङ

कृषि तथा पशु विज्ञानसम्बन्धी अध्ययनका लागि देशका विभिन्न भागमा जानुपर्ने धौलागिरिका विद्यार्थीहरूको समस्या अन्त्य हुने भएको छ।

नेपाल सरकारले बहुप्राविधिक शिक्षालयअन्तरगत प्राविधिक शिक्षा अध्ययनको लागि धवलागिरि पोलिटेक्निक इन्स्टिच्यूट बलेवालाई अनुमति दिएसँगै बागलुङ नगरपालिका-१४ बलेवाको नेपानेमा कृषि र पशु विज्ञानसम्बन्धी अध्ययन हुने भएको हो।

धौलागिरिमै पहिलो पटक सञ्चालनमा आएको प्रमाण पत्र तहको लागि कृषि र पशु विज्ञान कार्यक्रमको लागि इन्स्टिच्यूटले वर्गीकृत छात्रवृत्ति, डिप्लोमा तथा प्रमाणपत्र तहमा पूर्ण शुल्क र वर्गीकृत कोटाको समेत व्यवस्था गर्दै विद्यार्थीहरूलाई भर्नाको लागि आवेदन माग गरेको छ।

कृषि तथा पशु विज्ञान विषयमा डिप्लोमा गर्न चाहने विद्यार्थीहरूलाई ३ वर्षमा कोटामा धरौटीसहित १० हजार रुपियाँ र पूर्ण शुल्कतर्फ १ लाख ३० हजार रुपियाँ लाग्ने इन्स्टिच्यूटका प्रमुख बज्रमोहन पौडेलले बताउनुभयो। पौडेलले इन्स्टिच्यूटमा देशका जुनकुनै स्थानबाट पनि अध्ययन गर्न आउन सक्ने भन्दै बागलुङ नगरपालिकाका लागि १, वडा नं १४ को लागि १ र महिला, जनजाति, दलित, अपांगता भएका र मधेसीमूलका विद्यार्थीहरू लागि पनि छुट्टै कोटाको व्यवस्था गरिएको जानकारी दिनुभयो। उहाँले भर्ना आवेदन खुला गरिएको भन्दै असोज २४ गते भर्नाका लागि आवेदन दिने र २७ गते प्रवेश परीक्षा हुने बताउनुभएको छ।

पछिल्लो समय प्राविधिक शिक्षाप्रति विद्यार्थीहरूको रुचि बढ्दै गइरहेको समयमा बागलुङको बलेवामा सञ्चालनमा आएको इन्स्टिच्यूटले धौलागिरिका प्राविधिक शिक्षामा रुचि भएका विद्यार्थीहरूको चाहना पूरा हुने बागलुङ नगरपालिकाका मेयर जनक पौडेलले बताउनुभयो। महँगो शुल्क तिरेर प्राविधिक शिक्षा लिइरहेका सामान्य नागरिकका छोराछोरीका लागि इन्स्टिच्यूट सस्तो र सुलभ हुने उहाँले बताउनुभयो। व्यावसायिक र सीपमूलक शिक्षा आर्जन गर्न चाहने विद्यार्थीहरूको लागि बलेवाको धवलागिरि पोलिटेक्निक इन्स्टिच्यूट सबैको रोजाइ बन्ने उहाँको भनाइ छ।

अक्षरांकन पद्दति लागू हुनुपूर्वका विद्यार्थीहरूले प्रवेश परीक्षा दिनका लागि आवेदनसँगै मान्यताप्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई एसएलसी वा सो सरहको परीक्षा उत्तीर्ण गर्नुपर्ने वा कार्यक्रमसँग सम्बन्धित प्राविधिक एसएलसीको कुल पूर्णाकमा ६८ दशमलव ३३ र ६६ दशमलव ६७ प्रतिशत अंक ल्याउनुपर्ने इन्स्टिच्यूटले जनाएको छ। अक्षरांकन पद्दति लागू भएपछिका विद्यार्थीहरूले अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयमध्ये दुई विषयमा न्यूनतम सी ग्रेड र कुनै एकमा डीप्लस ग्रेड प्राप्त गरेको हुनुपर्ने बताइएको छ। इन्स्टिच्यूटमा पहिलो चरणको शैक्षिक सत्र ०७४/०७५ का लागि ३५ वटा कोटा रहेका छन्।

## आत्महत्या गर्ने महिलाभन्दा पुरुष धेरै

पर्वत, (नेस)

पर्वत जिल्लामा आत्महत्या गर्नेहरूको संख्या बढेको पाइएको छ। जिल्ला प्रहरी कार्यालय पर्वतले दिएको जानकारीअनुसार आर्थिक वर्ष ०७१/७२ मा ३१ जनाले आत्महत्या गरेका छन्।

प्रहरीले दिएको जानकारीअनुसार झुन्डिएर ३० जनाले आत्महत्या गरेका छन्। त्यस्तै हाम फालेर ६, औजार प्रयोग गरेर १ जना, लागूऔषध सेवन गरेर २ जनाले आत्महत्या गरेका छन्। त्यस्तै आर्थिक वर्ष ०७२/०७३ मा झुन्डिएर २३ जना, विष सेवनबाट २ जना, हाम फालेर ४ जना र लागूऔषध सेवनबाट १ जनाले आत्महत्या गरेका छन्।

०७३/७४ मा झुन्डिएर २६ जनाले आत्महत्या गरेका छन्। त्यस्तै विष सेवनबाट १ जना, हाम फालेर ४ जना, लागूऔषध सेवन गरेर १ जनाले आत्महत्या गर्ने गरेको पाइएको छ। त्यस्तै चालु आर्थिक वर्षको २ महिलामा झुन्डिएर ५ जनाले आत्महत्या गरेका छन्। त्यस्तै विष सेवन गरेर १ जना र हाम फालेर २ जनाले आत्महत्या गरेका छन्।

आत्महत्या गर्नेमध्ये महिलाको तुलनामा पुरुषको संख्या बढी रहेको छ। आत्महत्या गर्नेहरूमध्ये झुन्डिनेको संख्या बढी रहेको प्रहरीको भनाइ छ। आत्महत्या गर्नेहरूको उमेरसमूह नखुलाइएको भए पनि अधिकांश १५ देखि मुस्किलले ६५ वर्षसम्मको रहेको प्रहरीको तथ्यांकमा उल्लेख छ।

जिल्ला प्रहरी कार्यालय पर्वतका प्रहरी निरीक्षक लीलाराज लामिछानेले जीवनबाट निराश हुने विभिन्न कारणमध्ये मानसिक तनाव र समस्यासँग सामना गर्न नसक्नेहरू आत्महत्याजस्तो जघन्य अपराधको बाटो रोज्ने गरेको बताउनुभयो।

पारिवारिक र व्यक्तिगत सम्बन्धमा दरार आउनु, अत्यन्त मन मिल्नेसँग अकस्मात् मनमुटाव, सामाजिक र पारिवारिक दबाब, वैदेसिक रोजगार, लेनदेनलगायतका कारणले आत्महत्या गर्नेहरूको संख्या बढेको प्रहरी निरीक्षक लामिछानेको भनाइ छ।

## मदिरा बिक्री वितरणमा रोक

वीरगञ्ज, (नेस)

नजिकिँदै गरेको स्थानीय तह निर्वाचन तेस्रो चरणको दिन असोज २ गतेलाई दृष्टिगत गरी वीरगञ्ज महानगरपालिकासहित पर्साको सबै स्थानीय तहमा मंगलबारबाट मदिरा बिक्री वितरणमा रोक लगाइएको छ।

जथाभावी मदिरा बिक्री वितरण गरिँदा होहल्ला तथा समाजमा दंगासमेत भड्कन सक्ने हुनाले असोज २ गते सम्मका लागि मदिरा बिक्री वितरणमा रोक लगाउने निर्णय भएको जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक सुदीप गिरीले जानकारी दिनुभयो। चुनावका दिनसम्म मदिरा बिक्री वितरण नगर्न विषयमा स्थानीय व्यवसायीहरू पनि सहमत भइरहेको उहाँले बताउनुभयो।

चुनावमा मदिरा सेवनकै कारण पनि विभिन्न आपराधिक घटना हुने सक्ने भएका कारण पनि मदिरा बिक्री वितरण बन्द गरिएको मुख्य निर्वाचन अधिकृत विष्णु सुवेदीले जानकारी दिनुभयो। स्थानीय तह तेस्रो निर्वाचनमा पर्साको वीरगञ्जबाट मात्रै १ लाख ८० हजार नागरिक सहभागी हुँदैछन्।

चुनावमा उठेका उम्मेदवारहरूले रक्सी र मासुलाई पहिलो प्राथमिकता दिएका कारण स्थानीय प्रशासनको यो निर्देशन स्वयं उम्मेदवारबाट नै कार्यान्वयन हुने आशंका देखिएको छ। मदिराविना चुनाव असम्भवजस्तै बनेको मधेसमा चुनावलाई लक्षित गरी मदिरा बिक्री वितरण हुन्छ भनेर कल्पना गर्न दिउँसै सपना देख्नुसरह भएको कतिपयहरूको विश्लेषण छ।

## जरिवानामा पाँच गुणा वृद्धि

हेटौंडा, (नेस)

अवैधरूपमा ढुंगा, गिट्टी, बालुवा उत्खनन् गरेर ओसारपसार गर्नेबाट पहिले लिइँदै आएको जरिवानामा भारी वृद्धि गरिएको छ।

जिल्ला अनुगमन समिति मकवानपुर संयोजक तथा प्रमुख जिल्ला अधिकारी चक्रबहादुर बुढाको सभाध्यक्षतामा बसेको बैठकले अवैध उत्खनन् गरेर नदीजन्य पदार्थ ओसारपसार गर्नेबाट पहिले लिइँदै आएको जरिवाना वृद्धि गर्ने निर्णय गरेको हो।

पहिले प्रहरीले एउटा ट्याक्टर नियन्त्रणमा लिदा १ हजार जरिवाना तिराइँदै आए पनि हाल त्यसलाई ५ गुणा वृद्धि गर्दै ५ हजार जरिवाना लिने निर्णय भएको मकवानपुरका स्थानीय विकास अधिकारी नारायणप्रसाद मैनालीले बताए।

अवैध ओसारपसार गर्ने टिपरलाई नदीजन्य पदार्थसहित नियन्त्रणमा लिँदा २ हजार रुपियाँ लिइँदै आएकोमा अब १० हजार रुपियाँ लिने निर्णय भएको छ। मेसिन औजार खोलामा प्रयोग गरिएको पाइए १० हजार लिने गरिएकोमा अब १५ हजार रुपियाँ लिने निर्णय पनि भएको छ।

पहिलो पटक ट्याक्टर, टिपर र मेसिनको प्रयोग भएमा लिइएको जरिवानामा दोस्रो पटक त्यही अवैध काम गरे दोब्बर जरिवाना लिने निर्णय भएको स्थानीय विकास अधिकारी मैनालीले बताए।

## भारतमा एक नेपालीको मृत्यु

बैतडी (नेस)

भारतमा सडक मजदुरका रुपमा कार्यरत रहेका एक नेपालीको मृत्यु भएको छ। मृत्यु हुनेमा बैतडीको सुर्नया गाउँपालिका-६ शंकरपुरका २४ वर्षीय रामदत्त अवस्थी रहेका छन्। सोमबार बेलुकातिर भारतको उत्तराखण्डको धारचुलानजिक बालुवाकोटमा सडकमा काम गरिरहेका बेला माथिबाट ढुंगा खसेर घटनास्थलमै ज्यान गएको मृतकका आफन्त महेश अवस्थीले जानकारी दिनुभयो। मृतकको शव परीक्षणका लागि धारचुलास्थित एक अस्पतालमा राखिएको छ। शव परीक्षणपछि आफन्तलाई बुझाइने बताइएको छ।

## मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

गुल्मी (नेस)

गुल्मीमा मोटरसाइकल दुर्घटनामा एक जनाको मृत्यु भएको छ। मंगलबार बिहान जिल्लाको थानपती घरबाट रिडीतर्फ जाँदै गरेको ना१प २४८१ नम्बरको मोटरसाइकल रुरु गाउँपालिका वडा नम्बर ३ पानीटंकी भन्ने स्थानमा दुर्घटना भएको हो। दुर्घटनामा मोटरसाइकल चालक रुरु गाउँपालिका ३ निवासी २३ वर्षीय राजु सारुको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी उपरीक्षक अनुरागकुमार द्विवेदीले जानकारी दिए।

दुर्घटनामा परी घाइते मोटरसाइकल चालकको रिडीस्थित प्राथमिक स्वास्थ्यचौकीमा उपचारको क्रममा मृत्यु भएको थियो। सोही दुर्घटनामा परी मोटरसाइकलमा सवार रुरु-३ का २१ वर्षीय ईश्वरी राउत घाइते भएका छन्। उनको स्थानीय स्वास्थ्यचौकीमा उपचार भइरहेको प्रहरीले जनाएको छ। उनीहरू दुवै जना रिडीमा चलिरहेको क्रिकेट खेल हेर्न जान लागेका थिए।

## स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी बन्दै

विनोद सिंह विष्ट, बैतडी

नेपाल सरकार सामाजिक स्वास्थ्य विकास समितिमार्फत् ल्याइएको स्वास्थ्य बीमा कार्यक्रम बैतडीमा प्रभावकारी बन्दै गएको छ। सामाजिक स्वास्थ्य सुरक्षा विकास समिति बैतडीले तुलनात्मक रुपमा बीमा कार्यक्रम प्रभावकारी बनेको बताएको छ।

भौगोलिक कठिनाइ, गरिबी, नागरिकको चेतनास्तरलगायतका चुनौतीका बाबजुद पनि बीमा कार्यक्रममा नागरिकको आकर्षण देखिएको सामाजिक स्वास्थ्य सुरक्षा विकास समिति बैतडीका प्रबन्धक जनक साउदले बताउनुभयो। उहाँले भन्नुभयो- 'धुप्रै चुनौतीका बीच पनि हामीले जनतालाई विश्वासमा लिन सफल भएका छौं।'

गरिब नागरिकका लागि स्वास्थ्य बीमा बढी आवश्यक हुने भन्दै सामाजिक स्वास्थ्य सुरक्षा विकास समितिका वरिष्ठ जनस्वास्थ्य प्रशासक डाक्टर भुवन पौडेलले बीमा गराएर पैसाको अभावमा उपचारबाट वञ्चित हुनुपर्ने समस्याबाट मुक्त हुन सबै नागरिकलाई आग्रह गर्नुभएको छ।

उहाँले भन्नुभयो- 'बीमा सबैभन्दा बढी गरिबकै लागि आवश्यक छ, त्यसैले २ हजार ५ सयमा ५० हजारको स्वास्थ्य उपचार लिन नछुटाऔं।'

विपन्न वर्गको स्वास्थ्य सेवामा पहुँच पुर्‍याउन बीमा शुरू गरिएकाले निम्न आयस्रोत भएकाहरूले नछुटाई बीमा गर्नुपर्ने स्वास्थ्य सुरक्षा विकास समिति बैतडीका दर्ता अधिकारी विष्णुदत्त जोशीले बताउनुभयो। 'स्वास्थ्य बीमा धनी गरिब सबैका लागि लाभदायी बन्छ', जोशीले भन्नुभयो- 'विपन्न वर्गका परिवारले बीमा नछुटाई गर्नुपर्छ।'

गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपयोगमा सुधार ल्याई सामाजिक स्वास्थ्य बीमाका आधारमा सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्न स्वास्थ्य बीमा लागू भएको सामाजिक स्वास्थ्य सुरक्षा विकास समितिले जनाएको छ।

बैतडीमा हालसम्म ६ सय २७ घरपरिवारका ३ हजार ३१ जनाले स्वास्थ्य बीमा गराएका छन् भने ३ सय २० जनाभन्दा बढीले बीमापछिको उपचार सेवा लिएका छन्। गत पुसदेखि जिल्लामा स्वास्थ्य बीमा लागू भएपछि गरिब, स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका सर्वसाधारणले सहज रुपमा स्वास्थ्य सेवा पाएका छन्।

प्रत्येक परिवारमा ५ जना सम्मको लागि २ हजार ५ सय र ५ जनाभन्दा माथिको संख्या भएमा थप ४ सय २५ रुपियाँ शुल्क लाग्ने गरेको छ। बैतडीबाट १६ लाख ४७ हजार ८ सय ४५ रुपियाँ प्रिमियम संकलन गरिएको छ। बीमा गरेपछि स्थानीयले एक वर्षसम्म बीमा गरेको परिवारको सदस्यलाई ५० हजार सम्मको स्वास्थ्य सेवा (उपचार, निदान र औषधि) प्रदान गरिनेछ। तर, त्यस्तो सेवा भने समितिले तोकेको स्वास्थ्य संस्थाबाट मात्रै लिन सकिन्छ।

बैतडीमा ७० जना दर्ता सहयोगीलाई तालिम दिएर घरदैलोमा पठाइएको छ। तीमध्ये ६७ जना दर्ता सहयोगी मात्रै क्रियाशील रहेका छन्। तर, अझै लक्ष्यअनुसार बीमा गर्न नसकेको सामाजिक स्वास्थ्य सुरक्षा विकास समितिले जनाएको छ। ग्रामीण क्षेत्रमा गरिबी, चेतनाको अभाव आदि कारणले स्वास्थ्य बीमा गराउनेको संख्यामा उल्लेख्य वृद्धि हुन नसकेको दर्ता अधिकारी जोशीले बताउनुभयो। यस्तै तोकिएका स्वास्थ्य संस्था टाढा भएकाले बीमा गरेका नागरिकलाई पनि उपचार सेवा लिन असहज भएको छ। केही स्वास्थ्य संस्थामा औषधिको अभाव रहेको गुनासोसमेत आएको स्वास्थ्य सुरक्षा विकास समितिले जनाएको छ।

सूचीकृत स्वास्थ्य संस्थासम्म सहज रुपमा पहुँच नहुँदा सोचेअनुरुप सर्वसाधारणले बीमा गर्न सकेका छैनन्। गाउँमा सम्झाइबुझाइ गरे पनि अधिकांशले बीमाके खेर जाने डरले बीमा नगर्ने गरेको दर्ता अधिकारी जोशीले बताउनुभयो। उहाँले भन्नुभयो- 'तर पछिल्लो समय बीमा गर्नेको संख्या तुलनात्मक रुपमा बढेको छ।'

बैतडीमा जिल्ला अस्पताल, पाटन र मेलौली प्राथमिक स्वास्थ्य केन्द्र, डडेल्धुराको उपक्षेत्रीय अस्पताल, दार्चुलाको गोकुलेश्वर अस्पताललाई प्रथम सेवा बिन्दुको रुपमा राखिएको छ। दोस्रो रिफरल बिन्दुको रुपमा कोहलपुर मेडिकल कलेज, भेरी अञ्चल अस्पताल र काठमाडौंका ९ वटा अस्पताल तोकिएको छ।

## बालबालिकालाई शहर अवसरसँगै जोखिम

नेपाल समाचारपत्र

काभ्रे

बालबालिकाहरूका लागि ग्रामीण क्षेत्रभन्दा शहरी क्षेत्र आकर्षण र जोखिम रहेको तथ्यांकहरूले देखाएको छ। केन्द्रीय बालकल्याण समितिका कार्यकारी निर्देशक तारक धितालले बालबालिकाहरूका क्षेत्रमा भएका कार्यहरू, स्थानीय सरकारले खेल्ने भूमिका र बालबालिकाहरूको अवस्थाका बारेमा जानकारी गराएका थिए।

जिल्ला बालकल्याण समिति काभ्रेको आयोजनामा स्थानीय तहबाट बालबालिकाहरूको संरक्षण र बालअधिकारमा आधारित सहभागितामूलक योजना तर्जुमा विषयमा जननिर्वाचित प्रतिनिधि र सरोकारवालाहरूबीचको अन्तर्क्रिया कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै कार्यकारी निर्देशक धितालले शहरी क्षेत्रमा शिक्षा, आम्दानी, सिकाइ, पहुँच, रमाइलो तथा अवसरका लागि शहरी क्षेत्र आकर्षण भएको देखिएको छ भने बालबालिकाहरू आकर्षणमै लोभिंदा खराब संगतका कारण खराब कार्यमा संलग्न हुन पुग्ने, जोखिम र शोषण हुने, कठिन जीवन बिताउन बाध्य हुने, विभेद र बहिष्करणमा पर्ने गरेको देखिएको छ। निष्कर्षमा शहरी क्षेत्रका यस्ता बालबालिकाहरू बस्तिमुनिको अँध्यारोमा पर्ने गरेको धितालले बताए।

'बालमैत्री शासन-बालअधिकारको सम्मान' भन्ने नाराका साथ शुरू भएको अभियानलाई देशका सबै उनीहरूको फैलाउन बालबालिकाहरूलाई उनीहरूको बाँच्न पाउने अधिकार, संरक्षण र विकाससँगैको सहभागितामा जोड दिइएको छ। जिल्ला अध्यक्ष रामकुमार मुल्मीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख जिल्ला अधिकारी शिवप्रसाद सिंखडाले बालबालिकाहरूलाई ऐन र कानुनका आधारमा मात्रै नभई व्यावहारिकताका आधारमा अधिकारको सदुपयोगमा लगाउनुपर्ने बताए। बालबालिकाहरूलाई सचेतना पुग्नुपर्ने ठाउँमा नपुगेको, कानुनी व्यवस्था प्रभावकारी नभएको, साधन स्रोत सम्पन्न नभएको, पहुँच पुग्न नसकेको बताउँदै सबै कुराले सम्पन्न स्थानीय तहहरूले बालमैत्री शासन, बालबालिकाहरूको आवश्यकताअनुसारका विकास निर्माण र उनीहरूको सहभागितामा जोड दिएका थिए।

जिल्ला समन्वय समितिका प्रमुख उद्धव केसीले बालबालिकाहरूको क्षेत्रमा जिल्लामा भएका प्रयासहरू सकारात्मक भएकाले आगामी दिनमा जिल्लाका १३ वटै स्थानीय तहहरूमा बालमैत्री शासन कार्यान्वयन गर्न समन्वय गर्ने बताएका थिए। पनौती नगरपालिकाका प्रमुख भीम न्यौपानेले कानुनसँगै व्यावहारिकतामा ख्याल पुऱ्याउनुपर्ने बताए। बेथानचोक गाउँपालिकाका अध्यक्ष प्रेमबहादुर तिमल्सिना, महाभारत गाउँपालिकाका अध्यक्ष कान्छामान जिम्बा, जिल्ला समन्वय समितिका उपप्रमुख मञ्जु गौतम, बनेपा नगरपालिकाका उपप्रमुख रेखा सापकोटा दाहाल, धुलिखेल नगरपालिकाका उपप्रमुख विमला शर्मा, नमोबुद्धकी रामदेवी तामाङ, मन्डन देउपुरकी निर्मला शाही, पाँचखालकी लक्ष्मी दनुवार, भुम्लुकी उपाध्यक्ष कल्पना श्रेष्ठ, रोशीकी उपाध्यक्ष लक्ष्मी बर्तौलालगायतले स्थानीय तहमा बालमैत्री शासन कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए।

बालबालिकाहरूको जोखिमको सम्भावना, अवस्था र गहिराइ फरक-फरक भएकाले जिल्लाका हरेक तहको समस्या समाधानका लागि जिल्ला समन्वय समितिले भूमिका खेल्नुपर्ने सहभागीहरूले सुझाव दिएका थिए। बालश्रम, यौन दुर्व्यवहार, दलाल नियन्त्रणका तथा शीघ्र हस्तक्षेप र सहयोग गर्नुपर्ने, उचित सम्बोधन र घटना व्यवस्थापन गर्नुपर्नेलगायतका विषयमा सरोकारवालाबीच छलफल भएको थियो।

### अस्पतालको शैय्याबाट रविनाको आग्रह

## 'छोरीका लागि बाँच्न चाहन्छु, बिन्ती छ, बचाइदिनुहोस्'

प्रकाश पन्त, वीरेन्द्रनगर

बोनम्यारो (एप्लाटिक एनिमिया) को समस्याबाट थलिएकी जाजरकोटको दुर्गम गाउँकी रविनासिंह बोहराले जीवन रक्षाका लागि सबैसँग सहयोगको याचना गरेकी छन्।

६ महिनादेखि शिक्षण अस्पताल काठमाडौंमा उपचार गरिरहेकी उनले रकम अभावले थप उपचारमा समस्या भएको भन्दै सहयोगको याचना गरेकी हुन्। रोग पत्ता लागेदेखि अहिलेसम्म उनको उपचारमा ऋण सापट गरेको ५ लाख रुपियाँ खर्च भएको छ। थप उपचारका लागि अरू १० लाख रुपियाँ आवश्यक भए पनि उपचारमा समस्या भएको उनले गुनासो गरिन्।

अस्पतालको शैय्याबाट बिरामी रविनाले निःशुल्क उपचारको व्यवस्था मिलाएर आफ्नो ज्यान बचाइदिन सरकारसँग माग गरेकी छन्। उनले भनिन्- 'मर्छु कि भन्ने चिन्ताले सताइरहन्छ, एक्ली भए त मर्न पाए पनि हुन्थ्यो, तर म मरेपछि वर्ष दिनकी छोरी कहाँ जाली ? के खाली ?' छोरीलाई काखमा लिएर उनले गहभरि आँसु पार्दै भनिन्- 'म छोरीका लागि बाँच्न चाहन्छु। मलाई बचाउन सहयोग गरिदिनुहोस्, दुई हात जोडी बिन्ती छ।'

अस्पतालले ६ महिनासम्म नियमित उपचार गर्दा पनि रोग निको नभए बोनम्यारो नै प्रत्यारोपण गर्नुपर्ने भनेको छ। अस्पतालले



बोनम्यारो प्रत्यारोपण गर्न ३० लाख रुपियाँ खर्च लाग्ने बताएको रविनाका श्रीमान् राजेन्द्र बोहराले जानकारी दिए। उनले भने- 'अहिलेसम्म उपचार गर्दा खर्च भएको ५ लाख रुपियाँका लागि घरजग्गा बेच्नुपर्‍यो भने, त्यति ठूलो रकम कसरी जुटाउने ? रातदिनै चिन्ताले पिरोल्ने गरेको छ। ५ लाख रुपियाँ जुटाउन त घरजग्गा, पशुचौपाय बेच्न बाध्य भएँ, पछिल्लोपटक दिदीको घरको भैंसी बेचेर रकम जुटाएँ तर अब छिमेकीसँग ल्याएको ऋण कसरी तिर्ने र बाँकी उपचार कसरी गर्ने भन्ने चिन्ता छ।'

उपचार खर्च जुटाउनका लागि बिरामी श्रीमतीलाई काठमाडौंमा छाडेर गोरखाको ध्याम्पेसालमा गएर ४ महिनासम्म घर निर्माणको काम पनि गरिरहेको उनले बताए। जाजरकोटको त्रिवेणी नलगाड नगरपालिका-४ बाउसेखेला गाउँका उनको परिवार आर्थिक रूपमा एकदमै विपन्न छ।

श्रीमतीको उपचारका लागि सहयोग माग्दै नगरपालिकादेखि मन्त्रालयसम्म धाए पनि अहिलेसम्म कसैले पनि सहयोग नगरेको उनले बताए। उनले भने- 'उपचारका लागि सहयोग त सबैले गर्छौ भन्छन्, तर गर्दैनन्। नेतादेखि, विभिन्न निकायको ढोकामा गएँ अहिलेसम्म खाली आश्वासन मात्र पाएँ, कसैबाट सहयोग पाइनँ।'

रविनाको उपचार गर्दै आएका शिक्षण अस्पतालका डा. अञ्जान श्रेष्ठले नियमित उपचार गर्दा पनि ६ महिनाभित्र ठीक नभए रविनालाई बोनम्यारो नै प्रत्यारोपण गर्नुपर्ने बताए। डा. श्रेष्ठले बोनम्यारो प्रत्यारोपणका लागि अस्पतालले केही रकम छुट गरे पनि पूरै निःशुल्क भने गर्न नसक्ने बताए। उनले भने- 'बोनम्यारो प्रत्यारोपण गर्न कम्तीमा पनि १५ देखि ३० लाख रुपियाँसम्म लाग्छ।'

२०७३ साल चैतको पहिलो सातातिर रविना एक्कासि बिरामी भएकी थिइन्। शुरूमा उनलाई टाउको दुख्ने, श्वासप्रश्वास बढ्ने, शरीर धेरै तातिने, हातखुट्टा गल्ने समस्या देखिएको थियो। गाउँकै निजी मेडिकलमा ५ दिनसम्म उपचार गर्दा पनि सन्चो नभएपछि थप उपचारका लागि मेडिकल कलेज नेपालगन्ज आएकी थिइन्। रोग पत्ता नलागेपछि मेडिकल कलेज नेपालगन्जले रविनालाई शिक्षण अस्पतालमा रिफर गरेको थियो। शिक्षण अस्पतालमा उपचार थालेको २६ दिनपछि मात्र उनलाई एप्लाटिक एनिमिया भएको पत्ता लागेको थियो।

२०७४, भदौ
बुधबार
२८

गाउँमा ज्यालामजदूरी गरेर परिवार चलाएका श्रीमान् रनबहादुर परियारको गत भदौ ७ गते मृत्यु भयो। 'घरको मुली खाँबो नै ढल्यो', मनीले भनिन्- 'यो चिल्ली र बिल्ली कसरी चित्त बुझाउँ।' उनी दुई महिनाकी सुत्केरी हुन्। कुनै राम्रो परिवारमा भए उनी माइतमै हुन्थिन्।

# नेपाल

## गरिबीको पीडा

# दुईमहिने सुत्केरी परिवार पाल्न माग्न हिँड्दै

**अनिल खत्री, गुल्मी**



मदाने गाउँपालिका २ बाँझकटेरी सुइखर्ककी मनी उमेरले २८ वर्ष पुगिन्। १९ वर्षमा बिहे गरेकी मनीका ४ छोरी र १ छोरा छन्। मनभरि वह र डोकोमा दुई महिने दुधेबालक। उनलाई गाउँलेसँग खाद्यान्न र पैसा उठाउनुपर्ने बाध्यता छ। उनीसँग ओत लाग्ने घर र एक महिनालाई पुग्न अन्न फल्ने बारी छ।

गाउँमा ज्यालामजदूरी गरेर परिवार चलाएका श्रीमान् रनबहादुर परियारको गत भदौ ७ गते मृत्यु भयो। 'घरको मुली खाँबो नै ढल्यो', मनीले भनिन्- 'यो चिल्ली र बिल्ली कसरी चित्त बुझाउँ।' उनी दुई महिनाकी सुत्केरी हुन्। कुनै राम्रो परिवारमा भए उनी माइतमै हुन्थिन्।

मीठोमसिनो खाने र आराम गर्ने बेला मनी बच्चा डोकोमा बोकेर गाउँ चहार्छिन्। 'मैले नमागे कसले माग्ने ?', उनले प्रश्न गरिन- '७५ वर्षे बूढी सासु र चार छोरी कसरी पाल्ने ?।' बाँच्नकै लागि किरिया उम्केको अर्को दिनबाट उनी बच्चा बोकेर गाउँ डुलेकी हुन्।

'सुत्केरी भए पनि घरमा कही छैन, माग्दा जे दिन्छन् त्यही खान्छिन्', उनकी नन्द मीना परियारले भनिन्- 'के गर्ने? छोरो जन्मिएको एक हप्ताबाटै मेलापात पनि गरिन्।' अशिक्षित एवं विपन्न परिवार। जनचेतनाको अभावकै कारण उनलाई धेरै सन्तान जन्माउँदाका बेफाइदाको पत्तो थिएन्।

गाउँलेले चन्दा उठाएर उनलाई किरियाबाट उम्काएको स्थानीय व्यापारी मोतिलाल केसीले बताए। 'न गर्ने मान्छे, न फल्ने बारी, श्रीमान् पनि मरे', उनले भने- 'त्यो दर्दनाक अवस्था देखेर मैले पनि खाता काटिदिएँ।' अहिले उनकी जेठी छोरी ६ वर्षकी भइन्। माइली ३, साइँली २, कान्छी १ वर्षका भए।

अहिले उनको काखमा दुई महिनाको छोरो छ। माइली छोरी पनि बालशिक्षा जाने भइन्। तर ६ वर्षीया छोरीले पनि स्कुलको मुख देखेकी छैनन्। 'जेठी स्कुल गए अरू केटीहरू कसले हेर्ने?', उनले भनिन्- 'उसले बहिनीहरू हेर्थी, हामी काममा जान्थ्यौं। 'अहिले त्यो विपन्न परिवारका लागि समुदायस्तरबाट सहयोग जुटाउने क्रम चलिरहेको मदाने सामुदायिक स्वास्थ्य केन्द्रका हेल्थ असिस्टेन्ट विष्णु भुसालले बताए। आफ्नो संस्थामा कार्यरत सबै कर्मचारीको तर्फबाट नगद र संस्थाको तर्फबाट परिवारका सबै सदस्यको निःशुल्क उपचार गर्ने बारेमा छलफल भइरहेको उनले बताए।

# लोपोन्मुख वन करियालाई जग्गा व्यवस्थापनको प्रतिबद्धता

**रोशन पराजुली, हेटौंडा**

वनकरिया जाति मकवानपुरमा बसोबास गर्ने लोपोन्मुख जाति हो। झट्ट हेर्दा चेपाङजस्ता होंचा, रुपरंग शैली र रीतिरिवाजसमेत उस्तै भएका उनीहरू साविक हाँडीखोलाको ट्वांग्रामा छाप्रो बनाएर बसोबास गर्दछन्।

नेपाल चेपाङ संघले वनकरिया जाति छुट्टै जाति नभएर चेपाङ नै भएको भनेको छ भने केही वर्ष अघिदेखि मात्र वन छाडेर समाजमा बस्न थालेका उनीहरू आफूलाई चेपाङ नभएर छुट्टै वनकरिया जाति भएको बताउँछन्। गाउँमा बस्नुअघि उनीहरू चुरेघाँचमा बस्दथे भने उनीहरूलाई वनकरियाका नाममा नागरिकता प्रदान गरिएको छ।

गणतन्त्र स्थापनापछि सरकारले वनकरियालाई मासिक २ हजार भत्ता उपलब्ध गराउँदै आएको छ। सरकारले वनकरिया समुदायलाई मूलधारमा ल्याउने उद्देश्यले ८ वर्षदेखि सामाजिक सुरक्षाभत्ता उपलब्ध गराउँदै आएको हो।

उनीहरू हाल १८ घरधुरीमा ७९ जनाको संख्यामा बसोबास गर्दछन्। हाँडीखोलाका वनकरियामध्ये ४ जनाले वनकरिया भाषा बोलेको भाषा विज्ञानका प्राध्यापक दानराज रेग्मीले प्रकाशमा ल्याएपछि उक्त कुरा नेपाल राजपत्रको बुलेटिनमा २००८ नोभेम्बर ८ मा प्रकाशन भएको थियो।

आदिवासी वनकरिया जातिले मादल, मुरली, ढ्यांग्रो, ढोलकी लामो समयदेखि आफ्नो संस्कृतिका रुपमा अवलम्बन गर्दै आएका छन्। मकवानपुरको हाल मनहरी गाउपालिका-४, ट्वांग्रामा मात्र बसोबास गर्ने उनै वनकरिया समुदायलाई सहज बसोबासका निम्ति जग्गा व्यवस्थापन गर्न प्रयास गर्ने प्रतिबद्धता जनाइएको छ।

हेटौंडामा सोमबार राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चको आयोजनामा भएको वनकरियाको भूमि अधिकारसम्बन्धी सरोकारवालासँगको संवादका सहभागीले यस्तो प्रतिबद्धता जनाएका हुन्। जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख रघुनाथ खुलालले वनकरियाका लागि जग्गा दिलाउन माथिल्लो तहसम्म दबाब दिइने बताए।

समाजशास्त्री डा. कृष्ण भट्टचनले वनकरियालाई निकुञ्ज क्षेत्रबाट बलपूर्वक स्थानान्तरण गर्न नहुने बताए। डा. भट्टचनले वनकरियालाई सामूहिक स्वामित्वमा जमिन उपलब्ध गराउन आवश्यक रहेको उल्लेख गरे।

कार्यक्रममा ट्वांग्राकी कान्छीमाया वनकरियाले जंगल छाडे पनि आफ्नै जग्गा अभावमा सरकारले आफूहरूलाई बनाइदिने आवास निर्माण गर्न नसकिएको बताइन्। 'वर्षौंदेखि बसेको बस्ने घर, न त टेकेको जमिन आफ्नो हो', सन्तमाया वनकरियाले भनिन्- 'योभन्दा त चुरेघाँचको जंगलमा जंगली जनावरबाहेक कसैको डर थिएन।

उनकाअनुसार उनीहरू हाल बस्दै आएको स्थानबाट निकुञ्ज प्रशासनले कहिले लखेट्छ भनेर डराएर बस्नुपर्छ। वनले दिएको जमिन खनीखोस्री पेट भर्ने काम आफूहरूले गर्दै आएको सन्तमाया बताउँछिन्। उनीहरू बस्दै आएको जमिन हाल पर्सा वन्यजन्तु निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्दछ।

सरकारले आर्थिक वर्ष २०६८/०६९ बाट लोपोन्मुख र अति सीमान्तकृत जाति तथा समुदायका विपन्न वर्गलाई आवास व्यवस्थाका लागि जनता आवास कार्यक्रम शुरू गरेको थियो। त्यसयता मकवानपुरका अति सीमान्तकृत तथा विपन्न वर्गका चेपाङ समुदायको ४ सय ७२ वटा घर निर्माण भइसकेको छ।

कार्यक्रमअन्तर्गत सरकारले चेपाङ जातिको घर निर्माण गरिदिए पनि लोपोन्मुख जातिका रुपमा मकवानपुरमा मात्र रहेका वनकरिया समुदाय भने यस कार्यक्रमबाट वञ्चित छन्। वनको जग्गामा बस्दै आएका वनकरियासँग आफ्नो नाममा जग्गा नहुँदा उनीहरू कार्यक्रममा समेटिन नसकेका हुन्।

सीमान्तकृत समुदायलाई घर बनाइदिने भनिए पनि जग्गा आफ्नो हुनुपर्ने जनता आवास कार्यक्रमको मापदण्डका कारण उनीहरू प्रभावित भएका हुन्। जनता आवास कार्यक्रमले वनकरियाका लागि २० घर बनाउन ४० लाख ८० हजार रुपियाँ बजेट विनियोजन गरेको थियो। तर, लालपुर्जा नहुँदा बजेट फ्रिज भएको थियो।

लोपोन्मुख वनकरियामध्ये ५४ जनाले यसपटक स्थानीय निकाय निर्वाचनमा भोट हालेका छन्। स्थानीय पशुपतिनाथ माविमा राखिएको केन्द्रमा उनीहरूले पहिलोपटक मतदान गरेका हुन्। सदरमुकाम हेटौंडाबाट करिब २२ किलोमिटर दूरीमा रहेको उक्त स्थानमा वनकरिया समुदाय बस्छन्।

**सुनसरी जिल्ला अदालतबाट जारी भएको जिल्ला काठमाण्डौ काठमाण्डौ महानगरपालिका वडा नं. २५ स्थित रोयल सारी इन्टर प्राइजेज काठमाण्डौ २५ मखनटोलका नाउँको सूचना**

उप्रान्त निवेदक वादी राजबहादुर राई तथा प्रल्हाद राई प्रतिवादी तिर्थ कुमारी राई समेत भएको २ थान लिखत दर्ता बदर दर्ता कायम मुद्दामा सुनसरी जिल्ला अदालतको मिति २०७२-०२-०४ गतेको फैसला समेतको आधारमा रोयल सारी इन्टर प्राइजेज काठमाण्डौ २५ मखनटोल सुनसरीका नाउँ दर्ताको जिल्ला सुनसरी धरान न.पा.वडा नं. ९ ख कि.नं. ३१० को ०-१-१० जग्गा र सो मा भएको २ तले पक्की घर समेत उत्तर दक्षिण चिरा गरी ४ भाग लगाई पूर्वबाट ४ भागको १ भाग छि.पं. १३४८२ को वादी राज बहादुर राई सो देखि पश्चिमतर्फबाट ४ भागको १ भाग छि.पं. १३४८१ का वादी प्रल्हाद राईको तर्फ छुट्याई सम्बन्धित कार्यालयमा दा.खा.नामसारीकालागि लेखि पठाउन वादीहरुको निवेदन परेकोले फैसला अनुसार तर्फ छुट्याई दिन मिति २०७४/०६/२६ गतेको तारेख तोकिएको छ । निवेदन माग बमोजिम हुनु नपर्ने भए प्रमाण सहित सो दिन यस अदालतमा उपस्थित हुनुहोला । उपस्थित नभए वादीको माग बमोजिमको तर्फबाट दा.खा.दर्ताको निमित्त सम्बन्धित निकायमा लेखी पठाइनेछ । पछि तपाईंको उजुर वाजुर लाग्ने छैन ।

ईति सम्बत् २०७४ साल भाद्र २५ गते रोज १ शुभम्............

# छोरा जन्माउने आशमा आमाकै मृत्यु

उदयपुर (नेस)

छोरा जन्माउने आशाका साथ सुरक्षित प्रसूतिका लागि जिल्ला अस्पताल गाईघाट आएकी एक ३ छोरीकी आमा र पेटमा रहेको शिशुको जिल्ला अस्पताल गाईघाटमा मृत्यु भएको छ। मृत्यु हुनेमा चौदन्डीगढी नपा- ९ भमिकी ३६ वर्षीया राजकुमारी दनुवार भएको अस्पताल प्रशासनले जनाएको छ।

मृतक दनुवारलाई प्रसूति पीडा शरू भएपछि सासु र आफन्तले आइतबार राति जिल्ला अस्पताल गाईघाटको प्रसूति गृहमा पुऱ्याएका थिए। अस्पतालमा रहेका स्वास्थ्यकर्मीले साधारण प्रसूति हुने भनेपछि आज बिहान आठ बजे बच्चा जन्माउन साधारण प्रसूति कक्षमा लगएिको थियो। बच्चा जन्माउन बल गर्ने क्रममा इक्लेमसियाका कारण दनुवारको मृत्यु भएको जिल्ला अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट फणीन्द्रप्रसाद बरालले बताउनुभयो।

बिरामी अचेत भएपछि होसमा ल्याउन निकै प्रयास गर्दा पनि असफल भएको बरालको भनाइ छ। यता बिरामीका आफन्तले स्वास्थ्यकर्मीको लापरबाहीका कारण दनुवारको मृत्यु भएको भन्दै अस्पताल हाताभित्र विरोध जनाएपछि केही बेर अस्पताल हाताभित्र तनाव भएको छ। समस्याको समाधानका लागि समाचार तयार गर्दासम्म प्रमुख जिल्ला अधिकारीको कार्यकक्षमा वार्ता भइरहेको छ।

# जीवनरक्षाको भिक माग्दै २९ वर्षीय थमन

**नेपाल समाचारपत्र**

पर्वत

भदौ ७ गते बिहानसम्म बेनीदेखि काठमाडौंको माइक्रोबस हुइँकाइरहेका थमनको जीवनमा यति ठूलो बज्रपात आइपर्ला भन्ने कसलाई के थाहा ? अपसोच पर्वतको कुस्मा नगरपालिका-८ चुवाका २९ वर्षीय थमन विकको जीवनमा यस्तै समस्या आइलाग्यो।

२९ वर्षीय विक अहिले अस्पतालको शैय्याबाट जीवन रक्षाको भिक माग्न विवश भएका छन्। भदौ ७ गते शिहानसम्म माइक्रोबस चलाएरै काठमाडौंबाट कुस्मा आइपुगेका विकलाई एक्कासि वाक-वाक लाग्ने र हातखुट्टा फुल्न थालेपछि क्षेत्रीय अस्पताल पोखरामा पुगेर चेकजाँच गर्दा त्यहाँका चिकित्सकले उनको दुवै मृगौला गम्भीर अवस्थामा भएको बताएका हुन्। तत्पश्चात् उनी थप चेकजाँचका लागि काठमाडौं पुग्दा अत्यन्तै संवेदनशील घडीमा रहेको बताएपछि उनी सहयोगको खोजीका लागि अस्पतालको क्यानोलासँगै घरमा आएका थिए।

सानै उमेरदेखि कुस्मा बजारबाट ग्रामीण भेगमा चल्ने सवारी साधनको सहचालक भएर काम गर्दा गर्दै पछिल्लो एक वर्षदेखि बेनीदेखि काठमाडौंसम्मको माइक्रोबसमा चालकको रुपमा काम गर्दै आएका थमन विक यतिबेला जीवन मरणको दोसाँधमा रहेका छन्। मोदी गाउँपालिका-६ तिलाहारकी उर्मिला विकसँग प्रेम विवाह गरेका उनका एक ८ वर्षीया छोरी र ५ वर्षीय छोरा छन्।

आमाको मायामा हुर्किने उमेरमा आमाको समेत मृत्यु भएपछि सानै उमेरमा टुहुरा बनेका विकको पारिवारिक आर्थिक अवस्था कमजोर त छ नै त्यसमा पनि बाबु शेरबहादुर विकसमेत दीर्घरोगी रहेका छन्। उपचारका लागि अस्पतालले ३ लाख रुपियाँ डिपोजिट राख्न भनेको तर आफूसँग त्यो रकम नभएकाले सहयोगको खोजीमा हिँड्नुपरेको पीडित विकले बताए। पीडित विकको अनुरोधलाई स्वीकार्दै पर्वत यातायात व्यावसायी समितिको सक्रियतामा विभिन्न सवारी धनीबाट आइतबार विकको उपचारका लागि ८० हजार रुपियाँ रकम प्रदान गरिएको छ।

चुवास्थित विभिन्न संघसंस्था तथा नगर वडा समितिले समेत सहयोग संकलन गरी विकको उपचारका लागि प्रदान गरेको छ। यसरी संकलन भएको रकम आफ्नो उपचारका लागि अझै न्यून भएको भन्दै विकले सहयोग गरिदिन सबैसमक्ष आग्रह गरेका छन्।

**हार्दिक श्रद्धाञ्जली**



**स्व. श्याम लाल कुर्मी**

**स्वर्गारोहण: २०७४/०५/१६**

**यस सेवक बचत तथा ऋण सहकारी संस्था लि. का संचालक समितिका सदस्य श्री प्रमोद कुमार चौधरी का पूज्य पिताज्यू श्री श्याम लाल कुर्मी को ८७ वर्षको उमेरमा दुःखद निधन भएको तेह्रौं दिनको पुण्य तिथिमा स्वर्गीय आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जलीका साथ शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भनी भगवान्सँग प्रार्थना गर्दछौं ।**

**सेवक बचत तथा ऋण सहकारी संस्था लि.**
प्रयागपोखरी, ललितपुर

# विश्वकै खतरनाक विमानस्थलमा छैन मौसम पूर्वानुमान यन्त्र

**बुद्धवीर बाहिङ, सोलुखुम्बु,**

विभिन्न प्रतिवेदनहरूले सोलुखुम्बुको लुक्लास्थित तेन्जिङ-हिलारी विमानस्थललाई विश्वकै खतरनाक विमानस्थलको सूचीमा राखेका छन्। विमानस्थलको छोटो रनवे, अवतरण गर्ने बेलाको भौगोलिक विकटता, केही समयमै भइरहने लुक्ला विमानस्थलमा मौसमको अवस्था थाहा पाउने यन्त्र नै छैन। यस्ता यन्त्र विभिन्न रुटमा पनि राख्ने गरिन्छ तथापि लुक्लाको रुटमा कहीं पनि यस्तो व्यवस्था छैन।

यस्तै, लुक्ला विमानस्थलमा लाइटिङ सिस्टम पनि छैन। मौसम प्रतिकूल भई दृष्टिक्षमता कम भएको आउने मौसममा दैनिक सयको हाराहारीमा विमान अवतरण हुने लुक्ला विमानस्थलमा मौसम प्रतिकूलताका कारण समस्या दोहोरिरहने गरेको छ। वर्षेनीजस्तो विमान दुर्घटना भइरहने यो विमानस्थलमा प्रविधिको प्रयोग गरिएमा जोखिम घट्ने भए पनि त्यस्तो भएको छैन।



परिवर्तन हुने मौसम आदिलाई उल्लेख गर्दै प्रतिवेदनमा यो विमानस्थललाई खतरनाक विमानस्थलको सूचीमा राखिएको छ।

तर यही खतरनाक विमानस्थलमा सुरक्षाका लागि आवश्यक पूर्वाधार तयार गरिएको छैन। छिनछिनमै मौसम बदली बेला विमानलाई अवतरण गराउनका लागि लाइटिङ सिस्टम आवश्यक हुन्छ। लुक्ला क्षेत्रमा हवाइजहाज प्रवेश गरिसकेपछि मौसम प्रतिकूल भएमा फर्कन सक्ने भौगोलिक अवस्था नभएकाले केही विकल्प नरहने विमान चालकहरू बताउँछन्।

सगरमाथा क्षेत्रमा पर्यटक घुम्न नागरिक उड्ययन प्राधिकरण, लुक्लाले समस्या रहेको र त्यस्ता यन्त्र राख्न बारम्बार प्राधिकरणलाई अनुरोध गर्ने गरेको भए पनि पूरा नभएको बताएको छ। देशका अन्य जोखिमपूर्ण विभिन्न विमानस्थलमा पनि यस्तो समस्या रहेको बताइएको छ।

**हार्दिक श्रद्धाञ्जली**



**स्व. श्याम लाल कुर्मी**

**स्वर्गारोहण: २०७४/०५/१६**

**यस मुनलाइट माध्यमिक विद्यालयका सह–प्राचार्य तथा नेस्फिल्ड एजुकेशन फाउण्डेशन प्रा.लि. को संचालक समितिका सदस्य श्री प्रमोद कुमार चौधरी का पूज्य पिताज्यू श्री श्याम लाल कुर्मी को ८७ वर्षको उमेरमा दुःखद निधन भएको तेह्रौं दिनको पुण्य तिथिमा स्वर्गीय आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जलीका साथ शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भनी भगवान्सँग प्रार्थना गर्दछौं ।**

**मुनलाइट माध्यमिक विद्यालय परिवार**
कुमारीपाटी, ललितपुर
तथा
**नेस्फिल्ड इन्टरनेशनल कलेज परिवार**
लगनखेल, ललितपुर

**प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारीको सिलसिलामा रायसुझावको लागि जारी गरिएको सार्वजनिक सुचना**

(प्रकाशित मिति : २०७४/५/२८)

**प्रस्तावकको नाम**: नर्थ समिट हाइड्रो प्रा. लि., अनामनगर, काठमाडौं ।
**प्रस्तावको नाम**: न्यादी फिदी जलविद्युत आयोजना ।

लमजुङ जिल्लाको मर्स्याङ्दी गाउँपालिका वडा नं. ६ र ७ (साविक वाहुनडाँडा र भुलभुले गाविसहरू) भएर बग्ने न्यादी र फिदी खोलामा नर्थ समिट हाइड्रो प्रा. लि. द्वारा प्रस्तावित न्यादी फिदी जलविद्युत आयोजनाको लागि मर्स्याङ्दी गाउँपालिका वडा नं. ७ (साविक भुलभुले गाविस) स्थित लब्लेलौं खोला र न्यादी खोलाको दोभान भन्दा करिब २०० मिटर तल न्यादी खोलामा बाँध बाँधी खोलाको ३ दशमलब ६ घ.मि./प्र.से. पानीलाई करिब २,२८२ मिटर लामो टनेलबाट लगेर सोही गाउँपालिकाको वडा नं. ७ स्थित न्यादी खोला र फिदी खोलाको दोभान भन्दा करिब ५० मिटर माथि प्रस्तावित विद्युतगृहबाट २१.४ मेगावाट बिजुली उत्पादन गरिनेछ र त्यहाँबाट निस्कने पानीलाई करिब ५४ मिटर लामो टेलरेस नहरद्वारा पुन न्यादी खोलामा नै खसालिनेछ । यस आयोजनाले फिदी खोलाको पानी समेत प्रयोग गर्ने प्रस्ताव गरिएको छ । उत्पादित विद्युतलाई करिब १९ कि.मि. लामो १३२ के.भी. क्षमताको प्रसारण लाइनद्वारा तारीकुना स्वीचयार्ड/सबस्टेसनमा जोडिने लक्ष्य रहेको छ ।

यस आयोजनाको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) को प्रतिवेदन तयारको क्रममा रहेको छ । आयोजना निर्माण गर्दा वातावरण तथा स्थानीयबासीमा पर्नसक्ने प्रभाव एवं सो सम्बन्धमा कुनै रायसुझाव भए यो सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरि उपलब्ध गराई दिनुहुनको लागि वातावरण संरक्षण नियमावली २०५४ को नियम ७ (२) अनुसार यो सुचना प्रकाशित गरिएको छ । रायसुझावको प्रतिलिपी सम्बन्धित मन्त्रालयमा पनि पठाउन सकिनेछ ।

**आयोजना कार्यान्वयनबाट प्रभाव पर्न सक्ने स्थान**: मर्स्याङ्दी गाउँपालिका वडा नं. ६ र ७ (साविक वाहुनडाँडा र भुलभुले गाविसहरू)

**रायसुझाव पठाउने ठेगाना**:

**प्रस्तावक**:
**नर्थ समिट हाइड्रो प्रा. लि.**
काठमाडौं, अनामनगर
फोन: ९८५११४७७४२
इमेल: n.s.hydro@hotmail.com

**प्रस्तावक**:
**निर्भाना टेक/इनर्जी रिसोर्सेज एण्ड सलुसन्स् प्रा.लि. (NTPL-ERS JV)**
पो. ब. न.: १९२८१, पुतलीसडक, काठमाडौं ।
इमेल: info@ersnepal.com

# विश्व

2017, SEP
Wednesday
13

**बिजोग**

म्यान्मारबाट भाग्ने क्रममा भएको वारुदी सुरुङ विस्फोटमा घाइते भएका रोहिंग्या मुस्लिमको बंगलादेशको अस्पतालमा उपचार हुँदै।



**सम्झौता**

टर्कीले रुसबाट विमान भेदक क्षेप्यास्त्र खरिदका लागि सम्झौतामा हस्ताक्षर गरेको छ।



## विश्व २ मिनेट

### इजिप्ट

#### १८ प्रहरी मारिए

कायरो , (एजेन्सी)

इजिप्टको उत्तर सिनाइको अशान्त अल आरिश शहरमा इस्लामिक स्टेटका लडाकूको हमलामा १८ प्रहरीको मृत्यु भएको जनाइएको छ। सोमबार भएको उक्त आक्रमणमा आइएस लडाकूले यात्रामा रहेका प्रहरीलाई एम्बुसमा पारी हमला गरिएको थियो। उक्त घटनामा अन्य ८ जना घाइते भएका छन्। सडकको किनारामा राखेको एउटा बमबाट बख्तरबन्द गाडीलाई निसाना बनाइएको र तीमध्ये ३ वटामा आगो लगाएको थियो। त्यसको लगत्तै हतियारबन्द कट्टरपन्थीले प्रहरीलाई घेराबन्दी गरी अन्धाधुन्ध गोलाबारी गरेका थिए। गृह मन्त्रालयले आक्रमणको पुष्टि गर्दै त्यसमा थुप्रै प्रहरीको मृत्यु भएको जनाएको छ।

### अमेरिका

#### ट्रम्पद्वारा श्रद्धाञ्जली

वासिङटन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ९/११ हमलाको १६ वर्षगाँठमा पहिलोपटक श्रद्धाञ्जली सभाको अध्यक्षता गरेका छन्। ट्रम्प र अमेरिकी प्रथम महिला मेलानिया ट्रम्पले ह्वाइट हाउस र त्यसपछि पेन्टागनमा मौनधारण गरी आक्रमणमा मारिनेप्रति श्रद्धाञ्जली व्यक्त गरे। अमेरिकी भूमिमा भएको सबैभन्दा ठूलो हमलाको वर्षगाँठमा हजारौं नागरिक देशको विभिन्न भागमा भेला भएका थिए। सन् २००१ मा न्युयोर्कको वर्ल्ड ट्रेड सेन्टरमा दुईवटा विमान ठोक्काइएको, पेन्टागन र पेन्सलभेनियामा विमान ठोक्काएर गरिएका आक्रमणमा करिब ३ हजार मान्छे मारिएका थिए।

### म्यान्मार

#### बारुद विस्फोट

यांगुन, (एजेन्सी)

म्यान्मारको हिंसाका कारण त्यहाँबाट भाग्ने क्रममा वारुदी सुरुंग विष्फोटमा परेर घाइते भएका अल्पमत रोहिंग्या मुस्लिमहरुसँग बीबीसीले मंगलबार कुरा गरेको छ। बंगलादेशमा उपचार चलिरहेका एक जना १५ वर्षीय किशोरले दुईवटै खुट्टा गुमाएका छन् भने सोही अस्पतालमा रहेकी एक महिलाले आफूमाथि गोली प्रहार गरिएपछि आफूले बारुदमा टेक्न पुगेको बताएकी छिन्। सो क्षेत्रमा नब्बेको दशकमा बारुद बिछाइएको थियो। तर बंगलादेशी सूत्रले हालै मात्र म्यान्मारका सेनाले त्यहाँ बारुद बिछाएको बताएको छ। ३ लाख रोहिंग्या मुस्लिम भागेर बंगलादेश पुगेका छन्।

### टर्की

#### हतियार सम्झौता

इस्तानबुल, (एजेन्सी)

टर्कीले आफ्नो फौजलाई रुसी एस-४०० विमान भेदक क्षेप्यास्त्रबाट सुसज्जित गराउनका लागि मंगलबार रसियासँग विवादास्पद हतियार सम्झौतामा हस्ताक्षर गरेको छ। राष्ट्रपति रिसेप तायिप एर्दोगानले आकारले साढे दुई अर्ब अमेरिकी डलर बराबरको यस सम्झौताको केही रकम पहिले नै जम्मा गरिसकेको जनाएका छन्। उत्तर एटलान्टिक सन्धि संगठन (नेटो)मा संख्याको हिसाबले टर्कैली फौज दोस्रो स्थानमा छ। नेटोका सदस्य राष्ट्रहरुलाई उपयुक्त हतियार प्रणाली खरिद गर्न आग्रह गरिएको हो। रुसी यस क्षेप्यास्त्रको मार हान्ने क्षमता ४ सय किमि रहेको छ।

# संख्या घटाउन कंगारूको मासु खान सल्लाह

सिड्नी, (एजेन्सी)



अस्ट्रेलियाका जग्गा मालिक र पर्यावरणविद्हरुले जंगली कंगारुको संख्या नियन्त्रण गर्नका लागि नागरिकलाई उसको मासु धेरै खान सल्लाह दिएका छन्।

सरकारी आँकडाअनुसार सन् २०१६ मा देशमा करिब ४ करोड ५० लाख कंगारु रहेको र त्यो संख्या भनेको त्यहाँको जनसंख्याको दुई गुणा हुन्छ।

सन् २०१० मा देशमा कंगारुको संख्या करिब २ करोड ७० लाख थियो। तीव्रताले संख्यामा वृद्धि हुनुको कारण वर्षाले पर्याप्त मात्रामा भोजन उपलब्ध हुनु हो। तर विशेषज्ञहरुले यदि गर्मीमा सुखाग्रस्त प्रकोप आएमा दशौं लाख कंगारु भोकले मर्न सक्ने डर रहेको बताएका छन्।

अस्ट्रेलियामा कंगारु मार्नुलाई लिएर कडा कानुन छ। हरेक प्रान्तमा मार्न सकिने कंगारुको संख्या निर्धारित छ। स्थानीय सन्चार माध्यमको प्रतिवेदनअनुसार कंगारु मार्नका लागि जारी लाइसेन्सको माग बजारमा मासुको माग कम हुनुको कारण कम भएको हो। प्रत्येक वर्ष कंगारु मारिन्छ र कंगारु मार्नुले पर्यावरणमा कुनै असर पर्छ वा पर्दैन भन्ने विवाद पनि उत्पन्न हुने गरेको छ।

अस्ट्रेलियाले ठूलो परिमाणमा मारिएका कंगारुको छाला पनि निर्यात गर्दै आइरहेको छ। तर ती कंगारुका मासुको माग अत्यन्त कम भएकाले उनीरुको मासु खेर जाने गरेको छ।

कंगारु अस्ट्रेलियाको राष्ट्रिय पशु हो त्यसैले यसको मासु खाने विषयमा नागरिकहरु आशंकित रहने गर्छन्। मासु खाने समर्थकहरु कंगारुको मासुमा बोसोको मात्र कम हुने र यसले अन्य जनावरको तुलनामा मिथेन ग्याँस पनि कम उत्सर्जित गर्ने र त्यसलाई पाल्नुले पर्यावरणका लागि धेरै लाभदायक हुने बताउँछन्।

एडिलेड युनिभर्सिटीका प्रोफेसर डेविड पेटनले एबीसीलाई भने- 'मानिसहरुले पर्यावरणको रक्षा गर्न र मृत पशुलाई कुहिनबाट बचाउनका लागि कंगारु मार्नुपर्ने मुद्दालाई समर्थन गर्न आवश्यक छ।'

उनले भने- 'धेरै संख्यामा उपलब्ध हुनु कंगारुको गल्ती होइन, यसको कारण सायद हामी उनीहरुलाई मार्न अनिच्छुक हुनु हो। यदि उनीहरुलाई छिट्टै नहटाउने हो भने यो नोक्सानदायी हुन सक्छ।'

ती जनावरलाई मार्ने हो भने त्यसको प्रयोग कसरी गर्ने भन्ने विषयमा पनि सोच्नुपर्ने उनले बताए।

# उत्तर कोरियामाथि नयाँ चरणको नाकाबन्दी

न्युयोर्क, (एजेन्सी)



संयुक्त राष्ट्र संघले मंगलबार हालै मात्र छैठौं तथा सबैभन्दा ठूलो आणविक परीक्षण गरेका उत्तर कोरियामाथि पछिल्लो चरणको नाकाबन्दी लागू गरेको छ। यसअनुसार उत्तरलाई हातहतियार विकास कार्यक्रममा इन्धन र आर्थिक स्रोतको अभाव सिर्जना गर्ने उद्देश्यले तेल आयात र कपडा निर्यातमा कडा प्रतिबन्ध लगाइने भएको छ।

संयक्त राज्य अमेरिकाले संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्समक्ष तेल आयातमा पूर्ण प्रतिबन्ध लगाउन प्रस्ताव राखेको थियो। सुरक्षा परिषद्मा उत्तर कोरियाका समर्थक स्थायी सदस्य राष्ट्रद्वय चीन र रसियाले त्यसमा कम नाकाबन्दी लगाउने विषयमा सहमति गरेपछि मात्र यस नाकाबन्दीको प्रस्ताव सर्वसम्मतले पारित भएको थियो।

सोमबार सुरक्षा परिषद्मा उक्त नाकाबन्दी पारित भएपछि उत्तर कोरिया निकै आक्रोसित बन्न पुगेको छ। उत्तरको सरकारी समाचार निकाय केएनसीएले यदि अमेरिकाले थप कडा नाकाबन्दीका लागि दबाब दिँदै गरेको खण्डमा ठूलो मूल्य चुकाउनुपर्ने चेतावनी दिएको छ।

गत साता अमेरिकाले तेल आयातमा पूर्ण प्रतिबन्धका लागि गरेको आह्वानलाई अन्तर्राष्ट्रिय राजनीतिक विश्लेषकहरुले उत्तर कोरियाको सर्वोच्च नेता किम जोंग उनको सरकारलाई अस्थिर बनाउन खोजेको दाबी गरेका थिए। प्योङ्याङले प्रतिवर्ष ७० करोड अमेरिकी डलरभन्दा बढी रकम बराबरको कपडा निर्यात गर्दै आएको थियो।

उत्तर कोरियालीहरुलाई विदेशमा गइ काम गर्न भिसासमेत नदिने भएपछि त्यसबाट उत्तरको वार्षिक ५० करोड डलर राजश्व घट्ने भएको छ। संयुक्त राष्ट्र संघका लागि अमेरिकी विशेष दूत निक्की ह्यालीले सुरक्षा परिषद्मा सम्पन्न मतदानपछि यसभन्दा कडा नाकाबन्दी गरेर अमेरिकाले युद्ध निम्ताउन नखोज्ने पनि बताएका थिए।

# छाडेर गएकी प्रेमिकालाई रिझाउन पियानोको सहारा



लन्डन, (एजेन्सी)

प्रेम र विछोड मानिसको जीवनमा आउने सामान्य घटना हुन्। तर यसको प्रभाव भने अत्यन्तै गहन गर्छ। प्रेममा एक केटा र केटी डेट गर्छन्। केहि समयपछि केटीले सम्बन्ध तोड्छे। त्यसपछि केटा शहरमा एक पियानो सेन्टर खोल्छ र जबसम्म केटी उसको जिन्दगीमा फर्कदैन, हरेक दिन पियानो बजाइरहने घोषणा गर्छन्।

यो कुनै रोमान्टिक चलचित्रको प्लट नभएर इंग्ल्यानडको ब्रिस्टल शहरमा भइरहेको सत्य घटना हो। ल्युक हार्भर्ड एक संगीतकार हुन र जसले शहरको कलेग ग्रिनमा यो पियानो सेन्टर शुरु गरेका छन्।

उनले आफ्नी प्रेमिका दोस्रो अवसर दिन तयार नभएसम्म लगातार पियानो बजाइरहने बताएका छन्। ३४ वर्षीय ल्युकले चार महिना पुरानो सम्बन्ध टुटेपछि आफ्नो यो अभियान गत शनिबारको बिहानदेखि थालेको हो।

उनले ब्रिस्टल पोस्टसँगको कुराकानीमा भने- 'यदि कुनै नराम्रो कारणले हाम्रो विछोड भएको भए म यस्तो गर्ने थिइनँ। तर यो समय मेरो दिमागले गर्न सक्ने एउटै कुरा छ जुन म गर्न सक्छु।'

ल्युकको भनाइमा उनी त्यस्तो केही गर्न चाहन्थे जसले उनकी पूर्वप्रेमीकालाई सोच्न बाध्य पारून्।'

उनले भने- 'म उनलाई भन्न चाहन्छु कि म उसलाई कति माया गर्छु। म चाहन्छु कि ऊ मेरो प्रेम देखेर फेरि निर्णय गरून्, उसले मेरो जिन्दगीमा रहनु छ वा छैन। मलाई थाहा छ, मेरो स्थानमा अरु कोही हुने हो भने उसलाई फकाउन फुल पठाउला, मेसेज गर्छ होला वा चिठ्ठी लेख्छ होला, तर यसले स्थिति झन खराब पार्न सक्छ।

सामाजिक सञ्जालमा ल्युकको यो अनौठो निर्णयलाई लिएर फरकफरक किमिसको प्रतिक्रिया दिएका छन्। कसैले यसलाई अत्यन्त रोमान्टिक भनेका छन् भने कसैले अलि धेरै नै अनौठो व्यवहारका रूपमा लिएका छन्।

एक फेसबुक प्रयोगकर्ताले लेखे- 'आजको जमानामा पनि यस्ता व्यक्तिहरु धर्तीमा छन्, अत्यन्तै रोमान्टिक।'

कसैले भने- 'यदि तिमी कसैलाई प्रेम गर्छौ भने उसलाई पाउन तिमी जे पनि गर्न सक्छौ, स्याबास!

एक महिलाले ट्विटरमा लेखे- 'महिलालाई पनि पुरुषलाई छोड्ने अधिकार छ। सञ्चार माध्यमले यो अनौठो व्यवहारलाई रोमान्टिक बनाएर देखाउने कार्य बन्द गर।'

यद्यपि ल्युकको सामाजिक सञ्जाल अकाउन्ट्स निस्क्रिय छ।

# अमेजनमा आदिवासीहरु मारिएको दाबी



ब्रासिलिया, (एजेन्सी)

ब्राजिलको अमेजन नदीको किनारामा गत महिना कम्तीमा दशजना सम्पर्कविहीन हुनपुगेका आदिवासीलाई अवैध ढंगले सुन निकाल्ने व्यक्तिहरुले मारेको हुनुपर्ने मंगलबार सर्भाइभल इन्टरनेसनलले जनाएको छ।

आदिवासीहरुको अधिकारका लागि वकालत गर्दै आएको उक्त संस्थाले यसरी आमहत्या गरिनेमा महिला तथा बालबालिका पनि रहेको हुनुपर्ने र सो क्षेत्रमा २० प्रतिशत आदिवासीलाई सफाया गरिइसकेको दाबी गरेको छ।

दि न्युयोर्क टाइम्सले ब्राजिलको विकट पश्चिमी क्षेत्रको जाभारी उपत्यकामा नदीको छेउमा अण्डा संकलन गरिरहेको बेला ती आदिवासीहरुको सुनखानी व्यवसायीहरुसँग जम्काभेट भएको जनाएको छ।

ती व्यवसायीहरुले पछि नजिकको एउटा बारमा बसेर मदिरा पिउने क्रममा आदिवासीहरुलाई मारेर एउटा हातले कुदिएको प्याडलसमेत हासिल गरेको बताउँदै गरेको बुझिएको छ। सम्पर्कमा नआएका तथा हालै सम्पर्कमा आएका केही आदिवासीहरुको खोजीकार्य टोली फुनाइका संयोजक लैला सिल्भिया बर्गर सोटो माइयोरले तिनीहरूले फुर्ती लगाउँदै मारिएका मानिसको शव टुक्राटुक्रा पारेर नदीमा फालेको बताउँदै गरेको सुनिएको पनि टाइम्सलाई जानकारी दिएकी छिन्।

फुनाइले ब्राजिलको आदिवासी मामिलालाई लामो समयदेखि हेर्दै आएको थियो। हालै मात्र राष्ट्रपति मिचेल टेमरको सरकारले फुनाइका लागि छुट्याइएको बजेटमा कटौती गरेको थियो।

सर्भाइभल इन्टरनेसनलले टेमरको सरकारले आदिवासी विरोधी कृषिजन्य व्यवसायका साझेदारसंग निकट सम्बन्ध राखेर आदिवासी विरुद्ध निर्मम कदम चलाएको जनाएको छ। साथै सर्भाइभल इन्टरनेसनलले यस आक्रमण र आम हत्याका लागि सरकार स्वयम् जिम्मेवार रहेको पनि बताएको छ।

# बाँदरको सेल्फी विवाद समाधान

जाकार्ता, (एजेन्सी)

एउटा बाँदरसँग सेल्फी खिचेको विषयलाई लिएर एकजना फोटोग्राफरको एउटा जनावर अधिकारवादी समूहसंगको दुई वर्ष लामो कानुनी लडाइँ समाधान भएको छ। सन् २०११ इन्डोनेसियाली जंगलमा नारुतो नामको एउटा बाँदरले मोन्माउथसायरका डेविड स्लाटरको क्यामराबाट तस्वीर खिचेका थिए।

अमेरिकी न्यायाधीशहरुले बाँदरलाई कपिराइट प्रत्याभूति लागू नहुने जनाएका छन् भने जनावरहरुका लागि अधिकारवादी संस्था पेटाले जनावरले पाउनुपर्ने फाइदा दिइनुपर्ने आवाज उठाएको छ।

बाँदरको तर्फबाट वकालत गर्ने पेटाको आग्रहलाई अमेरिकी अदालतले खारेज गरेको छ। तर स्लाटरले भने उक्त तस्वीरबाट भविष्यमा उठने पैसाको २५ प्रतिशत विभिन्न दातृसंस्थालाई सहयोगस्वरुप प्रदान गर्ने सहमति जनाएका छन्।



ती बाँदरले खिचेका सेल्फीहरु बेचेर आएको रकम बाँदरहरुको वासस्थान संरक्षण गर्ने निकायहरुलाई प्रदान गरिने जनाइएको छ। चेपस्टो निवासी स्लाटरको ती तस्वीरको कपिराइट लिनका लागि आफूले ठूलै कसरत गर्नुपरेको बताएका छन्। उनले आफू एक प्रकृति संरक्षणविद् रहेको दाबी गर्दै इन्डोनेसियामा विगतमा जनावरहरुको हितका लागि धेरै सहयोग र योगदन दिएको बताएका छन्।

व्यवसायिक लुटेराहरूले शुरुमा आफूले नै खाने खानेकुरा दिने र पछि विश्वासमा पारेपछि नसालु पदार्थ मिसाएको खानेकुरा खान दिएर लुटपाट गर्ने गरेको पाइन्छ। दशैं र तिहारमा ठूलो संख्यामा नेपालीहरु घर फर्किने र यो भीडभाडमा लुटेराले दैनिकजसो नै एक न एकजनालाई फन्दामा पार्ने गर्दछन्। गतवर्ष दशैंको बेलामा लुटपाट कम भएको थियो। जमुनाहा प्रहरीले सादा पोशाकका प्रहरी रुपैडिहामा खटाएकाले लुटपाट रोकिएको थियो।



# राष्ट्रपतिले ७ र उपराष्ट्रपतिले ५ विज्ञ राख्न पाउने

नेपाल समाचारपत्र

काठमाडौं

राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा राष्ट्रपतिले ७ र उपराष्ट्रपतिले ५ विज्ञ राख्न पाउने व्यवस्था गरेको छ।

मंगलबार व्यवस्थापिका-संसद्को सुशासन समितिबाट पारित उक्त विधेयकमा यसअघि विज्ञ राख्न पाउने व्यवस्था भएपनि संख्या निर्धारण गरिएको थिएन। अव राष्ट्रपति र उपराष्ट्रपतिले विभिन्न विधाका विज्ञ तोकिएबमोजिमको राख्न पाउने व्यवस्था विधेयकमा रहेको सुशासन समितिका सदस्य नरसिंह चौधरीले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

विधेयकको नयाँ संशोधनमा राष्ट्रपतिको मासिक पारिश्रमिक १ लाख ५० हजार ४ सय ५० र उपराष्ट्रपतिको १ लाख ८ हजार ३० रुपियाँ हुने प्रस्ताव गरिएको छ। राष्ट्रपतिलाई पोसाक सुविधामा प्रतिवर्ष २५ हजार र उपराष्ट्रपतिलाई २० हजार रुपियाँ तोकिएको छ। सांसद चौधरीका अनुसार चाड पर्वको विशेष खर्चको पनि व्यवस्था गरिएको छ। आवश्यकताअनुसार चाडपर्वमा राष्ट्रपति उपराष्ट्रपतिले खर्च गर्न पाउनेछन्। अन्य विषयमा संशोधन नपरेकोले विधेयक पारित भएको र केही दिनभित्रै सदनमा पेस हुने सांसद चौधरीले बताउनुभयो।

यसैगरी समितिले नेपाल टेलिभिजनमा अनियमित तरिकाले कर्मचारी भर्ना गर्न लागेको भन्दै तत्काललाई रोक्न निर्देशन दिएको छ। ठूलो संख्यामा कर्मचारी माग गर्दा संविधानले प्रत्याभूत गरेको समावेशी समानुपातिक सिद्धान्तलाई बेवास्ता गरिएको ठहर गरेको छ।

यसअघि २०७१ सालमा समितिले दिएको निर्देशन विपरित कर्मचारी भर्ना कार्य जारी रहेको ठहर समितिले गरेको छ। न्यूनतम् प्रक्रिया पनि नपुर्‍याई कर्मचारी भर्ना प्रक्रिया अघि बढाउनु उचित नहुने समितिको निष्कर्ष रहेको चौधरीले बताउनुभयो। लोकसेवा आयोगलाई पनि बाइपास गरेर कर्मचारी भर्ना गर्न लागेको भन्दै समितिले लोकसेवाको अनुमतिबाट मात्रै भर्ना प्रक्रिया थाल्नसमेत निर्देशन दिएको चौधरीले बताउनुभयो।

नेपाल टेलिभिजनले यही भदौ १४ गते विज्ञापन गरी ६ जना संवाददाता, १४ जना समाचारवाचक र ६ जना कार्यक्रम निर्माता माग गरेको थियो। नेपाल टेलिभिजनका कार्यकारी अध्यक्ष महेश दाहालले विभिन्न कारणले समाचारवाचक, संवाददातालगायतको संख्या कम भएकाले कर्मचारी थप्नुपरेको तर्क गर्नुभएको थियो।

# बुद्धिस्ट टुरिजम म्यानेजमेंटको अध्यापन शुरू

बुटवल, (नेस)

लुम्बिनी बौद्ध विश्वविद्यालयद्वारा यस वर्षदेखि बुटवलमा स्नातक तहको बुद्धिजम टुरिजम म्यानेजमेन्ट विषयको अध्यापन शुरू गर्ने भएको छ। विगत ५ वर्षदेखि भगवान बुद्ध जन्मस्थल लुम्बिनीमा बुद्धिजमसम्बन्धी मास्टर डिग्री अध्यापन गराउँदै आएको लुम्बिनी बौद्ध विश्वविद्यालयले थप नयाँ कोर्समा बुटवलमा कक्षा संचालन गर्ने भएको छ।

मुलुकको आर्थिक विकासको मेरुदण्ड मानिएको बुद्धिजम टुरिजमको कक्षा संचालनसम्बन्धी जानकारी गराउन मंगलबार बुटवलमा आयोजित पत्रकार सम्मेलनमा लुम्बिनी बौद्ध विश्वविद्यालयका पूर्वक्याम्पस प्रमुख इन्द्र काफ्लेले राज्यको लगानीमा संचालित विश्वविद्यालय भएकाले सर्वसाधारणको पहुँचमा पढाइ हुने बताउनुभयो। चार वर्षे कोषअन्तर्गत ८ सेमस्टरमा अध्यापन गराइने र पहिलो वर्ष ४० जना विद्यार्थीलाई भर्ना गरिनेसमेत पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो।

# लुटपाट रोक्न नाकामा सहायता कक्ष

कुमार श्रेष्ठ, बाँके




नेपालीहरूको महान पर्व नजिकिएसँगै भारतमा काम गरेर फर्किने नेपालीहरूलाई कुनै हैरानी, लुटपाट, ठगी नहोस् भनेर नाकामा यात्रु सहायता कक्ष स्थापना गरिएको छ।

इलाका प्रहरी कार्यालय, जमुनाहाले मंगलबारदेखि शुरू गरेको यात्रु सहायता कक्षको बाँकेका प्रमुख जिल्ला अधिकारी रमेश केसीले उद्घाटन गर्नुभयो। बाँकेका प्रहरी प्रमुख टेकबहादुर तामाङ, सशस्त्रका एसपी फडिन्द्रराज पौडेल, नेपालगन्ज भन्सार प्रमुख जनार्दन आचार्य, भारत रुपैडिहाका प्रहरी इन्चार्ज आलोक राय, कस्टमका इन्स्पेक्टर शैलेन्द्रकुमारको उपस्थितिमा यात्रु सहायकता कक्ष उद्घाटन गरिएको थियो।

प्रजिअ केसीले भारतमा कमाइ गरेर चाडबाड मनाउन आउने नेपालीलाई नाकामा हैरानी, ठगी नहोस् भनेर सहायता कक्ष स्थापना गरेको बताउनुभयो। 'हजारौं नेपालीहरू भारतमा काम गर्न जान्छन्। उनीहरू चाडबाडमा फर्किन्छन्, उनीहरूको सुरक्षा गर्नु हाम्रो कर्तव्य हो, प्रजिअ केसीले भन्नुभयो, सहायता कक्षले नाकामा उनीहरूलाई सुरक्षा प्रदान गर्छ।'

रुपैडिहा थानाका इन्चार्ज आलोक रायले नेपालीको सुरक्षाका लागि सीमामा जस्तोसुकै सहयोग गर्न तयार रहेको बताउनुभयो। 'तपाईंले माग्ने हरप्रकारको सहयोग गर्न तयार छु। यहाँमात्रै होइन, नानापारासम्म पनि हामीले सहयोग गर्न सक्छौं, रायले भन्नुभयो, रुपैडिहामा यसो गर्दा राम्रो हुन्छ भन्नस्, हामी त्यसै गर्छौं।'

चाडबाड नजिकिएसँगै हजारौं नेपालीहरू घर फर्किन्छन्। यसक्रममा यात्रुवाहक बस, रेल या रुपैडिहा र नाकामा नेपालीहरू लुटिन्छन्, ठगिन्छन्। यात्रु सहायकता कक्षको ब्यानरमाथि प्रहरीले लेखेको थियो, 'अपरिचित व्यक्तिले दिएको खानेकुरा नखाऔं।' सोझा नेपालीहरू कमाइ गरेर फर्किंदा अपरिचित व्यक्तिले दिएको मिठाइ, पिय पदार्थ, बिस्कुट खादा गोजीको हजारौं रुपियाँ लुटाउने गर्दछन्।

व्यवसायिक लुटेराहरूले शुरुमा आफूले नै खाने खानेकुरा दिने र पछि विश्वासमा पारेपछि नसालु पदार्थ मिसाएको खानेकुरा खान दिएर लुटपाट गर्ने गरेको पाइन्छ। दशैं र तिहारमा ठूलो संख्यामा नेपालीहरू घर फर्किने र यो भीडभाडमा लुटेराले दैनिकजसो नै एक न एकजनालाई फन्दामा पार्ने गर्दछन्। गतवर्ष दशैंको बेलामा लुटपाट कम भएको थियो। जमुनाहा प्रहरीले सादा पोशाकका प्रहरी रुपैडिहामा खटाएकाले लुटपाट रोकिएको थियो।

भारतबाट बचेर आएका नेपालीलाई नाकामा रिक्सा, टाँगा, गाडीवालाले ठग्ने गर्दछन्। रुपैडिहाबाट नै रिक्सा र टाँगामा बसेर आउने नेपालीसँग धेरै रकम लिने गरिन्छ। यात्रु सहायता कक्षमा बस्ने प्रहरीले रिक्सा र टाँगामा बसेर आएका नेपालीलाई 'कति भाडा दियौं, कहाँ जाने, बाटोमा कसैले दुःख दियो कि नाइ' भनेर सोध्ने इलाका प्रहरी कार्यालय, जमुनाहाका इन्चार्ज सुधीर खड्काले बताउनुभयो। जमुनाहा प्रहरीले यसपालीको दशैं र तिहारमा पनि रुपैडिहामा सादा पोशाकका प्रहरी खटाउने तयारी गरेको छ। भारतीय प्रहरीसँग मिलेर बसपार्क र रेल स्टेसनमा सादा पोशाकमा प्रहरी खटाउँदा रुपैडिहा र सीमामा नेपाली लुटिन पाउँदैनन्। पछिल्ला वर्षमा लुटपाटका घटनामा कमी आउदै गएको छ। अघिल्लो वर्ष १४ जना लुटिएकोमा गतवर्ष ३ जनामात्रै लुटिएका थिए।

नेपालभित्र आइसकेपछि सादा पोशाकको प्रहरी हुँ भन्दै लुटपाट गर्ने गिरोह सक्रिय हुने गर्दछन्। पहाडी जिल्लाका सोझा मानिसलाई को घुमुवा प्रहरी, को सादा पोशाकका प्रहरी थाहा हुँदैन। उनीहरूले सामान खानतलासी गर्न आउनेलाई सामान देखाउँछन्, पैसा राखेको ठाउँ देखाउँछन्। त्यही फाइदा उठाएर लुटेराले लुट्ने गर्दछ।

बाँके प्रहरीको यो कार्य चाडबाडलक्षित सुरक्षा योजनाअन्तर्गत पर्ने गर्दछ। प्रहरीले यस्तो सहायता कक्ष बसपार्कमा पनि राख्ने गर्दछ। प्रहरी निरीक्षक लक्ष्मण शाहीले तत्काल बसपार्कमा पनि यात्रु सहायता कक्ष राखिने जानकारी दिनुभयो।

# आठ शिक्षक छड्केमा परे

प्रताप बानियाँ, म्याग्दी

म्याग्दीका जिल्ला शिक्षा अधिकारी रामकुमार श्रेष्ठले विद्यालयमा आकस्मिक अनुगमन गर्दा ८ जना शिक्षक छड्केमा परेका छन्। सोमबार पश्चिम म्याग्दीको मालिका गाउँपालिका-६ दरबाङमा सञ्चालित जनप्रिय माध्यमिक विद्यालयमा गरेको अनुगमनमा विद्यालयमा कार्यरत शिक्षकहरू छड्केमा परेका हुन्।

दरबाङमा आयोजित औपचारिक कार्यक्रमको सिलसिलामा विद्यालय प्रवेश गरेका जिशिअ श्रेष्ठले सबैभन्दा पहिला शिक्षकहरूको हाँजिरी रजिस्टर चेकजाँच गरेका थिए। हाँजिरी चेक गर्ने क्रममा जनप्रिय माविको विभिन्न तहमा अध्यापन गराउने ८ जना शिक्षकले विद्यालयको हाजिरी रजिस्टरमा आफ्नो हाजिर नगरेको पाइएको उनले बताए।

विद्यालयको शैक्षिक वातावरण, शिक्षकको उपस्थिति, विद्यार्थीको पढाइ र समग्र अवस्थाको अनुगमन गर्दा शिक्षकले विद्यालय पुगेपछि सबैभन्दा पहिला गर्नुपर्ने काम आफ्नो हाजिर नै नगरेको पाइएको जिशिअ श्रेष्ठले जानकारी दिए। शिक्षक विद्यालयमा उपस्थिति भएपछि सबैभन्दा पहिला आफ्नो हाजिरी गर्नुपर्ने बताउँदै उनले विद्यालयमा आएर पनि कतिपय शिक्षकले हाजिर गर्ने क्रममा हेलचेक्र्याँइ गरेको उनले बताए।

हाजिरी नगर्ने शिक्षकहरूमध्ये केही शिक्षकको ६, ७ दिनसम्म पनि लगातार हाजिरी नभएको समेत पाइएको जिशिअ श्रेष्ठले बताए। विद्यालयमा अध्यापनरत शिक्षकले विदा लिएपछि हाजिरमा विदा जनाउनुपर्ने, विद्यालय आएपछि हाजिर गर्नुपर्ने जस्ता नियमित आफ्नो काम गर्नुपर्ने भए पनि त्यो नगरेको पाइएको जिशिअको भनाइ छ।

हाजिर नगरेका शिक्षकहरूलाई धेरै समयको एकैपटक हाजिर नगर्न र छुटेको दिनको विदा मिलान गर्न निर्देशन दिएका छन्। जिशिअ श्रेष्ठले रजिस्टरमा हाजिर नगरेका शिक्षकको खालि ठाउँमा चिह्नसमेत लगाइदिएका छन् भने भ्रमण पुस्तिकामा निर्देशनसमेत लेखिदिएका छन्।

विद्यालयका प्रधानाध्यापक दिवाकर सुवेदीले भने आफूले प्रशासकको हैंसियतले समग्र विद्यालयको शैक्षिक अवस्था सुधार गर्न लागिपरेको प्रतिक्रिया दिए। उनले विद्यालयमा शिक्षक तथा विद्यार्थीको नियमित उपस्थिति गराउन, अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न, शिक्षकको कामकारबाही द्रूत गतिमा अघि बढाउन र शैक्षिक वातावरण निर्माणमा आवश्यक भूमिका खेलिरहेको जानकारी गराएका थिए।

# मदिरा बिक्री वितरणमा रोक

वीरगन्ज, (नेस)

नजिकिदै गरेको स्थानीय तह निर्वाचन तेस्रो चरणको दिन असोज २ गतेलाई दृष्टिगत गरी वीरगन्ज महानगरपालिकासहित पर्साको सबै स्थानीय तहमा मंगलबारबाट मदिरा बिक्रीबितरणमा रोक लगाइएको छ।

जथाभावी मदिरा बिक्रीबितरण गरिदा होहल्ला तथा समाजमा दंगासमेत भड्कन सक्ने हुनाले असोज २ गते सम्मका लागि मदिरा बिक्रीबितरणमा रोक लगाउने निर्णय भएको जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक सुदिप गिरीले जानकारी दिनुभयो। चुनावका दिनसम्म मदिरा बिक्रीबितरण नगर्ने विषयमा स्थानीय व्यवसायीहरू पनि सहमत भइरहेको उहाँले बताउनुभयो।

# एमाले मधेस विरोधी पार्टी : प्रधानमन्त्री

नेपाल समाचारपत्र

राजविराज

प्रधानमन्त्री शेरबहादुर देउवाले एमाले संघीयता, प्रजातन्त्र र मधेस विरोधी रहेको आरोप लगाउँदै मधेसी जनताले चुनावमार्फत त्यसको जवाफ दिनुपर्ने बेला आएको बताएका छन्। कांग्रेस सप्तरीले आगामी असोज २ गते हुने स्थानीय तहको तेस्रो चरणको निर्वाचनलाई लक्षित गर्दै मंगलबार सदरमुकाम राजविराजमा गरेको चुनावी जनसभालाई सम्बोधन गर्दै प्रधानमन्त्री देउवाले सो विचार व्यक्त गरेका हुन्।

संघीयता, समानुपातिक र संविधान संशोधन मधेसको माग हो, मधेसको माग सम्बोधन गर्न संसद्मा प्रस्तुत संशोधन विधेयक असफल पारेर एमालेले मधेसविरोधी चरित्र देखाइसकेको छ । प्रधानमन्त्री देउवाले भने- 'यसको जवाफ मधेसी जनताले चुनावमार्फत दिनुपर्छ।'

उनले कांग्रेसले जिते हुलाकी सडक, रंगशाला, सिटी हललगायतका स्थानीय विकास निर्माणका कार्यलाई उच्च प्राथमिकता दिने बताए। कांग्रेस सप्तरीका सभापति दिनेश यादवको अध्यक्षतामा आयोजित जनसभामा कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल, महामन्त्री संशाक कोइराला, कोषाध्यक्ष सीता यादव, युवा तथा खेलकुद राज्यमन्त्री तेजुलाल चौधरी, नेताहरू विमलेन्द्र निधि, रमेश लेखक, डिना संग्रौला, सुरेन्द्र यादव, रन्जित कर्ण, सकलदेव सुतिहारका साथै राजविराज नगरपालिकाका लागि कांग्रेसका तर्फबाट मेयरका उम्मेदवार ध्रुव देव र उपमेयरका उम्मेदवार सुशिला यादवले कांग्रेसलाई स्थानीय तहको निर्वाचनमा पहिलो शक्ति बनाउन आग्रह गरे।

# दित्केल बजारलाई व्यवस्थित बनाउन सर्वेक्षण शुरू

रामधन राई, खोटाङ

रुपाकोट मझुवागढी नगरपालिकास्थित बजार क्षेत्रभित्रको सडक कालोपत्रे, विद्युत् र टेलिफोनको तार तथा खानेपानीको पाइप जमिनमुनि गाड्ने र अव्यवस्थित अवस्थामा रहेको ढल निकासका लागि सर्वेक्षण शुरु गरिएको हो।

शहरी विकास मन्त्रालयको आर्थिक लगानीमा आगामी डेढ वर्षभित्र सबै काम सम्पन्न गर्ने गरी सर्वेक्षणको काम शुरु गरिएको नगर प्रमुख दिपनारायण रिजालले बताउनुभयो। रिजालका अनुसार जिल्लाको व्यापारिक केन्द्र तथा सदरमुकाम रहेको दिक्तेल बजार अहिले कुरुप अवस्थामा रहेकाले डेढ वर्षभित्र यसलाई व्यवस्थित बजार बनाएर जिल्लाको मुख्य व्यापारिक केन्द्र बनाउने योजना रहेको छ।

कच्ची अवस्थाको सडक, जथाभावी टाँगिएको बिजुली र टेलिफानको तार, ढल फुटेर दुर्गन्धित बजार, जहाँतँही टुक्रिएको खानेपानीको पाइपलगायतलाई व्यवस्थित गर्नुका साथै बजार क्षेत्रभित्र खुला ठाउँ निर्माण, रिङरोड तथा शाखा सडकहरू निर्माण गर्न सर्वेक्षणको काम थालिएको नगरपालिकाका कार्यकारी अधिकृत खिलाराज राईले बताउनुभयो। दिक्तेल बजारको चौतर्फी विकासका लागि सर्वेक्षणको जिम्मा लिएको ग्रीनथम्स कन्सलटेन्स कम्पनीले मङ्गलबारदेखि सर्वेक्षणको काम थालेको हो। सर्वेक्षण गर्नुअघि नगरपालिकाले सोमबार दिक्तेलस्थित जिल्ला समन्वय समितिको सभाहलमा सर्वदलीय/सर्वपक्षीय भेला आयोजना गरेको थियो। भेलामा सहभागी वक्ताहरूले सबैको सहमती र सहकार्यमा काम अगाडि बढाउन सुझाव दिएका छन्।

दिक्तेल बजारका अधिकांश घरहरू पुराना र कच्ची रहेकाले तत्काल व्यवस्थित गर्न चुनौति देखिएको छ। घोरेटो बाटोका आधारमा दुवैतर्फ घरहरू निर्माण गरिएकाले मोटर सञ्चालन हुने गरी सडक निर्माण गर्न समस्या देखिएको छ। २०६४ सालमा हेलिकोप्टरमार्फत जिल्ला ल्याइएको बस बजार क्षेत्रभित्र सबै ठाउँ पुग्न सक्ने अवस्था छैन। साँघुरो तथा कच्ची अवस्थामा रहेको सडक कालोपत्रे गर्न बजार आसपासका दर्जन बढी घरहरू भत्काउनुपर्ने अवस्थामा रहेको देखिएको छ।

## मापदण्ड...

स्थानीय निकायले जारी गरेको निर्माणसम्बन्धी मापदण्डअनुसार अरूको घरलाई असर नपर्ने तथा वरिपरि स्मारक, धाराको मुहान आदिलाई प्रतिकूल असर नपर्ने गरी वेसमेन्ट, सेमिवेसमेन्ट बनाउन स्विकृत दिन सकिने उल्लेख छ।

त्यस्तै संरक्षित स्मारक उपक्षेत्रमा संरक्षित स्मारक क्षेत्रहरूमा नयाँ घर वा भवन निर्माण गर्ने अथवा मर्मत सुधार गर्न चाहने व्यक्ति वा संस्थाले कुनै घर वा भवनको शैली र आकार प्रकारको नक्सा सम्बन्धित निकायबाट स्वीकृत गराई मात्र बनाउन पाइने उल्लेख छ। सोही मापदण्डअनुसार कम्पनीले कामपाबाट नक्सा स्विकृत लिएर भवन निर्माण गर्न लागेको हो।

भवन निर्माण स्विकृत दिने निकाय कामपाले नक्सा स्विकृत गरेपछि मापदण्डविपरीत भयो भन्दै विवाद गर्नु कुनै औचित्य नभएको सरोकारवालको भनाइ छ। सो कम्पनीले यसअघि ७ तला भएको क्लासिक भवनको तुलनामा करिब ४ तला होचो निर्माण गर्न थालेको छ। निर्माणाधीन सो भवन ४ तले हुनेछ। क्लासिक भवनले २०२४ साल कार्तिकमा ५३ दशमलब ३ फिट अग्लो भवन निर्माण गर्न स्विकृत लिएको थियो।

हाल निर्माण भइरहेको सो भवन करिब ४२ फिट मात्रै हुनेछ। हनुमानढोका संरक्षित स्मारक क्षेत्रमा हुने संरक्षण एवं मापदण्ड-२०६४ को दफा ४ को ४ दशमलब २ नम्बर बुँदामा परम्परागत शैलीमा निर्मित पुराना घरहरूको उचाइ ३५ फिट भन्दा बढी रहेछ भने त्यस्ता घरहरूको पुनर्निर्माण गर्दा साविककै उचाइलाई कायम राखि पुनर्निर्माण गर्न अनुमति दिइने उल्लेख छ। सोही दफाअनुसार यसअघि ७ तला रहेको भवन अहिले चारतला मात्रै बनाउन लागिएको हो। पुरातत्वको मापदण्डअनुसार नै भवन निर्माण गरिरहेका छौं। एउटा घरको मापदण्डलाई लिएर विवाद गर्नु कुनै जरुरी छैन निर्माण कम्पनीका सञ्चालक कृष्ण महर्जनले नेपाल समाचारपत्रसँग भन्नुभयो।

उहाँले हनुमानढोका क्षेत्रवरपर मापदण्डविपरीत थुप्रै भवन रहेको तर केही स्थानीयले एउटै भवन मात्र नियमविपरीत भएको भन्दै हरेकपटक दबाब दिन थालेको आरोप लगाउनुभयो। पुरातत्व विभागका महानिर्देशक भेषनारायण दाहालले नक्सा स्विकृत दिने र नियमविपरीत देखिए भत्काउने जिम्मा कामपाको भएको बताउँदै यसमा विभागको कुनै दोष नभएको उल्लेख गर्नुभयो। 'हामीले त नक्सा पास गर्नुअघि नै सो भवनको विषयमा सम्पूर्ण विवरण पठाइसकेका छौं। सोहीअनुसार कामपाले नक्सा पास गरेको होला' -उहाँले भन्नुभयो।

हाल निर्माणाधीन सो भवन पुरातात्विक महत्त्वको सम्पदा मैत्रीस्वरुप नियो क्लासिकल हुनेछ। विभागले भने सबै नक्सा पास गर्ने सबै अधिकार कामपालाई हुने भएकाले सोही निकायको सल्लाह लिन आग्रह गरेको छ। विभागले केही स्थानीयको दबाबमा क्रिस्टल भवनको विषयमा मात्र अध्ययन गरिरहेको छ। अन्य भवनको विषयमा किन छानविन नगरेको भन्ने विषयमा स्थानीय श्रेष्ठले भन्नुभयो- 'हामी अन्य भवनको विषयमा पनि कुरा उठाउने छौं। पुरातत्व, जिल्ला प्रशासन कार्यालय, उपत्यका विकास प्राधिकरणलगायतका निकायमा एउटा भवनको मात्र फाइल लिएर कुद्ने श्रेष्ठले अन्य भवनको विषयमा कुनै पनि चासो दिएको पाइँदैन।' केही स्थानीयकै कारण हनुमानढोका दरबार क्षेत्रको बहुचर्चित दश अवतार, काष्ठमण्डपलगायतका सम्पदा निर्माण हुन सकेको छैन।

नियममै नभएको विषय उल्लेख गर्दै अमानतमा सम्पदा निर्माण गर्नुपर्ने जनाउँदै श्रेष्ठलगायत केही स्थानीयले दश अवतारको टेन्डरसमेत रद्द गर्ने प्रयास गर्दै आएका छन्। कामपाले काष्ठमण्डपको ड्इङ डिजाइन तयार गरी करिब १९ करोड रुपियाँमा निर्माण गर्ने अन्तिम तयारी गर्दासमेत केही स्थानीयले अवरोध सिर्जना गर्दै आएको स्थानीयकै आरोप छ।

सो भवनका सञ्चालक महर्जनले भवनलाई मजबुत पार्न केही अग्लो बन्न पुगेको बताउनुभयो। २०७२ सालको शक्तिशाली भूकम्पको कारणले सुरक्षित भवनको अवधारणाअनुसार २ फिटको विम राख्नु परेकाले उचाइ बढ्न गएको बताउनुभयो। यसअघि ७ तला रहेको सो भवन भत्किएपछि अहिले चारतला मात्रै निर्माण गर्न लागेको बताउँदै यसमा विवाद गर्न जरुरी नभएको बताउनुभयो। उहाँले भन्नुभयो- 'नियमअनुसार नै नक्सा पास गरेर निर्माण शुरु गरेका हौं, कसैसँग विवाद गर्नु जरुरी छैन।' उहाँले एउटा नेपालीले केही राम्रो काम गर्न खोज्दा प्रोत्साहन गर्नुको सट्टा अरूको प्रगति देख्न नचाहने तत्त्वले विरोध गर्न थालेको बताउनुभयो।

## आचारसंहिता...

स्वच्छ, निष्पक्ष र विश्वसनीय निर्वाचनका लागि आचारसंहिताको पालना महत्वपूर्ण हुने धारणा राख्दै प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवले आचारसंहिता पालना गराउन आयोग गम्भीर रहेको बताउनुभयो।

उहाँले आचारसंहिता उल्लंघन गर्ने सबैलाई २४ घण्टे स्पष्टिकरण सोधिएकोमा प्रायले अनजानवश गल्ती भएको बताउँदै अब उप्रान्त त्यस्तो गल्ती नगर्ने प्रतिबद्धता व्यक्त गरेको जानकारी दिनुभयो। पटकपटक आचारसंहिता उल्लंघन गर्ने हो भने आयोगले कानूनबमोजिम कडा कारबाही गर्ने पनि डा. यादवको भनाइ रहेको छ। 'स्वच्छ निर्वाचनका लागि स्वच्छ आचरणको आवश्यकता पर्ने हुँदा आयोगले निर्वाचन आचारसंहिता तयार गरी लागू गरेको हो। आचारसंहितालाई सरकार, राजनीतिक दल, उम्मेदवार, दलका प्रतिनिधिसहित सबै सरोकारवालाले पालना गर्नुपर्ने हुन्छ।' उहाँले भन्नुभयो।

आयोगले भदौ १४ गतेदेखि मंसिर १० र २१ मा हुने प्रदेशसभा र प्रतिनिधिसभाका लागि निर्वाचन आचारसंहिता लागू गरेको हो। सरकारले पटकपटक मन्त्रिमण्डल विस्तार गरेर पनि निर्वाचन आचारसंहिता उल्लंघन गरेकोप्रति आयोगलाई चित्त बुझेको छैन।

यसैबीच आयोगले आचारसंहिता पालनामा ध्यानाकर्षण गराउँदै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई मंगलबार पुनः निर्देशन दिएको छ। ७ बुँदे निर्देशन पालना नभएको सन्दर्भमा आयोगले फेरि निर्देशन दिएको हो। निर्देशनमा निर्वाचन प्रचारप्रसारको क्रममा टिसर्ट, झोला, स्टिकर, गम्छा, सल, खादाजस्ता जिन्सी सामग्रीमा आफ्ना निर्वाचन चिन्ह अङ्कित गरी मतदातालाई वितरण गर्दा निर्वाचन स्वच्छ, निष्पक्ष, मर्यादित र मितव्ययी हुन नसक्ने भन्दै सो कार्यमा रोक लगाउन सम्बद्ध निकाय तथा तोकिएको अधिकारीलाई निर्देशन दिन भनिएको छ।

स्थानीय तहका गाउँसभा/नगरसभा/जिल्ला सभालाई नीति, बजेट तथा कार्यक्रममा सरकारका मन्त्री, व्यवस्थापिका-संसद्का सदस्यले उद्घाटन नगर्ने/नगराउने गरी कार्यक्रममा सहभागी हुन सहमति दिने र यसको जानकारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई दिने पनि पत्रमा भनिएको छ।

निर्वाचन आचारसंहिता लागू हुनुपूर्व सरुवा भएका कर्मचारीलाई यथाशीघ्र आफ्नो दरबन्दीमा जान रमाना दिने तथा काज रहेको भए दरबन्दीमा काज फिर्ता गर्न निर्देशन गर्ने पनि आयोगले ध्यानाकर्षण गराएको छ।

त्यसै गरी मन्त्री तथा सार्वजनिक पद धारण गरेका पदाधिकारीको निर्वाचनको सन्दर्भमा राजनीतिक कार्यक्रममा भाग लिन जाँदा सरकारी साधन र स्रोतको प्रयोग नगर्न/नगराउन कार्यालयले पहल गर्नुपर्ने पनि आयोगले निर्णय गरेको छ।

## दर्ज्यानी...

नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक मनोज नेउपानेले विभिन्न पाखुरामा लगाइदै आएको दर्ज्यानी चिन्ह अब अन्य अधिकृतहरूले जस्तै सिपाही तथा हवल्दारहरूले पनि दर्ज्यानी चिन्ह कुममा लगाउने व्यवस्था भएको बताउनुभयो।

उहाँले दर्ज्यानी चिन्ह पाखुरामा लगाउँदा भिडभाड तथा अन्य क्षेत्रमा खटिदा फुस्कने र चिन्ह अड्याउन पिनको प्रयोग गरिदा त्यसले स्वयम् सुरक्षाकर्मी तथा अन्य नजिकका व्यक्तिलाई समेत क्षति पुर्‍याउने भएकाले नयाँ व्यवस्था गरिएको जानकारी दिनुभयो।

## डीआईजी...

सरकारले वरियताक्रम मिचेर प्रकाश अर्याललाई आईजीपी नियुक्त गरेपछि उहाँले सर्वोच्च अदालतमा मुद्दा दायर गर्नुभएको थियो। उहाँले २०७३ चैत्र ३० गते अदालतमा रिट दायर गर्नुभएको थियो।

रिटमाथि मंगलबार भएको सुनुवाइमा प्रधानन्यायाधीश गोपालप्रसाद पराजुलीको नेतृत्वको वृहत् पूर्णइजलासले फैसला गर्दै उहाँको माग दाबी पूरा नहुने भन्दै रिट खारेज गरेको हो। प्रहरी सेवाबाट राजीनामापछि उहाँले नयाँ काम शुरू गर्ने पनि बताउनुभएको छ।

## कुपोषित...

जिल्लामा १९ प्रतिशत बालबालिका कुपोषित रहेको एक तथ्याङ्कले देखाएको छ। कुपोषितमध्ये अधिकाशं दलित समुदायका बालबालिका रहेको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ। बालकको तौल ५ किलो २ सय ग्राम र पाखुरा ब्यारियर ७.८ (७८मि.मि) रहेको दुबै खुट्टामा खाल्डो पर्ने गरि सुनिएको स्वास्थ्य चौकीका इन्जार्ज आचार्यले बताउनुभयो।

थप उपचारका जिल्ला अस्पताल कालिकोटमा रेफर गरिएको अभिभावकले पैसाको अभावका कारणले जान नमानेपछि लामो छलफलपछि जिल्ला अस्पतालमा उपचारका लागि आफूले नै गाडी भाडा दिएर पठाएको स्वास्थ्य चौकीका इन्चार्ज आचार्यले बताउनुभयो। 'अस्पताल लैजाने पैसा छैन् भनेर रिफर गरिएको बिरामीलाई अस्पतालमा लैजान मानेनन्।' उहाँले भन्नुभयो- 'आफूले पाँच सय रुपियाँ गाडी भाडा दिएपछि थप उपचारका लागि जिल्ला अस्पतालमा पठाउन सफल भयौं।'



# अर्थ

2017, SEP
Wednesday
13

प्रहरीले राजधानीका गोंगबु, कलंकी, नयाँबसपार्क, पुरानो बसपार्क, गौशाला, कोटेश्वरलगायतका टिकट काउन्टरमा प्रहरी खटाइएको छ। सेवाग्राहीको सुविधाको लागि प्रहरीले टिकट काउन्टर नजिकै प्रहरीको अस्थाई सूचना कक्ष पनि शुरु गरेको छ।

## टिकट कालोबजारी गर्ने पक्राउ

काठमाडौं, (नेस)। सार्वजनिक बसको टिकट कालोबजारी गरी बिक्री गर्ने १७ जनालाई प्रहरीले पक्राउ गरेको छ। टिकट बुकिङ खुला भएको पहिलो दिन प्रहरीले अनुगमनका क्रममा अनधिकृत रूपमा टिकट बिक्री गर्ने १७ जनालाई पक्राउ परेको महानगरीय ट्राफिक प्रहरी प्रवक्ता वरिष्ठ प्रहरी उपरिक्षक उमेश रञ्जितकारले जानकारी दिनुभयो।

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६ /९५ | ७६/९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२ /६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।
JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

नेपालको नं. 1 मारुती सिमेन्ट
हामी बनाउँदैछौं नेपाललाई...

हिमाल स्टील आजको भाउ
ज्योति

| | टोरस्टिल ८ मि.मि. | टोरस्टिल १०-२० मि.मि. | टोरस्टिल २५-३२ मि.मि. | टि. एम. टि. टेम्पकोर ८ मि.मि | टि. एम. टि. टेम्पकोर १०-२० मि.मि | टि. एम. टि. टेम्पकोर २५-३२ मि.मि. | टोरकारी ४.७५-७ मि.मि. | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| वीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

## शेयरधनीहरुको शेयर प्रमाणपत्र हराएको तथा हकदावी सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

यस कम्पनीले शेयर रजिष्ट्रारको कार्य गरिरहेका तपसिल वमोजिम विवरण भएका बैंक/कम्पनीहरुका शेयरधनीहरुको मृत्यु भएको जानकारी निजका हकवालाले दिएको हुँदा नीजको नाममा कायम रहेको शेयर प्रमाणपत्रहरु नीजको हकवालाको नाममा नामसारी गरि पाउँ भनी रित पूर्वक निवेदन पेश गरेको साथै शेयर प्रमाणपत्रहरु हराएकोले प्रतिलिपि प्रमाणपत्र उपलब्ध गराई पाँउ भनी निवेदन पेश गरेको हुँदा सो माथि कसैको हकदावी लाग्ने भए यो सूचना प्रकाशित मितिले ३५ (पैत्तिस) दिन भित्र स-प्रमाण सहित एस क्यापिटल लिमिटेड लालकोलनीमार्ग, लालदरवार, काठमाण्डौमा निवेदन दिनु हुन अनुरोध गरिन्छ। अन्यथा उक्त मिति पछि सो शेयरहरु आवश्यक प्रकृया पूरा गरि निवेदनमा माग भए बमोजिमका हकवालाको नाममा नामसारी तथा प्रतिलिपि शेयर प्रमाणपत्र जारी गरिने ब्यहोरा सम्वन्धित सबैको जानकारीको लागि योसूचना प्रकाशित गरिएको छ। म्याद पछि तथा रितपूर्वक प्राप्त नभएको निवेदन उपर कुनै कारवाही हुने छैन ।

### तपसिल

**लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड** / Lumbini General Insurance Company Limited
ज्ञानेश्वर, काठमाण्डौ, नेपाल
फोन नं. : ०१-४४११७०७, फ्याक्स नं.:०१-४४११६९२

**प्रतिलिपि शेयर प्रमाण-पत्र जारी हुने:**

| क्र.सं | शेयरधनीको नाम र ठेगाना | शेयर प्रमाणपत्र नं. | शेयर संख्या |
|---|---|---|---|
| १. | सन्तोष कार्की,६,उदयपुर । | १३१४४ | १२ |

**गरिमा विकास बैंक लिमिटेड** "Access to All" / Garima Bikas Bank Limited
साविकको निलगिरी विकास बैंक,शुभेच्छा विकास बैक र गरिमा विकास बैंक लिमिटेड
महेन्द्रपुल, पोखरा, नेपाल ।
फोन नं.: ०६१-५३३६९४, फ्याक्स नं.: ०६१५-३३६९६

**प्रतिलिपि शेयर प्रमाण-पत्र जारी हुने:**

| क्र.सं | शेयरधनीको नाम र ठेगाना | शेयर प्रमाणपत्र नं. | शेयर संख्या |
|---|---|---|---|
| १. | दिपेश श्रेष्ठ, २९, काठमाण्डौ । | ६१४,३३९६,७४२३ | १५० |
| २. | जोश्रेना श्रेष्ठ, ६, ललितपुर । | ३८९५७ | ४ |
| ३. | ममिता चौलागाई, ८, रौतहट । | ९९८१ | ४० |
| ४. | रामलाल श्रेष्ठ, ८, बालकोट, भक्तपुर । | ४३०७,११३३७,१५१८८,१९२१९ | ७२ |
| ५. | सान्ता खड्का, ३, धापाखेल, ललितपुर । | ४४२,७१६२,१३०३९,२३२३९ | २८ |
| ६. | इन्द्र खड्का लामिछाने, ५, काठमाण्डौ । | ४४१,७१६१,१३०३८,२३२३८ | २८ |

**हकवालाको नाममा नामसारी दाखिल खारेज हुने सम्वन्धमा:**

| सि.नं. | मृतक शेयरधनीको नाम | मृत्यु भएको मिति | शेयर प्र.प.नं.र शेयर संख्या | हकवालाको नाम तथा नाता |
|---|---|---|---|---|
| १. | साबित्री देवी डंगोल/१०६०/६८६३३ | २०७०/०१/२९ | ७१३०,२४८७६,४३१३७(१९२) | सबन सिहं२५०२/२४५०४(छोरा) |
| २. | अंगुर मैया श्रेष्ठ अमात्य/१४०६६ | २०७४/०३/२९ | ९३१,१३४०४,७५७६,२३६४४,१८२४५ २९५३३,३५२८१,४४६०१(४४) | सिताराम अमात्य /२४७७/१०७०६(पति) |

**एक्सेल डेभलपमेन्ट बैंक लिमिटेड** / Excel Development BANK LTD.
मुक्तिचोक, झापा, नेपाल ।
फोन नं. : ०२३-५४३५६४, फ्याक्स नं. ०२३-५४३५६३

**हकवालाको नाममा नामसारी दाखिल खारेज हुने सम्वन्धमा:**

| सि.नं. | मृतक शेयरधनीको नाम | मृत्यु भएको मिति | शेयर प्र.प.नं.र शेयर संख्या | हकवालाको नाम तथा नाता |
|---|---|---|---|---|
| १. | अम्बिका प्रसाद घिमिरे/३३२/९८ | २०७३/११/०६ | हितग्राही नं:१३०१३७००००१६२०५३(१९१) | मन्जिल घिमिरे/७१८६१(छोरा) |

**दिब्यश्वरी हाईड्रोपावर लिमिटेड** / Dibyashwari Hydropower Limited
पुरानो बानेश्वर, काठमाण्डौ
फोनः ४११६०६८ फ्याक्स : ४११६०६८

**हकवालाको नाममा नामसारी दाखिल खारेज हुने सम्वन्धमा:**

| सि.नं. | मृतक शेयरधनीको नाम | मृत्यु भएको मिति | शेयर प्र.प.नं.र शेयर संख्या | हकवालाको नाम तथा नाता |
|---|---|---|---|---|
| १. | तारा अर्याल/८७६८७ | २०७४/०२/२२ | हितग्राही नं :१३०११२०००००३१९७३(१०) | राजेन्द्र प्रसाद अर्याल/७४०(पति) |

**कृषि विकास बैंक लिमिटेड** / AGRICULTURAL DEVELOPMENT BANK LIMITED
रामशाहपथ, काठमाण्डौं
फोनः ४२५२३५९, फ्याक्स : ४२६२९२९

**हकवालाको नाममा नामसारी दाखिल खारेज हुने सम्वन्धमा:**

| सि.नं. | मृतक शेयरधनीको नाम | मृत्यु भएको मिति | शेयर प्र.प.नं.र शेयर संख्या | हकवालाको नाम तथा नाता |
|---|---|---|---|---|
| १. | कृष्ण प्रसाद लामिछाने/३६६९० | २०७३/०५/१५ | १७३३२४,४०५६०९,५९८९२०(१४७) | सीता भण्डारी/३०२२१(पत्नी) |
| २. | अम्बीका प्रसाद मैनाली/१०७७४ | २०४७/०३/१६ | ४३५७९,२९५६७६,६६०९३०,७९२६८३,४९४९०९(३२०) | भवानी मैनाली/११७७(पत्नी) |
| ३. | दामोदर पोखरेल/५७० | २०७२/०२/२९ | १४४६६,२६८०४८,६४९५८४४६७६२१,७६५५८२(६५) | सरिता पोखरेल/२०८६३५१०(पत्नी) |
| ४. | माधव पाध्या रेग्मी | २०४४/०१/०५ | ६६२३२७,४६८५२,७९५६९७,२९८७४८,४९७९३६(६५) | प्रेम शर्मा रेग्मी/२१५(छोरा) |
| ५. | सूर्यनाथ पोखेल/१२९३०४९० | २०६९/०२/२० | ३२७५१,७८२७०९,४८४८५१,२८५४८३(४७) | जनार्दन प्रसाद पोखरेल/१२९३२२६९(छोरा) |
| ६. | अरबिन्द्र प्रसाद प्रधान/५८८६१३६२ | २०७१/०४/०३ | ३४३९२०,९६०९८,५४२३७७,८३९६९४,६८२८६४(३५८) | शिला प्रधान/७११८(पत्नी) |
| ७. | गोबिन्द प्रसाद भण्डारी/१५८७० | २०७२/०७/०७ | ८७६६०,३३५९५६,६७९९९८,५३४४९५,८३१८५०(६५) | घनश्याम भण्डारी/८८३४(छोरा) |
| ८. | लक्ष्मण थापा/२६९ | २०६३/११/२० | ८००९४५,६६५०९०,५०३३००,३०४२७५,५३२०७(६८) | श्याम कृष्ण थापा/४३७७२(छोरा) |
| ९. | शालिक राम पाठक/३५७४१५०० | २०७१/०८/२४ | ३१४९,७५५२४१,६४४३४२,४५७१९२,२५७४६६(३२२) | शशिकला पाठक/३२७४२५६७(पत्नी) |
| १०. | श्री बहादुर बुढाथोकी/२/५९ | २०४८/०२/१६ | ५०७१५७,३०८२५९,८०४७५२,५७८८१(४४) | नवराज बुढाथोकी/५२७२०/४३(छोरा) |
| ११. | बियासी कुमार दनुवार/३६४१८०७१ | २०७३/०८/०३ | हितग्राही न :१३०१०२०००००६१४३१(१४४५) | दुलारी कुमारी/३८४०(पत्नी) |
| १२. | कलावती रेग्मी/७/३२१७ | २०७३/०३/१२ | ९४४०६,३४२३२४,५४०७९२,६८२४१३,८३८१२२(६५) | सरस्ती रेग्मी/७/३२१०(बुहारी) |
| १३. | बाल कुमारी डाँगी/१४०/३००३ | २०६६/१०/२८ | ९०२९७,६८०९६९,५३७०१२,३३८४९२,८३४३५५(६८) | प्रभात कुमार डाँगी क्षत्री/१२०(छोरा) |
| १४. | ललित बहादुर बस्नेत/२२२ | २०७३/०६/१८ | १५३५०१,५८४२८१,३८९८६१,८८०५१८(५९) | गुण कुमारी बस्नेत(पत्नी) |
| १५. | श्री कृष्ण सिटौला/२२९२ | २०५९/०८/२२ | २७०६,७५४८५५,६४४१२६,२५७०७०(२११) | उमा प्रसाद सिटौला/१११५(छोरा) |
| १६. | गोपी चन्द्र खनाल/३९८ | २०७०/०६/३१ | ७१९४४,६७४१२५,८१७२७४,३२११००,५१९८१०(६५) | लक्ष्मी कुमारी खनाल/४६/०१/७१/०५७७५(पत्नी) |
| १७. | लाल बहादुर रैका मगर | २०६३/०६/१६ | २६०२८०,४५९९८१,६१४५,७५८००३(४४) | कुमारी मायाँ आले मगर/६९०/१०००(पत्नी) |
| १८. | खरी कुमारी श्रेष्ठ/२४६ | २०७३/१२/०३ | ८१४६२,६७७६९६,३३००२३,५२८६१९,८२६०१५(६८) | महेन्द्र प्रसाद श्रेष्ठ/१३२०(छोरा) |
| १९. | गजेन्द्र बहादुर कार्की/१४१६ | २०६८/०२/०१ | २६७५१८,७६५०६५,४६७१०२,१३८८१(४५) | राधा कार्की/१/१८३८/१९७(पत्नी) |
| २०. | टंक बहादुर बुढाथोकी/७६१५१४२१ | २०६९/०७/१५ | ५१९४,४५९१२९,६४५१५८,२५९४१९,७५७१६३(२२७) | भिम माया बुढाथोकी/०४/०१/७३/०४८७३(पत्नी) |
| २१. | शालिग्राम बाँसकोटा/५२२४०६७७ | २०७३/०८/१८ | ५६७१६४,३७०४७६,१२८१८५,८६३९९५(५९) | कमला देवी बांसकोटा/२१५१४/५२२४०६७५(पत्नी) |
| २२. | दाताराम पुडासैनी/१३५६ | २०६३/१०/२४ | ६२४९८,८०८७९५,६६९६३९,५११३६७,३१३२४५१(१५६) | शिव प्रसाद पुडासैनी/२२२५७(छोरा) |
| २३. | गंगाराम शिवाकोटी/१८०७ | २०६४/०३/३० | ९०७४,२६३०३४,४६२६९६,६४६९४३,७६०६९७(७४) | दिनेश शिवाकोटी/२६७७/२५९२(छोरा) |
| २४. | रत्न काजी मास्के/२२८७२ | २०५०/१०/१६ | ५७५८५,५०६९०५,३०८००१,६६७२०२,८०४५०२(६५) | राज कुमार मास्के/३९२४७/५८९(छोरा) |
| २५. | भगवती भट्टराई/२७१ | २०६३/०२/०३ | १०११९,६४७४१९(१००) | सुनिल भट्टराई/३१५(छोरा) |
| २६. | हर्ष नारायण श्रेष्ठ/४७२४ | २०७४/०१/२२ | ५११४६६,३१२६५२६६९७५४,८०८९९२(९७) | हिराकाजी श्रेष्ठ/६११६४/०५६(छोरा) |
| २७. | गर्बु साह तेली/४६६४०४८५ | २०५४/१०/२६ | ३२०२४,६५६४०४,७८२०१३,४८४१४९,२८४७७७(६८) | रोहीत कुमार साह/४६६४२८०२(छारा) |
| २८. | बिद्या लक्ष्मी श्रेष्ठ/६८६८/२८८९९ | २०७२/१०/२७ | ६२४३७०?४३३५०७,९१९८५३,७४०००८५२११०२९(२६४) | अराब श्रेष्ठ/७५(छोरा) |
| २९. | नारायणदत्त भण्डारी/१०००५२ | २०७२/०५/२६ | ८१६७५८,७१४०१,३२०५८३,५१९२९५,६७३९१३(६५) | रीता भण्डारी/१०००६९(नातिनी) |
| ३०. | बुद्धिमान प्रधान/१९३/९९४ | २०५२/०४/१३ | ८३३६५९,६८०६२०,५३६३१३,३३७७८४,८९५६८(९०) | निराकर प्रधान/१६०/९०६(छोरा) |
| ३१. | नरेन्द्र प्रसाद सिटौला/५१७७ | २०७२/०८/१४ | २६३८०२,४६३४५१,६४७२९०,७६१४४९,९८७१(३२९) | देवेन्द्र प्रसाद सिटौला/२९३८१९९७(छोरा) |
| ३२. | वाल कुमारी कुवंर/६/२३३० | २०६६/०५/०१ | ५४०८३४,८३८१६४,९४४४९,३४२३६६(६०) | खड्ग बहादुर कुवंर/२३४६(छोरा) |
| ३३. | बल बहादुर खड्का/६४४१ | २०६९/०७/२३ | ५२०९७,३०३३८६,५०२४४६,६६४६२६,८००१२४(७०) | सुन्दर श्याम खड्का/३७८०(छोरा) |
| ३४. | गंगा देवी वली/११८८१/२६३४ | २०६२/१२/२५ | ८९५९५,५३६३३९,३३७८१०,६८०६३५(१३०) | तुल्सी राम वली/६९३८/२६३८(छोरा) |
| ३५. | पदम कुमारी गौतम/५५/५१४ | २०६५/०५/१९ | ६८१५,४६०६१०,२६०९१८,७५८६२९(४५) | वाल कृष्ण गौतम/४४९(छोरा) |
| ३६. | सुजन श्रेष्ठ/१९४२/८०७९ | २०७२/०९/०२ | ४३८०६१,२१८०७७,९२३८२६,७४२९९८,६२८३९१(३३१) | अनिता श्रेष्ठ/४०९(पत्नी) |
| ३७. | रुद्र प्रसाद पौडेल | २०५९/०९/२३ | ४७४८७३,२७५३६८,७७२७९७,६५२९४९(३७) | रमादेवी पौडेल/१५४३४(पत्नी) |
| ३८. | हरिदत्त रेग्मी/१९३२२ | २०६५/०६/०७ | ८३७७७,६७८६९३,८२८१७९,५३०८०५,३३२२३३(६५) | गणेश राज रेग्मी/१९३२३(छोरा) |
| ३९. | समता शाक्य | २०७२/०९/०१ | १३४५४७,३७५६००,५७१७८०,७०२९२६,८६८४६९(१०९ | सुभद्रा शाक्य/१०१४(आमा) |
| ४०. | जिब नाथ कोइराला/२६६१ | २०७२/१०/१८ | १६०७६,७६७०७५,४६९११८,२६९५६२(४५) | भेष कुमारी पोखरेल/२०७७(पत्नी) |
| ४१. | पुर्ण प्रसाद मानन्धर/१३४५ | २०६९/११/२२ | १०५७१७,८४७४६८,३५२३२१,५५०२६९,६८७३०३(१९८) | अमिर प्रसाद मानन्धर/५९२(भाई) |
| ४२. | ओजराज चिलुवाल/२७९ | २०७२/१२/०८ | ६७५५५४,५२३२८८,७५७२०,८२०७२३,३२४६२४(९०) | ईश्वर चिलुवाल/१७०३९(छोरा) |
| ४३. | जानुका देवी कार्की/४४०३५ | २०७०/१२/२१ | ४६४०५६,७६२०४६,६४७६०७,२६४४११,१०५०४(१७८) | मनोहर कार्की/८८६/१५३१(छोरा) |
| ४४. | केहेर सिहं लुंगेली मगर/२२५/९८४ | २०५४/०९/१४ | ५८६१,७५७७४३,४५९७२०,२६००१८(१०४) | जस बहादुर लुंगेली मगर/८६३/१५२(छोरा) |
| ४५. | परमेश्वरी देवी हलुवाई/४४१८२४९१ | २०६९/०९/०७ | २५४७८,२७८४५८,४७७९३३(८७) | राजकुमार प्रसाद साह/४४१८३१४०(छोरा) |
| ४६. | माया गौतम/२८८ | २०६९/०९/२० | ११२१८४,५५४१९९,८५१२१४,३५६७१९(५९) | डिल्लीराज गौतम/१२३(पति) |
| ४७. | मनेजर साह बनिया/३०९८ | २०६७/०६/०१ | ७९०६२९,२९३५८५,४९२८४२,४१३३३(४५) | नागेन्द्र प्रसाद/२९५६/०३४९(छोरा) |
| ४८. | ज्ञान बहादुर आले/७०४९२०७६४ | २०६०/०२/२० | ३३२६०,२८५९७४,४८५३३८,६५६७२२,७८३१९१(६८) | कौशिला कुमारी आले/१८१०७४/४९(छोरी) |
| ४९. | तारा अर्याल/८७६८७ | २०७४/०२/२२ | हितग्राही नं :१३०११२०००००३१९७३(५३७) | राजेन्द्र प्रसाद अर्याल/७४०(पति) |
| ५०. | शुशिल लाल कर्ण/७०६१०४६६ | २०७२/०६/११ | १०३१२१,३५०४२७,८४५९२०,५४८६४६,६८६०१४(३००) | महालक्ष्मी देवी कायस्थ/७०६११४५८(पत्नी) |
| ५१. | कुशल बहादुर मल्ल/२७४/२०२१ | २०६४/०६/१५ | ३०२२१४,५०१३१७,७९९०३०,६६३९२६,७५२३४६(२२३) | सुफल शाही मल्ल/३८५८/१३९०(छोरी) |
| ५२. | कौशिला चौधरी/४२७४२८७४ | २०६७/१०/२१ | ७२५३४७,६०३९३४,४१०६९२,१७८५९८,८९९७८९(१०९) | तपेश्वर चौधरी कलवार/३९१(पति) |
| ५३. | बुद्धि प्रसाद ज्ञवाली | २०५६/०६/२३ | ५३७८५६,३३९३४७,९१२२१,६८१३४२,८३५१९९(१३८) | लक्ष्मण ज्ञवाली/३९१०४८/१२२(छोरा) |
| ५४. | पुष्प लाल तुम्वाहाङ्फे/३५० | २०६७/११/१९ | ७७३२३७,२७५८११,४७५३१४,२२६९३,६५३१३३(९०) | अन्जू सुब्बा लिम्बु/३५८९४/३९३(छोरी) |
| ५५. | तुलसीमान श्रेष्ठ/४/९६४ | २०७३/०८/२५ | ३२५७९५,७६९९१,८२१८६४,६७६०३८,५२४४३३(३१३) | भगवती श्रेष्ठ/८५५(पत्नी) |
| ५६. | गुण राज लामिछाने/३०९ | २०५३/०१/१५ | ६२५२३,३१२४७५,५११२९१,८०८८१९(१०६) | रामचन्द्र लामिछाने/२१८८७/३०५७(छोरा) |
| ५७. | शलिग्राम पराजुली/४५९४९ | २०७४/०३/०५ | हितग्राही नं :१३०११५००००००१५१९(२५९) | मैना पराजुली/४६१००७/६६१(पत्नी) |
| ५८. | गोपाल बहादुर पौडेल/५९५ | २०७२/१२/०१ | ७७२२६५,२७४८३२,४७४३३९,६५२७४०,२१६६६(६५) | गितादेवी पौडेल/२७०२/१५३९(पत्नी) |
| ५९. | भजन लाल धिमाल/५३५९३ | २०६४/१२/१४ | १११९५,४६४७००,२६५०५९,७६२६८७(४४) | बुद्ध मान धिमाल/६७२०/२१८७(छोरा) |
| ६०. | रुद्र प्रसाद अधिकारी/१६०२ | २०७०/०४/०५ | ३१४०३२,५१२८२२,८१०३३२,६७०५२७,६४३२४(६५) | भरत अधिकारी/४८३३८(छोरा) |
| ६१. | कर्णाखर चौलागाई/१०७९/१९० | २०५७/०३/२७ | ६७२९१,५१५४८८,८१२९६९,३१६७४२,६७१९९८(१७८) | केशव चौलागाई/१११११/७०५३(छोरा) |
| ६२. | जीत बहादुर श्रेष्ठ/३४२८/०२६ | २०७२/१०/१० | २०५४३४,४३०१४८,६२१३६२,७३७८१६,९१६९१५(१९८) | रबिन श्रेष्ठ/९१४(छोरा) |
| ६३. | ध्रुव प्रसाद तिमल्सीना/२१४८ | २०७४/०२/१४ | ६६००९२,७९०७५७,२९३७१५,४९२९६९,४१४७१(६५) | निरज तिमल्सीना/३२२०८१/२४१(छोरा) |
| ६४. | एक बहादुर कंडेल/२९९४ | २०७२/१०/२४ | ७९८०६२,४९३७२,६६३३७४,३०११४८,५००३०९(६५) | दुन कुमारी कंडेल/२९९५(पत्नी) |
| ६५. | बल बहादुर खड्का/५०४४ | २०६४/०१/०५ | ६७५५६०,५२३३१२,३२४६४८,८२०७४७,७५७४४(१५९) | सूर्य बहादुर खड्का/५७३४५(छोरा) |
| ६६. | शेर बहादुर श्रेष्ठ | २०७२/०७/२२ | ३१४२५४,५१३०४३,८१०५५१,६७०६६५,६४५७०(१५६) | नारायण श्रेष्ठ/६८२/५९७३७(छोरा) |
| ६७. | दिनानाथ चुंडाली/७९० | २०५६/०१/१२ | १००६५३,३४८२८८,५४६६९१,६८४३९१(७५) | विष्णु प्रसाद शर्मा/१२८०५/६११२(छोरा) |
| ६८. | विष्णु प्रसाद मैनाली/७४६/३६४१२८६ | ३२०६२/०४/२७ | ३६४८८,६५७८२६,२८९०१७,४८८३३४,७८६१६१(६५) | शिव राज मैनाली/३६४१९६०८(छोरा) |
| ६९. | हरि प्रसाद उपाध्याय/७३८४०३१५ | २०६०/०७/०३ | २६२४०,२७९२०१,४७८६७२,६५४४६८,७७६५७७(९४) | कुमार पराजुली/५२११(छोरा) |
| ७०. | शोभि दास राजधोवी/८११६/३५९८ | २०६२/०४/१५ | ४७७३४१,२७७८६२,२४८६२,७७५२४७(४५) | दुर्गा लाल दास/१०२९५(छोरा) |
| ७१. | जगत कुमारी ताम्राकार | २०६७/०८/२७ | २१५७७७,४३६७३८,६२७२७२,९२२७०२(५९) | बिकु नारायण ताम्राकार/५६३६(पति) |
